# पर्यटन पुनरुत्थान रणनीतिक योजना

# २०७८–८२



## पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय न्यूरोड कास्की, गण्डकी प्रदेश

बैशाख २०७८

## शुभकामना

पोखरा महानगरपालिकाले नेपालको पर्यटकीय राजधानीका रुपमा समेत परिचित पोखरा क्षेत्रको आर्थिक वृद्धिको प्रमुख संवाहक पर्यटन उद्योगलाई कोभिड १९ महामारीबाट सिर्जीत प्रतिकुल परिस्थितीसँग सामना गर्न सहयोग पुऱ्याउने उद्देश्यले पर्यटन पुनःउत्थान रणनीतिक योजना तर्जुमा गरेको छ। पर्यटन तथा आतिथ्य सेवाको बृद्धि र विस्तारले शिक्षा, स्वास्थ्य, मनोरञ्जन, वित्तीय सेवा र खेलकुदलगायतका पूरक व्यवसाय र सेवा क्षेत्रलाई विकसीत हुने अवसर प्रदान गर्दै आएको छ।

यस क्षेत्रको उद्योग तथा व्यापारमा निजी लगानी आकर्षित गरि स्थानीयस्तरमा आर्थिक क्रियाकलाप अभिवृद्धि र रोजगारी सृजनामार्फत् महानगरपालिकाको राजस्व परिचालन र सिमान्तीकृत तथा पिछडिएको समुदायको जीवनस्तर सुधारमा समेत पर्यटन उद्योगले उल्लेख्य सहयोग पुऱ्याएको छ। पछिल्लो समय विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथामका लागि चालिएका प्रतिवन्धात्मक कदमले गर्दा विश्व अर्थतन्त्रसँगै पर्यटन तथा आतिथ्य उद्योग र यससँग जोडिएका अधिकांश सहायक व्यवसायहरु नराम्रो सँग प्रभावित भएका छन्।

यस्तो विषम परिस्थितीमा पोखराको पर्यटन उद्योगमा महामारीको प्रतिकुल असर न्यूनिकरण गर्न, जतिसक्दो छिटो पुनःउत्थान गर्न र महामारीपूर्वको अवस्थामा फर्काएर थप समावेशी र उत्थानशील बन्न टेवा पुऱ्याउन यस रणनीतिक योजनाको महत्वपूर्ण योगदान रहने मेरो विश्वास छ। पर्यटन उद्योगलाई जिवन्तता प्रदान गर्न यस योजनामा तत्कालिन, मध्यकालिन र दिर्घकालिन रणनीतिहरु पहिचान गरि कार्यान्वयनयोग्य ढाँचामा प्रस्तुत गरिएको छ। संघ तथा प्रदेश सरकारका साथै निजी क्षेत्र र अन्य सरोकारवाला सँगको समन्वय र सहकार्यमा यसको कार्यान्वयनका लागि महानगरपालिका प्रतिवद्ध छ। मलाई विश्वास छ, यो योजनाको कार्यान्वयनले पोखरा क्षेत्रको पर्यटन उद्योगलाई मन्दीको अवस्थाबाट पुनःजिवन प्राप्त गर्न र भविष्यमा थप फस्टाउन अवश्य मद्दत गर्नेछ।

योजना तर्जुमामा मार्गदर्शन प्रदान गर्ने श्रीमान नगर प्रमुख, उप-प्रमुखलगायत जनप्रतिनिधिज्यूहरु र प्राविधिक सहयोग उपलब्ध गराउने सुदृढ परियोजना प्रति हार्दिक आभार प्रकट गर्दछु। योजना तर्जुमामा सक्रीय भुमिका निर्वाह गर्ने विज्ञ परामर्शदाता, महानगरपालिकाका र शहरी योजना आयोगका साथीहरुका साथै अमूल्य सल्लाह सुझाव प्रदान गर्ने निजी क्षेत्रका उद्योगी व्यवसायीहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

**२०७८ बैशाख**

**महेश बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


## परिच्छेद १ : पर्यटन पुनरुत्थान रणनीतिक योजनाको परिचय

१.१ पृष्ठभूमि ........ १
१.२ रणनीतिक योजनाको औचित्य एवम् सान्दर्भिकता ........ १
१.३ रणनीतिक योजनाका उद्देश्यहरू ........ २
१.४ योजनामा प्रभाव पार्ने तत्त्वहरू ........ ३
१.५ रणनीतिक योजना तर्जुमाको विधि र प्रक्रिया ........ ४
१.५.१ सम्बद्ध पक्षहरूबीच छलफल एवम् कार्यशाला गोष्ठी ........ ४
१.५.२ सरोकारवाला संस्थाहरूसँग अन्तर्क्रिया एवम् छलफल कार्यक्रम ........ ५
१.५.३ पोखराका स्थानीय उद्यमी, सामाजिक एवम् विज्ञ व्यक्तिहरूसँग छलफल ........ ५
१.६ रणनीतिक योजनाका मान्यताहरू ........ ५
१.७ सरोकारवालाहरूको अपेक्षित भूमिका ........ ६

## परिच्छेद २ : पोखराको भू-भौतिक एवम् आर्थिक अवस्था र पर्यटन

२.१ पोखराको परिचय ........ ७
२.२ भौगोलिक अवस्थिति र हावापानी ........ ७
२.३ प्राकृतिक सम्पदा र जैविक विविधता ........ ८
२.४ आर्थिक तथा सामाजिक अवस्था ........ ८
२.५ धार्मिक एवम् सांस्कृतिक सम्पदा ........ ९
२.६ ऐतिहासिक एवम् पुरातात्विक सम्पदा ........ १०
२.७ पर्यटन विकासको अवस्था ........ १०

## परिच्छेद ३ : पर्यटनमा कोभिड-१९ को प्रभाव एवम् अवस्था विश्लेषण

३.१ पोखरामा पर्यटनको विगत र वर्तमान ........ १२
३.२ पोखराको पर्यटनमा योजनावद्ध विकासका प्रयास ........ १२
३.३ पोखराको पर्यटनमा कोभिड-१९ बाट सृजित असर ........ १४
३.३.१ पोखराका पर्यटकीय उपज र आतीथ्य सेवासुविधा ........ १६
३.३.२ पर्यटन क्षेत्रमा लगानी, आय, रोजगारी र बजेटको व्यवस्था ........ १७
३.३.३ पोखराको पर्यटन ब्रान्डिङ, प्रवर्द्धन र बजारीकरण ........ १९
३.३.४ नवसामान्य अवस्थामा पर्यटन प्रवर्द्धनका सम्भावनाहरू ........ २०
३.४ पर्यटन प्रवर्द्धन एवम् पुनरुत्थानका अवसर र चुनौतीहरूको विश्लेषण ........ २१
३.४.१ यातायात, आवास तथा खानाको प्रबन्ध ........ २१

३.४.२ पर्यटकीय सेवासुविधा र गतिविधिहरू........................................................२२
३.४.३ पर्यटन पूर्वाधार एवम् उपजको विकास र विविधिकरण ..........................................२३
३.४.४ पर्यटन प्रवर्द्धनका लागि ब्रान्डिङ र बजारीकरण..................................................२४
३.५ कोभिड प्रभाव पुनरुत्थानमा सरोकारवालाको भूमिका..................................................२५

## परिच्छेद ४ : पर्यटन पुनरुत्थानका लागि रणनीतिक योजना

४.१ पृष्ठभूमि..........................................................................................२८
४.२ योजनाका उद्देश्य एवम् रणनीतिहरू.......................................................................२८
४.४ रणनीतिक योजनाका निर्देशक सिद्धान्तहरू ..............................................................२९
४.४.१. निजी क्षेत्रको सक्रिय सहभागितामा सामुदायिक एवम् सरकारी अग्रसरता............................२९
४.४.२. जैविक तथा सांस्कृतिक विविधताको संरक्षण एवम् व्यवस्थापन.....................................३०
४.४.३. एकीकृत एवम् दिगो पर्यटन विकास र प्रवर्द्धनको अवधारणा ........................................३०
४.४.४. गुणात्मक पर्यटन, क्षमता अभिवृद्धि एवम् जीवनस्तरमा सुधार.......................................३१
४.५ रणनीतिक कार्यक्रमहरूको प्राथमिकीकरण ...............................................................३१
४.६ योजना कार्यान्वयनको प्रस्तावित बजेट.....................................................................३२
४.७ रणनीतिक कार्ययोजना २०७८–८२.........................................................................३२
४.८ योजनामा प्रस्तावित पूर्वाधार विकास तथा व्यवस्थापनका कार्यक्रमहरू.................................४५

## परिच्छेद ५ : कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

५.१ योजना तर्जुमा तथा कार्यान्वयन ..........................................................................४६
५.२ योजना कार्यान्वयनको अनुगमन र मूल्यांकन...............................................................४६
५.३ अनुगमन तथा मूल्यांकन कार्य ............................................................................४६
५.४ अनुगमन तथा मूल्यांकनका विधिहरू.......................................................................४७
५.५ अनुगमन तथा मूल्यांकन कार्यमा सरोकारवालाहरूको भूमिका ...........................................४७
५.५.१ पोखरा महानगरपालिका....................................................................................४८
५.५.२ जिल्ला समन्वय समिति एवम् स्थानीय गाउँपालिका ........................................................४८
५.५.३ नेपाल पर्यटन बोर्ड, पोखरा................................................................................४८
५.५.४ पोखरा पर्यटन परिषद् एवम् पर्यटन व्यवसायी संघसंस्था.....................................................४९
५.५.५ योजना कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति.......................................................४९
अनुसूची १ : कार्यशालामा समूहगत प्रस्तुतिबाट प्राप्त सुझाव र सम्भावित कार्यक्रम ..........................५०
अनुसूची २ : पोखराको ब्रान्डिङका लागि कार्यशालामा सुझाइएका प्रस्तावित नारा ...........................५२
अनुसूची ३ : रणनीतिक योजना तर्जुमाको चरणमा संपादीत कार्य ...........................................५३

# तालिका सूचि

तालिका १ : नेपालमा पर्यटन संवन्धित नीति, योजना र ऐन नियम............................................................३
तालिका २: रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनका लागि सरोकारवालाको भुमिका............................६
तालिका ३ : सामान्य एवम् नवसामान्य अवस्थामा पोखराका पर्यटकीय उपज र गतिविधि .........................१६
तालिका ४ : नेपाल र पोखरामा पर्यटन आगमन, रोजगारी र लगानीको तूलनात्मक अवस्था....................१७
तालिका ५ : २०७७□७८ मा पर्यटन क्षेत्रका लागि प्रस्तावित कार्यक्रम र विनियोजित रकम ....................१८
तालिका ६ : पोखराको पर्यटन प्रवर्दन र ब्रान्डिङका लागि विगतको प्रयास ................................................१९

# परिच्छेद १

# पर्यटन पुनरुत्थान रणनीतिक योजनाको परिचय

## १.१ पृष्ठभूमि

अमेरिकी लेखिका सिल्भिया ब्राउनले सन् २००८ जुलाईमा ***'इन्ड अफ डेज'*** पुस्तक प्रकाशन गर्दा सन् २०२० मा महामारी हुने घोषणा नै गरेकी थिइन् । अन्ततः उनको त्यो घोषणा कुनै संयोग वा अनुमानमात्रै रहेन यथार्थ नै बन्यो, कोरोना भाइरस (कोभिड-१९) संसारभर फैलियो । मित्रराष्ट्र चीनको हुवेई प्रान्तको राजधानी वुहानबाट सुरु भएको नोबल कोरोना भाइरस (कोभिड-१९) ले विश्वलाई त्रस्त पार्दै शक्तिशाली राष्ट्रका राज्यसंयन्त्रलाई समेत ठप्प बनाइदियो । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले निमोनिया गराउने भाइरसको यस्तो संक्रमणलाई अन्तर्राष्ट्रिय महामारी भन्दै आपत्काल घोषणा गऱ्यो । रोकथामका लागि वैज्ञानिकहरूले करिब एक वर्ष अनवरत् प्रयास गरेपछि भ्याक्सिनको परीक्षणमा सफलता प्राप्त भयो । अर्कोतर्फ अमेरिका, युरोपलगायत कतिपय देशमा भाइरसको दोस्रो लहरसमेत देखिएको छ । डब्ल्यूएचओले कोरोना भाइरसको उच्च जोखिम क्षेत्रमा नेपाललाई पनि राखिसकेको अवस्थामा पुनः संक्रमणको सन्त्रासलाई दृष्टिगत गर्दै सावधानी अपनाउनु आवश्यक छ । गत वर्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाललाई 'कोरोनामुक्त क्षेत्र' दाबी गर्दै पर्यटनसम्बद्ध गतिविधि जारी राख्न खोजियो । तर डब्ल्यूएचओको संक्रमणकाल घोषणासँगै पर्यटन प्रवर्द्धनको उद्देश्यले घोषित नेपाल भ्रमण वर्ष २०२० का सम्पूर्ण कार्यक्रम रद्द गर्ने बाध्यात्मक परिस्थिति सिर्जना हुन गयो ।

२०७६ चैत ११ गतेदेखि लागेको लकडाउन र निषेधाज्ञाले राज्यका विभिन्न निकाय शिथिल एवम् कमजोर बनाएको छ । नेपालको अर्थतन्त्र ६.५ प्रतिशतको आर्थिक वृद्धिको लयमा हिँडिरहेको अवस्थामा बन्दाबन्दीले गर्दा २.३ प्रतिशतमा खुम्चिन पुगेको छ । र, यसको असर जनजीविकामा प्रत्यक्ष परिरहेको अवस्था छ । कोभिड-१९ले मूलतः शिक्षा, यातायात, पर्यटनजस्ता सेवामूलक क्षेत्रलाई अति नराम्रोसँग प्रभाव पारेको छ । विशेषगरी पोखरा र पर्यटकको गन्तव्य बन्दै आएका अन्य स्थानमा कोभिड-१९ को प्रभावले गतिविधि शून्यजस्तै हुन पुगेको छ । यसर्थ, पोखरा महानगरपालिकाको अग्रसरतामा समग्र पोखरा क्षेत्रको पर्यटनलाई पुनरुत्थान गर्ने सन्दर्भमा आवश्यक तत्कालीन एवम् रणनीतिक कार्यक्रमहरूलाई समावेश गरी यो रणनीतिक योजना तर्जुमा गरिएको छ ।

## १.२ रणनीतिक योजनाको औचित्य एवम् सान्दर्भिकता

प्राकृतिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपालमा आर्थिक-सामाजिक रुपान्तरणका लागि पर्यटन विकासको राम्रो सम्भावना छ । त्यसमा पनि गण्डकी प्रदेशको राजधानीसमेत रहेको पर्यटकीय सहर पोखरा र आसपासको क्षेत्र पर्यटन विकासका लागि अत्यन्त उर्वरभूमिका रुपमा प्रसिद्ध छ । तर पर्यटन अत्यन्तै प्रतिस्पर्धी उद्योग भएकोले यथोचित प्रवर्द्धन नगरी सोचेअनुरुप पर्यटक भित्राउन सकिँदैन । यसको सफलताको मुख्य आधार भनेको अतिथि सत्कारका साथै आकर्षक सेवा-सुविधा, पर्यटन पूर्वाधार विकासका लागि यथेष्ट लगानी, ब्रान्डिङसहितको प्रवर्द्धन तथा बजारीकरण हो । यसका साथै स्वास्थ्य र सरसफाइ, सुरक्षा प्रबन्ध र कुनै पनि

ठाउँमा स्वतन्त्रतापूर्वक निर्धक्क घुमफिर गर्न पाउने वातावरणको प्रत्याभूति, गन्तव्यसम्म पुग्ने सहज र सस्तो हवाई तथा सडक यातायात आवश्यक पर्छ । आफूले छनोट गरेको र तिरेको पैसाअनुसारको आवास तथा यातायातको गुणस्तर, आतिथ्यता एवम् सेवाको स्तरीयता र पर्यटकसँग हुने कुराकानी, पर्यटकीय क्षेत्रमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू र वातावरणको संरक्षण, विकास र सुव्यवस्थापन हुनु जरूरी छ । साथै, पर्यटन व्यवसाय खोल्न र सञ्चालन गर्नका लागि सहज प्रक्रिया तथा आवश्यक सहयोग प्रदान गर्ने उपयुक्त संयन्त्र एवम् पद्धतिको पनि विकास हुनुपर्छ ।

सामान्य अवस्थामा पनि पर्यटन क्षेत्रलाई चलायमान बनाउन प्रवर्द्धनात्मक गतिविधिको निरन्तरता आवश्यक पर्छ । त्यसमा पनि अहिलेको कोभिड-१९ बाट सिर्जित अवस्थामा उपयुक्त उपायद्वारा पर्यटन क्षेत्रलाई चलायमान वा पुनरुत्थान गर्नु आवश्यक देखिन्छ । पर्यटकीय सहर पोखरामा करिब चार खर्ब रुपैयाँ लगानीमा खुलेका लगभग दुई हजार पर्यटन व्यवसाय पूर्ण रूपमा बन्द रहेको अवस्था छ । करिब ३० प्रतिशत व्यवसायी पेशाबाटै पलायन हुने अवस्था सृजना भएको छ । पोखराको पर्यटन क्षेत्रमा आवद्ध करिब ७५ हजार जनशक्तिमध्ये ७० प्रतिशतको रोजगारी गुमेको अवस्था छ । नेपाल पर्यटन बोर्डका अनुसार पोखरा आउने प्रतिपर्यटकले प्रतिदिन गर्ने खर्च र औसत बसाइ अवधिलाई आधार मान्दा वार्षिक करिब पाँचलाख विदेशी पर्यटक आउने गरेका छन् । तिनीहरूबाट हुने आम्दानी करिब चार अर्ब ६० करोड अहिले गुमेको स्थिति छ । यसबाट पोखरा महानगरसँगै पर्यटकीय आम्दानी गर्ने राज्यका सम्बन्धित निकायमा समेत गम्भीर धक्का लागेको अवस्थालाई दृष्टिगत गर्दै यस क्षेत्रको पर्यटन पुनरुत्थानका लागि विशेष पहल गर्नु आवश्यक देखिन्छ । यसर्थ, अहिलेको नयाँ तथा सामान्यउन्मुख अवस्थामा पोखराको पर्यटनलाई पुनरुत्थान गर्नका लागि ब्रान्डिङका साथै प्रवर्द्धन गर्न रणनीतिक कार्ययोजनाको आवश्यकता छ ।

## १.३ रणनीतिक योजनाका उद्देश्यहरू

पोखरा क्षेत्रको पर्यटनलाई कोभिड-१९ को प्रभावबाट पुनरुत्थान गर्न आवश्यक पर्यटन ब्रान्डका साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारसम्म प्रवर्द्धन गर्नु नै यस रणनीतिक कार्ययोजनाको मुख्य उद्देश्य रहेको छ । ती उद्देश्यहरू निम्न बमोमिज छन् :

**क**) पोखरा सहर भ्रमणका लागि सुरक्षित छ भन्ने सन्देश दिने गरी आन्तरिक तथा वाह्य बजारमा पोखराको पर्यटनलाई ब्रान्डिङसहित प्रवर्द्धन गर्ने ।

ख) नवीनतम सामान्य अवस्थामा पोखरामा रहेका समग्र पर्यटकीय उपजलाई विकास, विस्तार तथा विविधिकरण गर्न तत्काल आवश्यक रणनीतिक कार्यक्रमहरू तय गर्ने ।

ग) कोभिडको प्रभावबाट शिथिल बनेको पर्यटन उद्योगलाई चलायमान बनाउन विभिन्न तहका सरकारबाट चाल्नुपर्ने उपयुक्त नीतिगत विषयमा सुझावहरू प्रस्तुत गर्ने ।

घ) नवीनतम सामान्य अवस्थामा पोखरालाई पर्यटकीय हबको रूपमा दिगो विकास एवम् व्यवस्थापन गर्न सुरक्षित पर्यटकीय सेवा, गुणस्तरीय सुविधा एवम् क्षमता अभिवृद्धिबारे आवश्यक रणनीतिक कार्यक्रमहरू प्रस्तुत गर्ने ।

## १.४ योजनामा प्रभाव पार्ने तत्त्वहरू

प्रस्तुत योजना पर्यटन पुनरुत्थान र प्रवर्द्धनसँग सम्बन्धित रहेकाले पोखरा क्षेत्रमा रहेका पर्यटकीय आकर्षणयुक्त ताल, नदी, खोला, गुफा, वन, वातावरण र धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यसर्थ यो रणनीतिक योजना तयार गर्ने क्रममा स्थानीय धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र पर्यटन विकाससँग सम्बन्धित प्रचलित नेपाल कानुन, ऐन, नियमावली, नीतिनियमहरु तथा राज्यका सम्बन्धित निकायबाट जारी गरिएका मार्गनिर्देशिका र रणनीति अनुशरण गरिएको हुँदा योजना कार्यान्वयनको क्रममा पनि यथोचित ध्यान दिनु आवश्यक छ । नेपालको चालु आवधिक विकास योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, नेपालको राष्ट्रिय पर्यटन रणनीति, पर्यटन नीति, प्राकृतिक एवम् सांस्कृतिक स्रोत-सम्पदाहरूको संरक्षण तथा विकास सम्बन्धी नीतिनियम, ग्रामीण एवम् सामुदायिक कृषि पर्यटन विकाससँग सम्बन्धित निर्देशिकाहरूलाई समेत ध्यानमा राखी प्रस्तुत योजना बनाइएको छ । यसकारण उल्लिखित नीतिनियम र योजनाका रणनीतिहरूलाई आवश्यक ध्यान पुर्‍याएर मात्र योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाइने छ ।

नेपालमा व्यवस्थित पर्यटन विकास गर्न जर्मन सरकारको सहयोगमा तयार गरिएको ‘पर्यटन गुरुयोजना १९७२’ नेपालमा योजनावद्ध पर्यटन विकासको पहिलो दस्तावेज हो । यसै गुरुयोजनाको आधारमा नेपालको पर्यटन क्षेत्रलाई थप व्यवस्थित बनाउनका लागि पर्यटन मन्त्रालय स्थापना गर्नुका साथै पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पर्ने तथा यसलाई प्रभाव पार्ने अन्य ऐन-कानुन र नीतिनियमहरू पनि क्रमशः बन्दै आएका छन् । पर्यटन सम्बन्धी यस्ता नीतिनियमहरू सन् १९९० को दशकमा धेरै बनेका देखिन्छन् । त्यसमध्ये नेपाल पर्यटन बोर्ड ऐन, २०५३ का आधारमा नेपालको पर्यटन प्रवर्द्धनमा सरकारी तथा निजी क्षेत्रको सहकार्य बोर्डमार्फत् हुँदै आएको छ । सन् २००९ मा नेपाल सरकारले निजी क्षेत्रको समेत सहभागिता र साझेदारीमा पर्यटनको दीर्घकालीन दृष्टिकोण (‘टुरिज्म भिजन’) २०२० तयार पारेको थियो । समग्रमा यस पर्यटन पुनरुत्थान एवम् प्रवर्द्धन रणनीतिक योजना प्रभावित हुन सक्ने राज्यको ऐन एवम् नीतिनियमहरू निम्नानुसार रहेका छन् :

**तालिका १ : नेपालमा पर्यटन संवन्धित नीति, योजना र ऐन नियम**

| ऐन, नीति तथा योजना | नियमावली, निर्देशिका तथा कार्यविधिहरू |
|---|---|
| सन् १९५६, नेपालमा पहिलोपल्ट पञ्चवर्षीय योजना सुरु | सन् १९८१ होटल, लज, रेस्टुराँ, बार र भ्रमण सञ्चालक (टुर अपरेटर) नियमावली (रेगुलेसन) २०३८ अन्तिम संशोधन (सन् २०१३) |
| सन् १९७२, पर्यटन गुरुयोजना तयार | सन् १९८१ विमानस्थल सञ्चालन नियमावली |
| सन् १९७८, पर्यटन ऐन २०३५ लागू, | सन् १९८९ उडान सुरक्षाका नियमहरू, |
| सन् १९९२, वैदेशिक सहयोग तथा प्रविधि हस्तान्तरण ऐन लागू, | सन् १९९४ अध्यागमन नियमावली, २०५१ |

| | |
|---|---|
| सन् १९९२, अध्यागमन ऐन, २०४९ | सन् १९९६, नागरिक उड्डयन नियमावली |
| सन् १९९३, राष्ट्रिय हवाई नीति २०५० (उदार नीति लागू) | सन् १९९८ नेपाल पर्यटन बोर्ड नियमावली, २०५५ |
| सन् १९९५, पर्यटन नीति २०५२, नयाँ नीति २०६५ लागू | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ |
| सन् १९९६, नेपाल नागरिक उड्डयन ऐन, २०५३ | वातावरण संरक्षण नियमावली २०५६ |
| सन् १९९६, नेपाल वायुसेवा निगम ऐन, २०५३ | प्राचीन स्मारक संरक्षण नियमावली २०५८ |
| वातावरण संरक्षण ऐन २०५३ | सन् २००२ पर्वतारोहण नियमावली, २०५९ |
| सन् १९९७, नेपाल पर्यटन बोर्ड ऐन, २०५३ | सन् २००२, पदयात्रासम्बन्धी नियम, २०५९ |
| राष्ट्रिय सिमसार नीति २०५९ | सन् २०१०, हामेस्टे स्थापना एवम् सञ्चालन कार्यविधि २०६७ |
| प्राचीन स्मारक संरक्षण ऐन २०६६ | सयजना भन्दा बढी विदेशी पर्यटक भित्राउने अनुदान कार्यविधि, २०६८ |
| सन् २००९ 'टुरिज्म भिजन २०२०' | बिदा पर्यटन सम्बन्धी कार्यविधि, २०७० |
| सन् २०१६, नेपाल राष्ट्रिय पर्यटन रणनीतिक योजना | कृषि पर्यटन कार्यविधि २०७४ |
| राष्ट्रिय जैविक विविधता सम्बन्धी रणनीति, २०७१ | सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि २०७५ |
| बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ | |
| सन् २०२०, गण्डकी प्रदेश प्रथम पञ्चवर्षीय योजना सुरु | |

***स्रोतः लेखकबाट संकलित***

## १.५ रणनीतिक योजना तर्जुमाको विधि र प्रक्रिया

यस रणनीतिक योजना तर्जुमाको लागि सरोकारवालाहरूको सहभागितामा कार्यशालामूलक गोष्ठी एवम् अन्तर्क्रियात्मक छलफल कार्यक्रम विधिमार्फत् आवश्यक जानकारी संकलन गरिएको थियो । योजनाको रणनीतिक कार्यक्रम तयार गर्ने सन्दर्भमा पोखरास्थित स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि, होटल, रेस्टुराँ, ट्राभल्स एवम् ट्रेकिङलगायतका पर्यटन व्यवसायी संलग्न संघसंस्थाका प्रतिनिधि एवम् सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरूसँगको अन्तर्क्रियात्मक छलफलबाट आवश्यक सुझावहरू संकलन गरिएको थियो ।

### १.५.१ सम्बद्ध पक्षहरूबीच छलफल एवम् कार्यशाला गोष्ठी

पोखराको पर्यटनसम्बद्ध सरकारी तथा निजी व्यवसायी एवम् अन्य सरोकारवालाबीच योजना तर्जुमाको आपसी सहमति निर्माण गर्न र विषयगत अवधारणा स्पष्ट पार्दै आश्यक पृष्ठपोषणका लागि एकदिने कार्यशालामूलक गोष्ठी आयोजना गरिएको थियो । सरोकारवालाहरू सहभागी रहेको गोष्ठीमा समूहगत छलफल एवम् प्रस्तुतिबाट प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा योजनाको रणनीति र कार्यक्रम तयार गरिएको छ । पोखराका पर्यटन व्यवसायसम्बद्ध संघसंस्थाका प्रतिनिधिहरू, महानगर कार्यपालिका एवम् संघीय तथा प्रादेशिक सरकारका सम्बन्धित निकायहरूसमेतको सहभागितामा २०७७ असोज २७ गते पोखरा लेकसाइडस्थित होटल सरोबरको परिसरमा उल्लिखित कार्यशालामूलक गोष्ठी सम्पन्न गरिएको थियो । पर्यटनसम्बद्ध स्थानीय व्यवसायी, स्थानीय जनप्रतिनिधि एवम् सरकारी सरोकारवालाहरूको सक्रिय सहभागितामा तयार गरिएको प्रस्तुत रणनीतिक योजना पर्यटनमा देखिएको संकटलाई व्यवस्थापन गर्दै पुनरुत्थान गर्नका लागि नमूना हुने अपेक्षा गरिएको छ ।

### १.५.२ सरोकारवाला संस्थाहरूसँग अन्तर्क्रिया एवम् छलफल कार्यक्रम

योजना तर्जुमा गर्ने क्रममा पोखरास्थित संघीय एवम् प्रादेशिक सरकारका पर्यटनसम्बद्ध निकायका प्रतिनिधि, महानगरपालिका प्रतिनिधि, नेपाल पर्यटन बोर्ड, पश्चिमाञ्चल होटल संघ, नाटा पोखरा, टान पोखरा, रेबान पोखरालगायतका पर्यटन व्यवसायसँग जोडिएका संघसंस्थाका प्रतिनिधिहरूसँग अन्तर्क्रिया एवम् समूहगत छलफल गरिएको थियो । उक्त छलफलबाट प्राप्त तथ्यहरूको समेत विश्लेषण गरी आवश्यक पर्यटन प्रवर्द्धन तथा पुनरुत्थान गर्न रणनीतिक कार्यक्रम तय गरिएको छ।

### १.५.३ पोखराका स्थानीय उद्यमी, सामाजिक एवम् विज्ञ व्यक्तिहरूसँग छलफल

यो रणनीतिक योजना तयार पार्ने सन्दर्भमा पोखरा उद्योग वाणिज्य संघका प्रतिनिधि, स्थानीय उद्यमी तथा व्यवसायी, धार्मिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधि, विषयगत विज्ञका साथै पर्यटन क्षेत्रमा कार्यरत जनशक्तिसँग पनि कोभिड-१९ बाट प्रभावित पोखराको पर्यटनको अवस्थाबारे छलफल तथा परामर्श गरिएको थियो । पोखरा क्षेत्रका धार्मिक तथा सांस्कृतिक सम्पदासम्बद्ध प्रतिनिधि, ग्रामीण कृषि तथा घरबास पर्यटन विकास एवम् व्यवस्थापनसँग सम्बन्धित व्यक्तिसँग पनि आवश्यक तथ्यगत जानकारी लिइएको थियो । उल्लिखित क्षेत्रका व्यक्तिसँग पर्यटन पुनरुत्थान, विकास र व्यवस्थापनसँग सम्बन्धित सवाल, सबल पक्ष तथा सुधार गर्नुपर्ने पक्षको विश्लेषणपश्चात् सम्भाव्य रणनीतिक कार्यक्रमहरूको पहिचान गरिएको छ।

## १.५ रणनीतिक योजनाका मान्यताहरू

प्रस्तुत रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धि सुनिश्चित गर्न सरोकारवाला संघसंस्था र स्थानीय सरकार एवम् राज्यका सम्बन्धित निकायको यथोचित अग्रसरता अपेक्षा गरिएको छ । यो योजनाको तर्जुमा एवम् प्रभावकारी कार्यान्वयनबाट सरोकारवाला पक्षहरूमा आवश्यक उपलब्धि एवम् पर्यटन पुनरुत्थानमा ठोस उपलब्धि हासिल हुने विश्वास गरिएको छ । यो पर्यटन पुनरुत्थान तथा प्रवर्द्धन रणनीतिक योजना कार्यान्वयन सम्बद्ध सबै सरोकारवाला पक्षहरूको आपसी सहमति र सहकार्यमा गरिने छ । योजनाले स्थानीय सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय सम्पदाहरूको संरक्षण एवम् व्यवस्थापन गर्दै गुणस्तरीय सेवासहितको अतिथि सत्कार र साहसिक खेलकुद तथा मनोरञ्जनमूलक गतिविधि सञ्चालन गरी पर्यटन विकास गर्ने आमराष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनहरूलाई आत्मसाथ गर्दै निम्नलिखित मान्यता यो रणनीतिक योजनाले अनुशरण गरेको छ :

१. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरी पोखरा क्षेत्रको पर्यटन पुनरुत्थान गर्ने ।

२. प्रस्तुत योजनाको कार्यान्वयन, उपलब्धि र अवसरमा स्थानीय पर्यटन व्यवसायी एवम् समुदायका सरोकारवालाको सहभागितामा पहुँच पुर्‍याउने ।

३. पोखराका पर्यटकीय सम्पदाहरूको संरक्षण एवम् यथोचित व्यवस्थापन गरी यस क्षेत्रमा दिगो पर्यटनको विकास गर्ने अवधारणाअनुरुपका गतिविधि र कार्यक्रम सञ्चालन गर्ने ।

४. पर्यटन विकास तथा प्रवर्द्धनसँग सम्बन्धित सरकारी निकाय, विज्ञ तथा सामाजिक व्यक्तित्व एवम् महानगर क्षेत्रमा रहेका पर्यटनसम्बद्ध सबै संघसंस्थाका प्रतिनिधिबीच छलफल गरी पोखराको पर्यटन ब्रान्ड आमसहमतिमा तयार गर्ने ।

५. प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको संरक्षणका साथै एकीकृत पर्यटन विकाससँग सरोकार राख्ने सबै क्षेत्रलाई दृष्टिगत गर्दै योजना तर्जुमा गरिएकाले सम्बन्धित पक्षहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्न जोड दिने ।

## १.६ सरोकारवालाहरूको अपेक्षित भूमिका

प्रस्तुत पर्यटन प्रवर्द्धन रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार र जिल्लास्थित विभिन्न सरोकारवाला कार्यालयको महत्वपुर्ण भूमिका रहन्छ । योजना तयारीको क्रममा पोखरा महानगरले राखेको पोखराको पर्यटन पुनरुत्थान एवम् प्रवर्द्धन सम्बन्धी रणनीतिक सोचको सवालहरूलाई समग्रतामा सम्बोधन गर्ने प्रयास गरिएको छ । यो योजनाको तर्जुमा तथा कार्यान्वयनका सन्दर्भमा पहिचान भएका मुख्य सरोकारवाला र तिनका भूमिकाबारे तल तालिका नं. २ मा सबिस्तार उल्लेख गरिएको छ ।

**तालिका २: रणनीतिक योजनाको तर्जूमा र कार्यान्वयनका लागि सरोकारवालाको अपेक्षित भुमिका**

| सरोकारवाला संघसंस्थाहरूको नाम | सरोकारवाला निकायहरूको अपेक्षित भूमिका एवम् जिम्मेवारी |
|---|---|
| पोखरा महानगरपालिका | योजना कार्यान्वियनका लागि स्रोत परिचालन, अनुगमन तथा मूल्यांकन गर्ने । |
| स्थानीय गाउँपालिकाहरू | योजनाको कार्यान्वियनमा स्थानीय तह एवम् सामुदायिक संस्थासँग समन्वय गर्ने । |
| जिल्ला समन्वय समिति कास्की | योजना कार्यान्वयनका लागि स्थानीय सम्पदाको संरक्षण तथा स्रोत परिचालनमा समन्वय गर्ने । |
| जिल्लास्थित वन, कृषि, पशुसेवा, शिक्षा र घरेलु तथा साना उद्योग विकास आदि कार्यालय | योजना कार्यान्वियनमा स्थानीय स्रोत परिचालन एवम् स्थानीय समुदायलाई आवश्यक प्राविधिक सीप तथा ज्ञानमा सहयोग गर्ने । |
| पोखरा उद्योग वाणिज्य संघ र स्थानीय जिल्लाका उद्योग वाणिज्य संघहरू | पर्यटन प्रवर्द्धन तथा योजना कार्यान्वियनमा स्थानीय व्यवसायी एवम् सम्बन्धित सरकारी निकाय र निजी क्षेत्रबीच आवश्यक समन्वय गर्ने । |
| पोखरा पर्यटन परिषद् एवम् आवद्ध पर्यटन व्यवसायी संघसंस्थाहरू | पर्यटन प्रवर्द्धन तथा योजना कार्यान्वियनमा स्थानीय एवम् सम्बन्धित सरकारी निकाय र निजी क्षेत्रबीच आवश्यक समन्वय गरी कार्यान्वयन गर्ने । |
| नेपाल पर्यटन बोर्ड, पोखरा | पर्यटन प्रवर्द्धन तथा योजना कार्यान्वियनमा स्थानीय पर्यटन व्यवसायी संघसंस्थासँग आवश्यक समन्वय, कार्यान्वयन एवम् क्षमता अभिवृद्धि गर्ने । |
| संघीय तथा प्रादेशिक तहका पर्यटन मन्त्रालय एवम् आवद्ध निकायहरू | पर्यटन पूर्वाधार विकास एवम् योजना कार्यान्वयनका लागि स्रोत परिचालन, स्थानीय सरोकारवालाको संस्थागत एवम् सामुदायिक क्षमता अभिवृद्धिमा सहयोग । |

# परिच्छेद : २
# पोखराको भू-भौतिक एवम् आर्थिक अवस्था र पर्यटन

## २.१ पोखराको परिचय

भौगोलिक क्षेत्रफलका आधारमा पोखरा नेपाल राज्यमा ठूलो महानगरपालिकाको रुपमा स्थापित छ । यो महानगरमा ३३ वटा वडा छन् । क्षेत्रफलको हिसाबले ४६४.२४ वर्ग किलोमिटरमा फैलिएको पोखरा महानगरपालिका उपत्यका, ताल, नदी, गुफा, खोँच, बेसी र पहाडी भू-धरातलको संगम हो । पोखरा पर्यटन, कृषि र जलविद्युत् क्षेत्रको विकासमार्फत् समृद्धिको ढोका खोल्ने क्षमता बोकेर बसेको छ । प्राकृतिक दृश्यवलोकनदेखि धार्मिक पर्यटनसम्म, हिमाल आरोहणदेखि पदयात्रासम्म, साहसिक खेल प्याराग्लाइडिङदेखि रक क्लाइम्बिङ र बन्जीजम्पसम्म, तालतलैयामा डुंगा सयरदेखि नदीमा कायकिङ र र्‍याफ्टिङसम्मको आनन्द लिने अवसर पोखरामा उपलब्ध छ । यस किसिमका विविध सम्पदाले भरिपूर्ण पोखरा संसारकै सुन्दरतम् र उत्कृष्टमध्ये एक आकर्षक पर्यटकीय गन्तव्य हो । गण्डकी प्रदेशको प्रादेशिक राजधानीसमेत रहेको पोखरा साहसिक पर्यटकीय गतिविधिको सहरका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचित छ । यतिबेला कोरोना कहरबाट सृजित नवसामान्य अवस्थामा पोखराको पर्यटकीय गतिविधिमा नयाँ शैली र प्रयत्नका साथ पर्यटकीय उपज र सेवासुविधाको विस्तार गर्ने आवश्यकता महसुस गरिएको छ ।

## २.२ भौगोलिक अवस्थिति र हावापानी

नेपालको राजधानी काठमाडौंदेखि २०० कि.मि. पश्चिम र नेपाल-भारत सीमाको सुनौलीदेखि १७९ कि. मि. उत्तर-पूर्वमा अवस्थित पोखरा सहर माछापुच्छ्रे हिमालको आधारबाट २८ कि. मि. मात्र दक्षिणमा पर्छ । नेपालको झण्डै मध्यभागमा पर्ने पोखरा पूर्वमा कास्की जिल्लाका रुपा तथा मादी गाउँपालिका, पश्चिममा पर्वतको मोदी र कास्कीको अन्नपूर्ण गाउँपालिका, दक्षिणमा तनहुँको शुक्लागण्डकी र स्याङ्जाको पुतलीबजार नगरपालिका र उत्तरमा कास्की जिल्लाकै माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकाद्वारा वेष्टित छ । पोखरा उपत्यकाको समतलीय भाग भने १२३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ र समुद्री सतहबाट औसत ८२७ मिटरको उचाइमा अवस्थित छ।

पोखरा उपत्यका नेपालको सबैभन्दा बढी पानी पर्ने स्थान हो र यहाँ औसतमा ५६०० मि.मि. वर्षात् हुने गर्छ। आरामदायी हावापानी भएको पोखरामा हिउँदमा सामान्य जाडो र वर्षामा सामान्य गर्मी हुन्छ, जहाँ न्यूनतम २ डिग्री सेल्सियसदेखि अधिकतम ३५ डिग्री सेल्सियससम्म तापक्रम पुग्ने गर्छ। यहाँ विशेष गरी दोमट, बलौटे तथा गेग्रान माटो पाइन्छ भने क्वार्जाइट, फिलाइट, स्यान्डस्टोनजस्ता चट्टान रहेका छन् (गुरुङ २०३५)। पोखरा उपत्यकाको चारैतर्फ ससाना डाँडाहरूमा भिरालो जमिन भएकाले निरन्तर भूक्षय र यदाकदा पहिरो नै पनि जाने गर्छ । उपत्यका वरिपरिको पहाडी बस्तीहरूमा बाक्लो मानव आवादी हुनुका साथै खेतीयोग्य जमिन छोएर बहने खोलाले बगाएर ल्याउने माटोको लेदोका कारण ताल तथा सिमसार क्षेत्र पुरिन गई त्यहाँ रहेका विभिन्न जलचर र जैविक विविधता जोखिममा पर्न सक्ने अवस्था छ । महानगरका कतिपय वडा भौगोलिक रुपमा कठिनाइयुक्त

स्थानसम्म भएकोले सडक यातायातको नियमित सुविधा छैन र एक बस्तीबाट अर्को बस्तीमा पुग्न दुई-चार घण्टासम्म हिँड्नुपर्ने अवस्था छ ।

## २.३ प्राकृतिक सम्पदा र जैविक विविधता

पोखरा क्षेत्र प्राकृतिक छटाले भरिपूर्ण विश्वकै एक अत्यन्त रमणीय स्थान रहेको कुरा यहाँ आउने विभिन्न देशका पर्यटकहरूले बताउँदै आएका छन् । फेवा तथा बेगनास तालमा माछापुच्छ्रे चुली एवम् अन्नपूर्ण हिमशृंखलाको छायाँले विशेष सौन्दर्य पस्किरहेको हुन्छ । पोखराबाट आठ हजार मिटरभन्दा अग्ला धौलागिरि, मनास्लु र अन्नपूर्ण हिमशिखरको दृश्यलाई आँखाले धितमर्ने गरी नियाल्न सकिन्छ । पोखरा उपत्यकाको प्रायः सबै स्थानबाट उत्तरतर्फ अन्नपूर्ण एवम् माछापुच्छ्रे  हिमशिखरको मनमोहक दृश्यवलोकन गर्न सकिन्छ । दक्षिणतर्फका डाँडामाथिबाट महाभारत शृंखलासम्म हेर्न सकिन्छ ।

महेन्द्र गुफा, गुप्तेश्वर गुफालगायतका प्राकृतिक रुपमा बनेका गुफाहरू पोखराको पर्यटनका लागि विशेष आकर्षक सम्पदा हुन् ।  नदी, ताल, खोला र खोल्सीले भरिएको पोखरामा साना-ठूला गरी नौवटा ताल छन् भने यस क्षेत्रलाई २०७५ सालदेखि रामसार क्षेत्रमा समेत सूचीकृत गरिएको छ । पोखरा उपत्यकामा गुफा, ताल, नदीसँगै रहेका सीमसार एवम् जलाधार क्षेत्रका प्राकृतिक वनजंगल जैविक विविधताले भरिपूर्ण छन् । यसको उचित व्यवस्थापन गर्न सकेमा वन, वनस्पति, पुतली, चरा, वन्यजन्तुको अवलोकन एवम् अध्ययन-अनुसन्धान जस्ता पर्यापर्यटनका गतिविधि सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ । जैविका विविधता सम्बन्धी एक अध्ययनमा पोखरा उपत्यकामा रहेका ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरिसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोटवृक्ष पाइने उल्लेख गरिएको छ (एक्याप, २०१२) ।

## २.४  आर्थिक तथा सामाजिक अवस्था

मूलतः ब्राह्मण, क्षेत्री, दलित र गन्धर्वहरूको पुरानो बस्ती रहेको पोखरामा कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहले भक्तपुरबाट व्यापारका लागि २६ नेवार परिवारलाई ल्याई बस्ती बसाएको ऐतिहासिक तथ्य छ । आज पर्यन्त पोखरामा नेवार समुदायले लाखेनाचदेखि भैरवनाचसम्म देखाएर पोखराको सांस्कृतिक वैभवका गतिविधिमा उल्लेख्य भूमिका खेलेको छ । पोखरा उपत्यकाको उत्तरतर्फ बाटुलेचौरमा रहेको पुरानो गन्धर्व बस्तीले सारंगी र मादलका धुनका साथमा नेपाली लोकगीत तथा संगीतका क्षेत्रमा छुट्टै पहिचान राख्दै आएका छन् भने खसआर्य समुदायले परम्परागत भजनकीर्तन र पर्वविशेषमा गर्ने नाचगानबाट समेत यस क्षेत्रको परिचयमा बल पुग्न गएको छ । पोखरा उपत्यकाको छिमेकी जिल्ला तथा वरिपरिका डाँडाहरूमा बस्दै आएको मंगोल समुदायमा प्रथम तथा दोस्रो विश्वयुद्धसँगै सुरु भएको गोर्खा भर्तीको लाहुरे संस्कृतिबाट सेवानिवृत्त भएकाहरू बढी छन् । यो समुदाय सन् १९२० को दशकदेखि पोखरामा बसाइ सरी आउने क्रम बढेसँगै यहाँ आर्य तथा मंगोलको सम्मिश्रणमा अनौठो संस्कृतिको निर्माण भएको देखिन्छ । पोखरा सहरको जनसंख्या, व्यापार-व्यवसाय र संस्कृति

निर्माणमा छिमेकी जिल्ला तनहुँ, लमजुङ, पर्बत, स्याङ्जा, बाग्लुङ, म्याग्दी र मुस्ताङलगायतका जिल्लाबाट बसाइ सरी आउने समुदायले महत्वपूर्ण स्थान ओगटेका छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार पोखराको जनसंख्या करिब ६ लाख रहेको छ । यहाँको जनसंख्या वृद्धिदर ५.४६ प्रतिशत छ, यो देशको सबैभन्दा उच्च वृद्धिदर हो । पोखरा भाषा, धर्म, जातजाति, रीतिरिवाज, संस्कार-संस्कृतिको विविधतामा एकता भएको सहर हो, जहाँ खसआर्य, मंगोल र मुस्लिम सममुदायका मानिस एकआपसमा आआफ्नो मूल्यमान्यता र परम्परा अनुसार लामो समयदेखि मिलेर बस्दै आएका छन् । पोखरा उपत्यकामा प्राचीनकालदेखि नै क्षेत्री, ब्राह्मणलगायतका हिन्दु धर्मावलम्बी खसआर्यको बसोबास रहेको देखिन्छ । साथै, बसाइसराइ र सहरीकरणसँगै यहाँ बौद्ध धर्मावलम्बी, मुस्लिम र क्रिस्चियन समुदाय थपिएका छन् । यस क्षेत्रमा बसोबास गर्ने नेवार, गुरुङ, मगर समुदायका मानिसले कुराकानी गर्दा आ-आÇनै परम्परागत मातृभाषा प्रयोग गर्ने गरेको देखिन्छ । उनीहरुले फरक समुदायका व्यक्तिसँगको बोलीचालीमा सम्पर्क भाषाका रुपमा नेपाली नै प्रयोग गर्ने गरेको देखिन्छ ।

**आर्थिक अवस्था**

पोखरा महानगरमा कुल क्षेत्रफलको करिब ४३ प्रतिशत खेतीयोग्य जमिन छ । तर खेती भने ३९ प्रतिशत हाराहारीमा हुने गरेको छ । महानगरमा उद्योग-व्यापार, पर्यटन तथा सेवा र कृषि तथा पशुपालन प्रमुख पेशा रहेको देखिन्छ । महानगरको सहरी इलाकाभन्दा बाहिर वडा नं. १८ देखि ३३ सम्म प्रशस्त खेतीयोग्य जमिन छ र यहाँका ग्रामीण बस्तीहरूमा कृषि एवम् पशुपालन प्रमुख व्यवसाय बनेको छ । यद्यपि, यसलाई आधुनिक प्रविधिमैत्री बनाउँदै व्यावसायिक रुपमा विकास गर्नुपर्ने देखिन्छ । गोर्खा भर्तीका साथै सामान्य नोकरीका लागि वैदेशिक रोजगारीमा जाने प्रचलन यस क्षेत्रको आम्दानीको अर्को मुख्य स्रोत बनेको देखिन्छ । तर पोखराको प्रमुख आर्थिक कारोबारको क्षेत्र भने उद्योग-व्यापार, पर्यटन र सेवामूलक व्यवसाय नै रहेको देखिन्छ ।

## २.५ धार्मिक एवम् सांस्कृतिक सम्पदा

हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको पोखरा उपत्यकाको वडा नं. १२ मा मुस्लिम समुदायको समेत पुरानो बस्ती छ । नयाँ गाउँ एवम् बैदाम क्षेत्रमा केही क्रिस्चियन धर्मावलम्बी पनि छन् । यस नगरका वासिन्दा दसैं, तिहार, तीज, ल्होसार, माघे संक्रान्ति वा माघी, शिवरात्रि, फागु पूर्णिमा, रामनवमी, चण्डी पूर्णिमा, जनै पूर्णिमालगाायत चाडपर्व आपसमा मिलेर मनाउँदै आएका छन् । यद्यपि, बौद्ध धर्म मान्नेहरू विशेष गरी बुद्ध जयन्ति र ल्होसार, मुस्लिम समुदायले बकर इद र इसाइ समुदायले क्रिसमसलाई मुख्य चाडको रुपमा मनाउने गर्छन् । स्थानीय समुदायको आ-आफ्नो परम्परागत नाचगान वा जात्रा गरी पर्व मनाउने परम्परा छ । विशेष गरी ब्राह्मण, क्षेत्रीमा भजनकीर्तन, नेवारको लाखे नाच, बाह्रभैरव नाच, गाईजात्रा र मगर एवम् गुरुङ जातिमा चुट्का, कौरा र सोरठी नाच विशेष प्रचलनमा रहेको पाइन्छ ।

पोखराका प्राचीन धार्मिक सम्पदाको रुपमा विन्ध्यवासिनी, ताल वाराही, भद्रकाली, नारायणस्थान, भलामस्थित हरिहर आश्रमजस्ता विभिन्न देवदेवीका मन्दिर छन् । पोखराको सहरी विकाससँगै राममन्दिर, केदारेश्वर, गुप्तेश्वर

र विभिन्न बौद्ध गुम्बा तथा स्तुपहरूका साथै मस्जिद र चर्चहरूसमेत बन्दै आएका छन् । यी मन्दिर तथा गुम्बामा पूजाआजा र दर्शनपश्चात् मनमा शान्ति हुने, मनोकामना पूरा हुने विश्वासले दिनहुँ दर्शनार्थीको भीड लाग्ने गरेको पाइन्छ । ढुंगेसाँघु, रामघाट, वाराहीघाट, बाटुलेचौरलगायतका स्थानमा परम्परागत स्थानीय मेला तथा जात्रा लाग्ने गरेको छ ।

## २.६ ऐतिहासिक एवम् पुरातात्विक सम्पदा

यस क्षेत्रको प्रमुख ऐतिहासिक सम्पदाको रुपमा कास्कीकोटमा रहेको शाह वंशीय राजाको पुरानो दरबारलाई पनि लिन सकिन्छ । जहाँ तत्कालीन राजाले निर्माण गरेको दरबार, कालिका मन्दिर, देवीथान, बलि दिने स्थान ( मौला), पुरानो दरबार, गढी आदि स्पष्ट देख्न सकिन्छ । पोखराको मुख्य बजारक्षेत्रबाट करिब ६ किलोमिटर दूरिमा उत्तर-पश्चिम दिशातर्फ डाँडामा अवस्थित यस ऐतिहासिक स्थलमा नियमित चल्ने सवारी साधनबाट पनि पुग्न सकिन्छ । तीन घण्टाको उकालो ढुंगाको सिँढी उक्लँदै पनि त्यहाँ पुग्न सकिन्छ । पोखराबाट सूर्योदयको दृश्यवलोकन गर्ने स्थान सराङकोटबाट डाँडाको टाकुरा हुँदै पदयात्रा गरी साढे एक घण्टामा यस ऐतिहासिक कोटसम्म पुग्न सकिन्छ । सराङकोट, अर्मलाकोट, काहुँकोट, ठूलाकोट, पुम्दीकोटलागयतका ससाना गढी पोखरा उपत्यकाको वरिपरि रहेका छन् ।

दक्षिणतर्फ तत्कालीन तनुङ्गे ढोर खाँड राजाको ऐतिहासिक दरबारको भग्नावशेष रजस्थल क्षेत्र छ, त्यो स्थान महानगरको ३३ नम्बर वडानजिक पर्छ । यसै स्थानबाट राजाको एक सन्तान कास्कीकोट गई राजा भएका थिए । उनका सन्तानहरू लमजुङ गाउँसहर तथा राइनासकोट गएका थिए । द्रव्य शाहले लिगलिगकोट हुँदै गोरखा राज्यको स्थापना गरेका थिए । उनैका सन्तान पृथ्वीनारायण शाहले गोरखाबाट काठमान्डूलगायतका ससाना राज्यहरूलाई एकीकरण गरी विशाल नेपाल स्थापना गरेको ऐतिहासिक तथ्य छ । स्मरणीय विषय त यो छ कि, नेपालका शाह वंशीय राजाहरूको उपाधि शाह यिनै कास्कीकोटका राजा कुलमण्डन शाहले पहिलो पटक राखेका थिए । कास्कीकोटका तत्कालीन राजाहरूको हिउँद्कालीन दरबार भने पोखरा उपत्यकाको उत्तरतर्फको बाटुलेचौर क्षेत्रमा रहेको ऐतिहासिक तथ्य भए पनि त्यसको भग्नावशेष एवम् पुरातात्विक महत्वका दृष्टिले अध्ययन-अनुसन्धान हुन बाँकी नै रहेको देखिन्छ ।

## २.७ पर्यटन विकासको अवस्था

नेपालमा पर्यटन विकासको ढोका नै गण्डकी प्रदेशबाट खुलेको मानिन्छ । पोखराको उत्तरतर्फ रहेको अन्नपूर्ण हिमालको सन् १९५० मा भएको सफल आरोहणपश्चात् नै नेपाल (१९५१ देखि) पर्यटकका लागि औपचाारिक रुपमा खुला गरिएको थियो । त्यसपछि नै देशमा विस्तारै पर्यटनका गतिविधि सञ्चालनमा आएको देखिन्छ । पोखरा उद्योग वाणिज्य संघ र व्यावसायिक रुपमा पर्यटन गतिविधि सञ्चालन गर्दै आएका होटल, रेस्टुराँ, ट्राभल्स तथा ट्रेकिङ एजेन्सीहरूले सामूहिक रुपमा पर्यटन विकास तथा प्रवर्द्धन गर्ने हेतुले २०५३ सालमा पोखरा पर्यटन परिषद्को स्थापना गरेका हुन् । त्यसपछि नै निजी क्षेत्रबाट समेत पर्यटनसम्बद्ध प्रवर्द्धनात्मक गतिविधिले गति लिएको देखिन्छ । हाल पोखरामा पर्यटन प्रवद्धर्न गर्न रेबानद्वारा ‘सडक महोत्सव’, होटल संघको ‘फेवा नयाँ वर्ष

महोत्सव' र 'जाऊँ है पोखरा' अभियान, परिषद्को 'रोपाइँ महोत्सव'लगायतका कार्यक्रम नियमित आयोजना हुँदै आएका छन् । पोखरा ध्यान योग, तपोसाधना, ज्ञानसाधना, साहित्य तथा कला साधना र प्राकृतिक सौन्दर्यसाधनाका दृष्टिले समेत उर्वर रहेको छ । पोखरामा विभिन्न मठमन्दिरलगायतका पवित्र धार्मिक स्थलहरू रहेको हुँदा भक्तजन आफ्ना विभिन्न मनोकांक्षा पूरा होस् भन्ने कामनासहित यहाँ आउने गर्छन् ।

तथापि, पछिल्लो समय धार्मिक भन्दा साहसिक र घुमफिर गर्ने पर्यटकको संख्यामा उल्लेख्य बृद्धि भएको देखिन्छ । पर्यटकको सुविधाका लागि सात सय वटा पर्यटक स्तरका होटल, डेढ सय रेस्टुराँ, एक सय ६० ट्रेकिङ तथा एक सय २४ वटा ट्राभल एजेन्सी सञ्चालनमा रहेको देखिन्छ । करिब दुई हजार वटा पर्यटन व्यवसायसँग सम्बन्धित फर्म सञ्चालित छन् । प्रतिदिन १९ हजार तीन सय४० बेडसहित पर्यटकलाई सेवासुविधा दिन यहाँका होटल सक्षम छन् । पोखराको पर्यटन व्यवसाय सिजनमा ६५ प्रतिशतसम्मको अकुपेन्सी हुने र अन्य याममा पनि ४० प्रतिशतभन्दा कम नहुने स्थिति छ । काठमाडौंलगायत कतिपय सहरबाट हवाई तथा स्तरीय बस सेवामार्फत् नियमित आवागमनको सुविधा र पर्यटकका लागि विभिन्न स्तरीय सेवा उपलब्ध छ । यति हुँदाहुँदै पनि सेवा प्रदायकको वृद्धिको तुलनामा पर्यटक आगमनमा उल्लेख्य वृद्धि हुन सकेको देखिँदैन । एकातिर, पोखराको धार्मिक तथा प्राकृतिक सम्पदाको बारेमा चासो राख्ने पर्यटकका लागि आवश्यक जानकारी प्रदान गर्ने सूचना केन्द्र छैन भने अर्कोतिर अतिथि सत्कार, पर्यटन, सरसफाइ र खाना तथा आवास प्रबन्धका लागि तालिम प्राप्त जनशक्तिको अभाव पनि देखिन्छ ।

# परिच्छेद : ३

# पर्यटनमा कोभिड-१९ को प्रभाव एवम् अवस्था विश्लेषण

## ३.१ पोखरामा पर्यटनको विगत र वर्तमान

नेपालमा पर्यटन विकासको ढोका नै पोखराको शीरमा अवस्थित अन्नपूर्ण हिमालको सफल आरोहणबाट भएको हो । सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोहण दलका नेता मौरिस हर्जोग र उनको समूहले ८,०९१ मिटर अग्लो चुचुरोको सफल आरोहण गरी हिमाल आरोहणको इतिहास रचेको थियो । उक्त आरोहणपश्चात् नै नेपालका हिमशिखर आरोहण गर्ने र तिनै शिखरको आधार इलाकासम्म पदयात्रा गर्ने साहसिक गतिविधि बढ्न थाल्यो । र, यो क्रमसँगै पोखरामा पर्यटन विकासका गतिविधिहरू सुरु हुन पुगेको देखिन्छ । यद्यपि, जापानी बौद्ध भिक्षु इकाइ कावागुचीलाई पोखराको भ्रमण गर्ने पहिलो विदेशी पर्यटक मानिन्छ । उनले सन् १८९९ मा काठमाडौंबाट तिब्बत जाने क्रममा पोखरा भ्रमण गरेका थिए । उता, घुमफिर र मनोरञ्जनको उद्देश्यले सन् १९५७ मा पोखरामा पदयात्रा गर्न एक सय ६२ पर्यटकको आगमन भएको व्यहोरा उल्लेख गरिएको छ (गुरुङ २००६)।

विस्तारै विदेशी पर्यटकको रोजाइमा पर्दै गएको पोखरा सन् १९६० को दशकसम्म पदयात्रीहरूको गन्तव्य नै बन्न पुग्यो । पर्यटकलाई खाना, आवासलगायतका सेवासुविधा उपलब्ध गराउने कुनै व्यवस्थित होटल नभएको अवस्थामा समेत पर्यटकहरू फेवातालको किनारामा टेन्टमा सुतेर रमाउने अनि पदयात्रामा निस्कने गर्थे । सन् १९७० को दशकसँगै पोखरामा पर्यटनको व्यावसायिक सुरुआत भएको पाइन्छ । पर्यटकीय स्तरका होटल तथा रेस्टुराँदेखि सामान्य गेस्टहाउस र पर्यटकको भ्रमण तथा पदयात्रा सहज पार्ने ट्राभल्स एवम् ट्रेकिङ एजेन्सीजहरू यहाँ पर्याप्त मात्रामा सञ्चालित छन् । यद्यपि, पोखराका करिब ७० प्रतिशत होटल प्रजातन्त्रको पुनःस्थापनासँगै सन् १९९२ पछि नै स्थापना भएको देखिन्छ (खतिवडा २०६८)। पोखरामा व्यावसायिक पर्यटनको सुरुआतसँगै संसारकै १० मध्येको एक उत्कृष्ट पदमार्गको रुपमा परिचित राउन्ड अन्नपूर्ण ट्रेक, अन्नपूर्ण सेन्चुरीलगायतका पदमार्ग साहसी पर्यटकको रोजाइमा पर्न थाल्यो । योसँगै पोखरामा पर्यटक आगमनको संख्यामा निरन्तर बृद्धि हुँदै आएको छ । अन्तर्राष्ट्रिय रुपमै पोखरा लोकप्रिय गन्तव्य बन्दै आएको छ । नेपाल भित्रिने पर्यटकमध्ये लगभग ४० प्रतिशतले पोखरा भ्रमण गर्ने तथ्यांक छ ।

## ३.२ पोखराको पर्यटनमा योजनावद्ध विकासका प्रयास

नेपालको प्रथम पञ्चवर्षीय राष्ट्रिय विकास योजना सन् १९५५ मा बनाइएको थियो । पहिलो योजनाले नै पर्यटनको राम्रो सम्भावना रहेकाले त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औंल्याएको थियो । सन् १९६९ सम्म आइपुग्दा पर्यटनलाई नेपालको अर्थतन्त्रको एक प्रमुख अंग मान्दै त्यसका लागि दीर्घकालीन योजना बन्नुपर्ने कुरामा जोड दिन थालियो । फलस्वरूप त्यसै वर्ष 'पर्यटन विकास समिति' गठन भयो । समितिको अग्रसरतामा सन् १९७२ मा पहिलोपटक नेपालको राष्ट्रिय पर्यटन गुरुयोजना तयार भएको थियो । गुरुयोजनामा

पोखराको पर्यटन विकासका बारेमा दिशानिर्देश गर्ने सन्दर्भमा पहिलो पटक स्पष्ट ढंगमा उल्लेख भएको थियो । गुरुयोजनाले विभिन्नखाले पर्यटनहरू जस्तै : दृश्यवलोकन, पदयात्रा, मनोरञ्जन तथा धार्मिक पर्यटनलाई बढावा दिनेगरी पर्यटकीय सम्पदाहरूको विकास गर्नुपर्ने कुरामा जोड दिएको थियो । साथै, अन्तर्राष्ट्रिय पर्यटकहरू आकर्षित हुनेगरी पर्यटन प्रवर्द्धन गर्न नेपालको आफ्नै 'ब्रान्ड' (पर्यटन नारा) हुनुपर्ने कुरालाई समेत सो गुरुयोजनाले जोड दिएको थियो । गुरुयोजनाले काठमाडौंपछिको अर्को पर्यटकीय केन्द्र (हब) पोखरालाई बनाउने र चितवन तथा लुम्बिनीलाई 'आधार क्षेत्र' अर्थात् 'खम्बा'का रूपमा विकास गर्ने सोच अघि बढाएको थियो ।

सन् १९८५ मा सो पर्यटन गुरुयोजनाको समीक्षात्मक मूल्यांकन गरिएको थियो । उक्त समीक्षाले पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक मुद्रा आर्जन गर्ने एक मुख्य स्रोत भएको 'गतिशील उद्योगका रुपमा पहिचान दियो । र, नेपालको पर्यटनको प्रमुख आधार पदयात्रा (ट्रेकिङ) भएको कुराको पनि निष्कर्ष निकाल्यो । सरकारले पर्यटन सम्पदा तथा बजारीकरणको विकासमा अझ बढी जोड दिनुपर्ने कुरा पनि उक्त मूल्यांकनले औंल्याएको थियो । उक्त निष्कर्षको सकारात्मक असर पोखराको पदयात्रा वा साहसिक पर्यटन विकासमा परेको देखिन्छ । तत्पश्चात् नै पोखरालाई प्रवेश वा विश्राम स्थानको रुपमा लिँदै समग्र अन्नपूर्ण क्षेत्रमा पदयात्रा पर्यटनले फस्टाउने अवसर प्राप्त गऱ्यो । परिणाम स्वरुप अहिले पनि नेपाल आउने पदयात्री पर्यटकमध्ये ६८ प्रतिशतजतिले अन्नपूर्ण क्षेत्रमा पदयात्रा गर्ने गरेका छन्, जुन पोखराको पर्यटनको महत्वपूर्ण आधार हो ।

**चित्र १: नेपालका विभिन्न क्षेत्रमा पुगेका पदयात्रीहरूको विवरण**




हाल नेपालमा विभिन्न पर्यटन विकासका योजनाहरू केन्द्रमा र कतिपय स्थानीय तहमा सञ्चालित छन् । एसियाली विकास बैंकको सहयोगमा दक्षिण एसियाली पर्यटन पूर्वाधार विकास आयोजना पनि सञ्चालन भइरहेको छ । यस आयोजनाले विगतमा पोखराको पर्यटन पूर्वाधारका लागि चौंडा सडक तथा ढल निर्माण गरी सहरको मुहार नै फेरेको थियो । यस्तैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत् पर्यटन पूर्वाधार विकास आयोजना (टीआईडीपी) पनि सञ्चालनमा छ । यसले देशका विभिन्न क्षेत्रमा पर्यटन पूर्वाधार सम्बन्धी १८ वटा क्रियाकलाप गर्दै आइरहेको छ भने पोखरामा नेपालको दोस्रो क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने कार्य अघि बढिरहेको छ ।

पोखराको पर्यटनलाई प्रत्यक्ष असर पुग्ने पदयात्रा पर्यटन सम्बन्धमा पनि एसएनभी नेपाल, इसिमोड तथा डीएफआईडीको सहयोगमा बृहत् हिमाली पदमार्ग (ग्रेट हिमालयन ट्रेलः 'जीएचटी') परियोजना सन् २००९/१०

देखि सञ्चालनमा छ । पछिल्लो समय यूकेएडको आर्थिक सहयोगमा 'सामर्थ'- नेपाल बजारीकरण विकास कार्यक्रम/पर्यटन क्षेत्र विकास सञ्चालित छ, जसले बृहत् हिमाली पदमार्गको प्रवर्द्धनमा भूमिका निर्वाह गर्दै आइरहेको छ । यस परियोजनाले खासगरी उपल्लो र तल्लो हिमाली क्षेत्रमा बृहत् पदयात्रा मार्ग र ती मार्गहरूसँग जोडिने अन्य सहायक पदयात्रा मार्ग एवम् पर्यटकीय केन्द्रहरूको विकासमा जोड दिएको छ । यसबाट पदयात्रीहरूको पहिलो रोजाइमा रहेको पोखरा क्षेत्रको पर्यटनमा सकारात्मक असर पर्ने देखिन्छ ।

नेपालको राष्ट्रिय पर्यटन रणनीति (२०१६-२०२५) मा पोखराको पर्यटन विकास रणनीतिलाई विशेष प्राथमिकताका साथ स्पष्ट उल्लेख गरिएको छ । यो पर्यटकीय विकास क्षेत्रको महत्वाकांक्षी लक्ष्य पोखरालाई सांस्कृतिक, प्राकृतिक, माइस (सभा, तालिम, सेमिनारसम्बन्धी) पर्यटनका लागि अझ सबल र सक्षम बनाउने रहेको छ । साथै, पर्यटनका लागि क्षेत्रीय प्रशासनिक केन्द्रका रुपमा पोखरालाई स्थापित गराउने यसको उद्देश्य रहेको देखिन्छ । पोखरामा भएका पर्यटकीय आकर्षणका गन्तव्य वा क्रियालकपहरूलाई सुधार तथा विस्तार गरी समुदायमा आधारित पर्यटनको विकास गर्ने रणनीतिक लक्ष्य योजनाले लिएको छ । यसका साथै, पर्यटकीय विकास क्षेत्रको यस योजनाले पोखरामा भएका पर्यटकीय आकर्षणका विषयवस्तु वा गतिविधिहरूलाई विविधिकरण गर्ने लक्ष्य लिएको छ । कम जोखिमका खेल तथा मनोरञ्जनका क्रियाकलापहरूमा रमाउने अतिथिका लागि पोखरा र यस प्रदेशका अन्य पर्यटकीय स्थलमा बसाइ लम्ब्याउनका लागि विभिन्न उपाय अवलम्बन गर्ने लक्ष्यसमेत उक्त योजनाले लिएको छ ।

पोखरामा दिगो पर्यटन विकास गर्ने लक्ष्यका साथ निजी क्षेत्रबाट पर्यटन व्यवसायीहरूको छाता संगठन पोखरा पर्यटन परिषद् र स्विस सरकारको सहयोगमा सञ्चालित अनुसन्धान गर्ने निकाय 'एनसीसीआर'को सहयोमा सन् २०१२/०१३ मा एक परियोजना सञ्चालन गरिएको थियो । यस परियोजनाअन्तर्गत पोखरामा पर्यटनका सरोकारवाला २१ वटा सरकारी, निजी तथा सामुदायिक संघसंस्थासँग आवश्यक अन्तर्क्रिया गरी दिगो पर्यटन विकासबारे छलफल चलाइएको थियो । मूलतः पर्यटन व्यवसायी संघसंस्थाहरूको सहभागिता र अन्य सबै सरोकारवालाबीच कार्यशालामूलक गोष्ठी आयोजना गरी पोखरामा दिगो पर्यटन विकासका लागि आमसहमति निर्माण गरिएको थियो । यसै सहमतिका आधारमा पोखराका पर्यटन व्यवसायी एवम् सरोकारवालाहरूले पालना गर्नुपर्ने आचारसंहिता र व्यावसायिक सामाजिक उत्तरदायित्व तयार पारी प्रकाशनसमेत गरिएको थियो । यसले विगतदेखि नै पोखरामा पर्यटनको दिगो विकास एवम् प्रवर्द्धन गर्न सबै सरोकारवाला ऐक्यवद्ध रहेको स्पष्ट पार्छ ।

## ३.३ पोखराको पर्यटनमा कोभिड-१९ बाट सृजित असर

सन् २०१९ को डिसेम्बरदेखि चीनको हुवानबाट कोभिड-१९ सुरु भयो । यसले सन् २०२० को मार्च महिनादेखि विश्वव्यापी महाव्याधीको रुप धारण गर्न थाल्यो । हालसम्म विश्वभर झण्डै १८ करोड मानिस कोरोना भाइरस संक्रमित देखिएका छन् भने झण्डै २१ लाख मानिसले कोरानाकै कारण मृत्युवरण गर्नुपरेको अवस्था छ । कोभिड-१९ को असरले नेपाललाई पनि नराम्ररी आक्रान्त पारेको छ । नेपालमा झण्डै पौने तीन लाख मानिसमा संक्रमण पुष्टि भएको छ भने २ हजारभन्दा बढएको ज्यान गएको छ । पोखरा महानगरमा पनि महामारीका कारण

२४ जनाको मृत्यु भइसकेको छ । यस्तो दुःखद तथा विषम परिस्थितिमा पोखराको पर्यटनलाई पुनरुत्थान गर्न कस्ता नीति र कार्यक्रम आवश्यक पर्छ भन्नेबारे सरोकारवालाहरूबाट प्राप्त तथ्यांक एवम् सूचनालाई विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

कोभिड-१९ महामारीले सृजना गरेको विषम परिस्थितिमा विश्व स्वास्थ्य संगठनको संकटकाल घोषणासँगै नेपाल सरकारले पनि लकडाउन गर्‍यो । त्यसपछि नेपालका अन्य क्षेत्रजस्तै पोखराको पर्यटन गतिविधि शून्यमा झरेको अवस्था छ । संसारभर महामारी तीव्र गतिमा फैलिएका कारण गत वर्ष चैत ११ गतेदेखि लकडाउन गरिए पनि नेपाल तथा पोखराको अवस्था त्यसपछिको करिब तीन महिनासम्म सामान्य नै रह्यो । पोखरामा जेठ महिनासम्म त संक्रमण शून्य नै रह्यो । तर पनि राष्ट्रव्यापी लकडाउन भएका कारण शिक्षा, यातायात, पर्यटनलगायतका सेवा प्रदायक क्षेत्र पूर्ण रुपमा प्रभावित हुन पुगे । विभिन्न देशबाट नेपाली जनता घर फर्कने क्रमसँगै कोरोना संक्रमितको संख्या बढ्दै जान थाल्यो र चुनौतीको अवस्था सृजना भयो ।

अब कोरोनासँग डराएर होइन आवश्यक सजगताका साथ स्वास्थ्य मापदण्ड अपनाउँदै त्यसविरुद्ध लड्दै काम पनि गर्दै जाने कार्यविधि अँगाल्नुको विकल्प छैन । नेपालमा फेब्रुअरी पहिलो हप्तासम्मको अवस्थालाई हेर्दा कोभिड संक्रमणको दर घट्दो क्रममा देखिन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रकाशित तथ्यांकअनुसार प्रमुख पर्यटकीय क्षेत्रहरूमा गण्डकी प्रदेश तुलनात्मक रुपमा सुरक्षित देखिएको हुँदा यस प्रदेशका पर्यटकीय सेवा प्रदायक होटल, रेस्टुराँ, होमस्टे र ट्रेकिङ रुटहरू खुला गर्दै आन्तरिक पर्यटक बढाउने गतिविधिमा जोड दिनु आवश्यक छ । देशका अन्य स्थानमा सहज नभएका सभा सम्मेलन, गोष्ठी तथा खेलकुदलगायतका गतिविधिमा सहयोग पुग्ने गरी प्रदान गरिने सेवासुविधालाई नयाँ ढंगमा प्रवर्द्धन तथा ब्रान्डिङ गर्दा पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

कोरोना भाइरसको महामारीले निम्ताएको बन्दाबन्दीको समयमा समेत यसले पोखराको आर्थिक क्षेत्रमा परेको प्रभाव सम्बन्धमा पोखरा महानगरपालिका सहरी विकास आयोजनाद्वारा एक अध्ययन गरिएको छ । कोभिड-१९ ले पोखराको आर्थिक क्षेत्रमा पारेको प्रभावबारे गरिएको उक्त अध्ययनअनुसार महानगर क्षेत्रमा ठूलो परिमाणमा आर्थिक कारोबार गर्ने व्यावसायिक क्षेत्रमध्ये पर्यटन तथा आतीथ्यता सम्बन्धी व्यवसायमा शतप्रतिशत नकारात्मक असर परेको छ । त्यस्तैगरी, उत्पादन तथा प्रशोधन उद्योगमा ७५ प्रतिशत, थोक तथा खुद्रा व्यवसायमा ६० प्रतिशत, शिक्षामा ३५ प्रतिशत र बैंक तथा वित्त एवम् बीमामा ५० प्रतिशत नकारात्मक प्रभाव परेको देखिन्छ । महानगरको समग्र आर्थिक क्षेत्रमा औसतमा मासिक रु. पाँच अर्ब ४३ करोड ८१ लाख नोक्सान भएको देखिन्छ । सबैभन्दा बढी पर्यटन तथा आतीथ्य उद्योगमा मासिक दुई अर्ब १२ करोड ३० लाख अथवा कुल मासिक नोक्सानको ३९ प्रतिशत नोक्सान भएको अनुमान गरिएको छ ।

त्यस्तैगरी, गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गरेको एक अध्ययनअनुसार पर्यटन क्षेत्रले प्रदेशमा सिर्जित कुल ६ लाख ६ हजार रोजगारी (लेबर फोर्स सर्वे, सन् २०१९) मध्ये लगभग ९० हजार अर्थात् १५ प्रतिशत रोजगारी सिर्जना गरेको र प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत योगदान पुर्‍याएको आकलन छ (प्रथम पञ्चवर्षीय योजना, नीति तथा योजना, गण्डकी प्रदेश) । आर्थिक वर्ष २०७५/०७६ मा होटल

तथा रेस्टुरेन्टहरूको कुल राष्ट्रिय गार्हस्थ्य उत्पादन ५६ अर्ब २७ करोडमा गण्डकी प्रदेशको हिस्सा ११ अर्ब १५ करोड अर्थात् १९.६ प्रतिशत रहेको (केन्द्रीय तथ्यांक विभाग, सन् २०१९) उल्लेख गरिएको छ।

## ३.३.१ पोखराका पर्यटकीय उपज र आतीथ्य सेवासुविधा

कुनै पनि गन्तव्यमा पर्यटकलाई आकर्षण गर्ने प्रमुख आधार भनेको त्यहाँ रहेका प्राकृतिक तथा सांस्कृतिक धरोहर र साहसिकलगायतका मनोरञ्जनात्मक गतिविधि नै हुन् । पर्यटन एक गतिशील व्यवसाय भएकाले समयसापेक्ष पर्यटकीय उपज र गतिविधिहरूमा परिमार्जन गर्दै जानु आवश्यक हुन्छ । अहिलेको नयाँ सामान्य परिस्थितिमा विगतकै अवस्थालाई निरन्तरता दिएर पुग्दैन, अब हिमालको सौन्दर्य हेर्न मात्रै पर्यटक आउँदैनन् । यसर्थ, कोभिड-१९ बाट सृजित नयाँ परिवेशमा पोखराको पर्यटन प्रवर्द्धनमा नयाँ पर्यटकीय उपज एवम् गतिविधिको आवश्यकता रहेको देखिन्छ ।

**तालिका ३ : सामान्य एवम् नवसामान्य अवस्थामा पोखराका पर्यटकीय उपज र गतिविधि**

| | पर्यटकीय उपजहरू | पर्यटकीय गतिविधिहरू |
|---|---|---|
| सामान्य अवस्थामा | हिमाली शृंखलाको दृश्यवलोकन, ताल तथा गुफा अवलोकन, मन्दिर तथा गुम्बाको दर्शन, पदयात्रा अघि वा पछिको विश्राम, संग्रहालयहरूको अवलोकन, सूर्योदय दृश्यवलोकन केन्द्र, भ्यूटावर तथा नदी, उपत्यका र पहाडी भूभागको दृश्यवलोकन केन्द्र । | जनप्रतिनिधि, विद्यार्थी, सहकारीका सदस्यहरू, सामुदायिक वन उपभोक्ता समूह आदिको अवलोकन भ्रमण, साहसिक पर्यटकीय क्रियाकलापहरू जस्तैः पदयात्रा, प्याराग्लाइडिङ, माइक्रोग्लाइडर, जलयात्रा तथा डुंगा सयर, योग तथा ध्यान, डाँडाबाट सूर्योदय एवम् हिमाली तथा पहाडी भूभागको दृश्यवलोकन । |
| नवसामान्य अवस्थामा | स्वास्थ्यकर्मीको सहज उपस्थितिमा भरपर्दो पीसीआर टेस्ट सुविधा, टुरिस्ट एम्बुलेन्स, टुरिस्ट डेडिकेटेड हस्पिटल, हात धुने ठाउँ एवम् शौचालयको व्यवस्था, सुरक्षित सडक तथा हवाई यातायातका साधन, फुटबल, क्रिकेट खेलका लागि सुविधायुक्त रंगशाला, गल्फ कोर्ट र अन्तर्राष्ट्रियस्तरको सभासम्मेलन र फिल्म सुटिङ हल, आईटी पार्क, डाटाबेससहितका रिसर्च स्कुल एवम् सूचना तथा अनुसन्धान केन्द्र, वानस्पतिक उद्यान आदि । | विदेशी विद्यार्थीलाई अध्ययन अवलोकन भ्रमण, विवाहित जोडीलाई हनिमुन प्याकेज, स्वास्थ्य उपचार, सिनेमा सुटिङ, व्यापारिक तथा सरकारी सम्मेलनहरूको आयोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका फुटबल, क्रिकेट, गल्फ, म्याराथन, कायकिङलगायतका खेलकुद प्रतियोगिता, अन्तर्राष्ट्रिय सांस्कृतिक तथा संगीत महोत्सव, अध्ययन-अनुसन्धान तथा आईटी एवम् कार्यकारी व्यवस्थापन, बैंकिङलगायतका तालिमहरू । |

***स्रोतः कार्यशाला गोष्ठीमा समूहगत छलफलपश्चात् प्रस्तुत टिप्पणीबाट***

यसै पनि पर्यटकीय उपज र पूर्वाधारको तुलनामा पोखराको प्रवर्द्धन अन्तर्राष्ट्रिय बजारमा फितलो देखिन्छ । यसर्थ, अन्तर्राष्ट्रिय सञ्चार माध्यममार्फत् पोखरा पर्यटक आवागमनका लागि सुरक्षित छ भनी प्रचारप्रसार गर्नु आवश्यक छ । प्रभावकारी प्रचारप्रसारका लागि पोखराको विशेषता र अहिलेको नवसामान्य अवस्थामा समेत

पर्यटन गतिविधिमा सरिक हुन सकिने अवसरका सम्बन्धमा विभिन्न भाषाका प्रचारात्मक समग्रीसहित प्रवर्द्धनात्मक गतिविधिमा जोड दिनुपर्छ । परम्परागत मूल्य-मान्यता र पुरानै शैली तथा प्रकृतिको पर्यटनप्रतिको धारणालाई बदलेर अब यसमा नवीनतम सोचसहितको गतिविधि र परिवर्तन आवश्यक छ। पर्यटन व्यवसाय मस्तिष्कको खेल हो, कसरी प्रस्तुत गर्दा त्यसको आकर्षण बढ्छ ? जुन वस्तुलाई बिकाउन सकिन्छ त्यसको खोज वा पहिचान गर्नुपर्छ । पर्यटनमा नवप्रवर्त्तक व्यवसायी तथा युवा आकर्षणका लागि अन्तर्राष्ट्रियस्तरको सभासम्मेलन र फिल्म सुटिङ हल, वानस्पतिक उद्यान, आवश्यक पूर्वाधारसहितका डाटाबेस आईटी पार्क, गुणात्मक एवम् अन्तर्राष्ट्रियस्तरका अनुसन्धान केन्द्र, स्कुल-कलेजहरू स्थापना गरी पोखराको पर्यटनलाई नयाँ आयाम दिँदै अगाडि बढ्नु आवश्यक छ।

## ३.३.२ पर्यटन क्षेत्रमा लगानी, आय, रोजगारी र बजेटको व्यवस्था

करिब १६ खर्बको लगानी रहेको नेपालको पर्यटन क्षेत्रमा कोभिड-१९ का कारण विगत सात महिनामा करिब ७० अर्ब नोक्सान भएको अवस्था छ (नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) । पोखराको पर्यटनमा निजी क्षेत्रको एक खर्ब ९२ अर्ब चुक्ता पुँजी र ५ खर्बभन्दा बढी जारी पुँजी लगानी भएको छ। कोरोना कहरअघि आन्तरिक र वाह्य गरी वार्षिक करिब १० लाख पर्यटक पोखरा भ्रमणमा आउने गरेका थिए । त्यो स्थितिमा चलेको पोखराको पर्यटन कोरोनाका कारण शून्यमा झर्न पुग्यो । सरकारले असोज १ गतेदेखि पर्यटन क्षेत्र खुला गर्ने नीति लिएसँगै आंशिक रुपमा विस्तारै व्यवसाय चलायमान हुन थालेको छ। कोभिड-१९ को कारण भएको बन्दाबन्दीपछि पर्यटक आगमन शून्यमा झर्दा पोखरा महानगरपालिका क्षेत्रमा पर्यटन तथा अतिथि सत्कार व्यवसायमा प्रतिमहिना दुई अर्ब १२ करोड रूपैयाँ नोक्सान परिरहेको अवस्था छ।

**तालिका ४ : नेपाल र पोखरामा पर्यटन आगमन, रोजगारी र लगानीको तूलनात्मक अवस्था**

| अवस्था र स्थान | लगानी | विदेशी पर्यटकको आगमन | प्रत्यक्ष रोजगारी | प्रतिमहिना नोक्सान |
|---|---|---|---|---|
| नेपालमा | करिब १६ खर्ब | ११,७२,००० | करिब ४,२७,००० | करिब १० अर्ब |
| पोखरामा | करिब ५ खर्ब | ४,८०,००० | करिब ७५,००० | करिब २.१२ अर्ब |

***स्रोतः नेपाल टुरिज्म स्टाटिस्टिक्स २०२०, सं.प.ना.उ.म., नेपाल पर्यटन बोर्ड र उ.प.व.वा.म. गण्डकी प्रदेश***

पोखरामा मात्रै करिब ७५ हजारले पर्यटन क्षेत्रमा रोजगारी पाएका थिए । कोरोनाकालमा २५ प्रतिशत व्यवसाय नै बन्द भएपछि पर्यटन मजदुर घर जान बाध्य भएका छन् । पर्यटन सम्बद्ध मजदुरलाई राज्यले पर्यटन पूर्वाधार विकासमा रोजगारी दिने व्यवस्था गर्नु आवश्यक छ । पदमार्ग सूचना व्यवस्थापन गर्न भनी संकलित टिम्स कोषमा जम्मा भएको रकम फ्रिज भएको छ । यस विषम परिस्थितिमा नेपाल पर्यटन बोर्डमा रहेको २५ करोड टिम्स कोष र समग्र व्यवसायलाई पुनरुत्थान गर्न सरकारबाट छुट्याइएको एक अर्ब रूपैयाँको प्रभावकारी परिचालन आवश्यक छ।

आय तथा रोजगारीका सन्दर्भमा महत्वपूर्ण हिस्सा ओगटेको पर्यटन क्षेत्र कोभिड-१९ बाट पूर्णतया प्रभावित भएको अवस्थालाई दृष्टिगत गर्दै संघ, प्रदेश र स्थानीय महानगरले समेत त्यसको पुनारुत्थानका लागि विशेष कार्यक्रम र व्यवस्था गर्नु आवश्यक देखिन्छ । विशेषगरी नवसामान्य अवस्थामा अनुकूल हुने किसिमका पर्यटकीय उपज, पर्यटन पूर्वाधार र पर्यटन प्रवर्द्धनमा खर्च गर्ने गरी आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ। विगतको तुलनामा यो वर्ष देशको राजस्वमा ह्रास आइरहेको भए पनि पर्यटन क्षेत्रको पुनर्जीवनका लागि तिनै तहका सरकारले आवश्यक रकम विनियोजन गरेका छन् ।

**तालिका ५ : आ.व. २०७७/७८ मा पर्यटन क्षेत्रका लागि प्रस्तावित कार्यक्रम र विनियोजित रकम**

| तहगत सरकारहरू | प्रस्तावित कार्यक्रमहरू | विनियोजित रकम(रु.) |
|---|---|---|
| संघीय सरकार | पर्यटनसहित समस्यामा परेका उद्योग प्रतिष्ठानका कर्मचारीलाई तलब भुक्तानी गर्न ५० अर्बको कोष स्थापना र त्यसबाट ५ प्रतिशत ब्याजमा सहुलियत ऋण लिएर उद्योग प्रतिष्ठानले तलब भुक्तानी गर्ने प्रावधान । | १,२६,००,००,०००। |
| गण्डकी प्रदेश सरकार | पर्यटकीय गन्तव्य, पदमार्ग, होमस्टेलाई प्रवर्द्धन गर्ने, पर्यटन सूचना प्रणाली विकास गर्ने, व्यवसाय पुनर्जीवन कोष स्थापना गर्ने, लोमान्थाङ, गोरखा दरबार, हिमागृह र रत्नमन्दिरको व्यवस्थापन गर्ने । | २७,४५,००,०००। |
| पोखरा महानगर | पर्यटकीय केन्द्र सम्बन्धी सूचनाहरूलाई विभिन्न भाषामा तयार गरी प्रचारप्रसार गर्ने, स्थानीय अर्ग्यानिक उत्पादनलाई प्रवर्द्धन गर्दै महानगरपालिकालाई साहसिक एवम् कृषि पर्यटन हबको रुपमा विकास गर्ने, १४ वटा पिकनिक स्थल निर्माण गर्ने, सराङकोट र पुम्दीभुम्दीमा निर्माणाधीन पर्यटकीय संरचनालाई निरन्तरता दिने । | २,४६,००,०००। |

***स्रोतः संघीय सरकार, प्रदेश सरकार र पोखरा महानगरको आ.व.०७७/७८ मा प्रस्तावित नीति, कार्यक्रम र बजेट ।***

संघीय सरकारले आर्थिक समृद्धिको दरिलो आधारका रुपमा रहेको मुलुकको पर्यटन क्षेत्रको पूर्वाधार विकासका लागि अघिल्लो आर्थिक वर्ष २०७६/०७७ मा दुई अर्ब ६८ करोड छुट्याएको थियो । गत आवको तुलनामा यो एक अर्ब ४२ करोडले कम हो । यद्यपि, बजेटले खस्कँदो पर्यटनलाई उकास्ने आशा गर्दै प्रशंसनीय र स्वागतयोग्य भएको धारणा निजी क्षेत्रले राखेको छ । मूलतः भिजिट नेपाल २०२० स्थगित भएका कारण पनि पर्यटन क्षेत्रको बजेट कम विनियोजन भएको अनुमान गर्न सकिन्छ ।

यतिबेला राज्यको भूमिका पर्यटन व्यवसायलाई कसरी बचाउन सकिन्छ भन्नेमा केन्द्रित गर्नु आवश्यक देखिन्छ । वर्तमान असजिलो अवस्थामा व्यवसायीहरूका लागि कर तथा नवीकरणमा सहुलियत र जरिवाना छुट गरी राहत प्रदान गर्नुका साथै उपयुक्त माध्यमबाट पर्यटनको प्रवर्द्धन गर्नु नितान्त आवश्यक छ । वाह्य पर्यटक आउने सहज अवस्था नहुँदा आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्छ । विभिन्नखाले रोजगारीमा रहेको जनशक्तिलाई हप्तामा दुई दिन बिदा एवम् तलबी बिदासहितको भ्रमण कार्यक्रममार्फत् आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न सकिन्छ । आन्तरिक पर्यटकका लागि उपयुक्त हुने गरी पर्यटकीय उपजको विकास गर्ने एवम् प्राकृतिक

तथा सांस्कृतिक सम्पदाको उचित संरक्षण र व्यवस्थापनका साथै बजारीकरण गरेर पर्यटन गतिविधिलाई बढावा दिनुपर्छ । पोखरामा सुरक्षित सहरी बासस्थानको प्रबन्ध गर्नुपर्ने, नतिजामुखी कार्य सम्पादनका लागि संस्थागत सुशासनमा जोड दिनुपर्ने, जनशक्तिको क्षमता अभिवृद्धि र आर्थिक पुन:स्थापनामा जोड दिँदै दिगो पर्यटनका लागि आध्यात्मिक र अर्ग्यानिक पर्यटनको मार्गचित्र बनाउनुपर्ने देखिन्छ । यस्तैगरी पोखराको पर्यटन किासका लागि संस्थागत क्षमतातर्फ पोखरा महानगरपालिकाका प्रमुखको संयोजकत्वमा महानगर पर्यटन काउन्सिल र पर्यटन महाशाखा गठन गरी पर्यटन नीति तथा कार्यक्रम अगाडि बढाउनु आवश्यक छ । यसमा निजी क्षेत्र तथा पर्यटन उद्यमीहरूसँगको सहकार्यसहितको संयन्त्रको आवश्यकता देखिन्छ ।

### ३.३.३ पोखराको पर्यटन ब्रान्डिङ, प्रवर्द्धन र बजारीकरण

पोखराको सन्दर्भमा नेपाल पर्यटन बोर्डमार्फत् पर्यटकीय सम्पदाको परिचय पुस्तिका ‘प्याराडाइज पोखरा’, पोखरा सिटीको नक्सा आदिको प्रकाशन तथा विभिन्न पदयात्रा र ग्रामीण पर्यटकीय सम्पदाको खोजी एवम् प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याउँदै आएको देखिन्छ । विगतमा बोर्डको सहयोग र स्थानीय पर्यटन व्यवसायीको पहलमा समग्र पोखरा क्षेत्र वा तत्कालीन पश्चिमाञ्चल क्षेत्रमा रहेका पर्यटकीय सम्पदाहरूको खोजी, विकास एवम् प्रवर्द्धन गर्न नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पोखरा भ्रमण वर्ष २००७ घोषणा गरेको थियो । उक्त अवधिमा पर्यटकीय सम्पदाको खोजी, विकास तथा संरक्षण प्रवर्द्धन गर्ने हेतुले पोखरामा पश्चिमाञ्चल स्तरीय बृहत् कार्यशालाका साथै वर्षभरि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भएको देखिन्छ । पोखरास्थित पर्यटन व्यावसायी संघसंस्थाहरूमार्फत् अभ्यास गरिएका पर्यटन प्रवर्द्धन एवम् बजारीकरणका लागि विगतमा भएका प्रयास तथा भावी कार्यक्रमहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका ६ : पोखराको पर्यटन प्रवर्दन र ब्रान्डि□मा विगतको प्रयास**

| विगतमा भएका प्रयासहरू | चालिनु पर्ने भावी कदमहरू |
|---|---|
| रेबान पोखराको आयोजनामा हरेक साल अंग्रेजी नयाँ वर्षको शुभारम्भमा पोखरा सडक महोत्सव ।<br>पश्चिमाञ्चल होटल संघको आयोजनामा हरेक साल नेपाली नयाँ वर्षको शुभारम्भमा फेवा नयाँ वर्ष महोत्सव र जाऔं है पोखरा प्रचार अभियान ।<br>पोखरा पर्यटन परिषद्को आयोजनामा हरेक वर्ष असार १५ गते रोपाइँ महोत्सव ।<br>टान पोखराको आयोजनामा नयाँ पदमार्गका खोज, विकास र प्रवर्द्धन।<br>नाटा पोखराको आयोजनामा सबै मौसमका लागि पोखरा प्रवर्द्धनात्मक कार्यक्रम ।<br>नेपाल हवाई खेलकुद संघ पोखराको आयोजनामा अन्तर्राष्ट्रिय स्तरको प्याराग्लाइडिङ च्याम्पियनसिप प्रतियोगिता ।<br>जिल्ला स्तरीय खेलकुद विकास समितिहरू एवम् भूतपूर्व खेलाडी मञ्चको आयोजनामा राष्ट्रियस्तरका फुटबल, भलिबल, म्याराथनलगायतका खेलकुद प्रतियोगिता । | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिता।<br>राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता ।<br>राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको गल्फ प्रतियोगिता ।<br>राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको साइक्लिङ प्रतियोगिता ।<br>ध्यान, योग तथा प्राकृतिक चिकित्सा सम्मेलन केन्द्र ।<br>अन्तर्राष्ट्रियस्तरको व्यावसायिक सभासम्मेलन केन्द्र।<br>राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको म्याराथन प्रतियोगिता ।<br>अन्तर्राष्ट्रियस्तरको संगीत तथा सांस्कृतिक महोत्सव । |

***स्रोत: टुरिज्म इन पोखरा, पोखरा पर्यटन परिषद् (२०१३) र कार्यशालामा छलफलको निष्कर्ष***

पोखराको पर्यटन प्रवर्द्धन र बजारीकरणका लागि १९९० को दशकदेखि नै सरकारी तथा निजी क्षेत्रबाट प्रयास हुँदै आएको देखिए पनि नेपाल पर्यटन बोर्डको गठनपछि यस कार्यमा थप तत्परता एवम् निरन्तरता देखिन्छ । यद्यपि, पोखराको पर्यटन प्रवर्द्धनका बारेमा प्रयोग गरिएका विभिन्न माध्यमहरूमा सञ्चारजगत् र इन्टरनेटको भूमिका न्यून रहेको विभिन्न अध्ययनले देखाएका छन् । सन् १९९६ जर्मन उद्योग वाणिज्य संघ र पोखरा उद्योग वाणिज्य संघद्वारा संयुक्त रुपमा गरिएको एक अध्ययनले पोखराको पर्यटनको बजारीकरणमा सबैभन्दा बढी ६५ प्रतिशत भूमिका यो स्थान भ्रमण गरी फर्किएका व्यक्तिहरूको मौखिक वर्णन भएको देखाएको छ ।

**अन्नपूर्ण क्षेत्रमा पर्यटनको प्रवर्द्धनात्मक माध्यम र सामग्रीको असर**




यसैगरी, सन् २०१७ मा पोखराको पर्यटनबारे गरिएको एक शोधपत्रमा मौखिक वर्णनको भूमिका ५२ प्रतिशत देखिएको छ (खतिवडा २०२०) । यसै सन्दर्भमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले समग्र संरक्षण क्षेत्रमा भ्रमण गर्ने पर्यटकबीच गरेको एक सर्वेक्षणले समेत साथीहरूबाट प्राप्त मौखिक वर्णन नै प्रभावकारी देखाएको छ । यसर्थ, पोखरा आउने पर्यटकलाई बढी भन्दा बढी सन्तुष्ट बनाउन सक्दा नै पोखराको प्रवर्द्धनमा सकारात्मक असर पुग्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ३.३.४ नवसामान्य अवस्थामा पर्यटन प्रवर्द्धनका सम्भावनाहरू

अहिलेको विषम परिस्थितिमा पनि दिगो पर्यटनको लागि पर्यटन उद्यमशीलताको विकास गर्दै ह्युमन फ्रिडम टुरिज्मको अवधारणासहित पर्यटन प्रवर्द्धन गर्ने र स्वयम् व्यक्ति, व्यवसाय र समुदाय नै असल बन्ने संस्कारको थालनी गर्नु आवश्यक छ । प्राकृतिक वातवरणसँग साक्षात् हुने अर्ग्यानिक खाद्यवस्तु, सेवासुविधा र गतिविधिमा जोड दिनुपर्छ । सहिष्णुता र सहअस्तित्वका साथ अब आध्यात्मिक पर्यटन पनि एउटा बलियो विकल्प हुन सक्छ, हाम्रो मानवीय मूल्यमान्यता र परम्परागत व्यवहारहरू पनि पर्यटनमा समावेश गर्न सकिन्छ । कोभिड-१९ पछि पोखरा क्षेत्र एवम् समग्र गण्डकी प्रदेशलाई नेचुरल हस्पिटलको रुपमा विकास गरेर पर्यटकलाई योग तथा ध्यानतर्फ आकर्षण गर्ने गरी प्रवर्द्धन तथा ब्रान्डिङ गर्न सकिन्छ । योग, ध्यानलगायतका प्राकृतिक चिकित्साका लागि उपयुक्त ग्रामीण पर्यटकीय गन्तव्यसम्म पुग्ने गरी यातायात पूर्वाधारको विकासमा जोड दिनु आवश्यक छ ।

अन्तराष्ट्रिय पर्यटक आकर्षणका लागि सन् २०२१ देखि अराइभल भिसा निःशुल्क गर्ने सन्देशसहित समग्र नेपाललाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । पोखराको पर्यटनलाई चलायमान बनाउन अन्तर्राष्ट्रियस्तरको गल्फ

प्रतियोगिता, म्याराथन, क्रिकेट, फुटबललगायतका खेलहरूको आयोजना गरेर पनि प्रवर्द्धन गर्ने प्रयास गर्नु आवश्यक देखिन्छ । पर्यटकलाई फोकस गरी पर्यटकीय इभेन्टका रुपमा अन्तर्राष्ट्रियस्तरमा पोखरा मेयर साइक्लिङ, ट्राथलन प्रतिस्पर्धालगायतका पर्यटनमैत्री खेलको आयोजना गरी प्रवर्द्धन गर्नु सान्दर्भिक देखिन्छ ।

## ३.४ पर्यटन प्रवर्द्धन एवम् पुनरुत्थानका अवसर र चुनौतीहरूको विश्लेषण

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रभावबाट अर्थतन्त्रका प्रायः सबै क्षेत्र प्रभावित भएका छन् । त्यसमा पनि अतिथि सेवा गर्ने पर्यटन उद्योग पूर्णतया थला पर्न गएको छ । यसको असर पर्यटकीय सहर पोखराको आर्थिक, सामाजिक जीवनमा समेत नराम्रोसँग देखिएको छ । पोखराको आर्थिक गतिविधिको एक महत्वपूर्ण क्षेत्र भनेको पर्यटन नै हो । यसर्थ, अति प्रभावित रहेको पोखराको पर्यटन व्यवसायलाई आवश्यक गति दिन उपयुक्त ब्रान्डिङसहित प्रवर्द्धन गर्नु आवश्यक छ । विशेषगरी पर्यटकसँग प्रत्यक्ष जोडिने यातायात, खाना तथा आवास, सेवासुविधा र गतिविधि, पर्यटकीय सेवा तथा उपजको विकास एवम् विविधिकरण र पर्यटन प्रवर्द्धनका लागि ब्रान्डिङ एवम् बजारीकरणजस्ता विषयको विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

पोखरा क्षेत्रमा पर्यटनको वस्तुगत अवस्था विश्लेषण गर्न आवश्यक प्रश्नावलीसहित स्थानीय सरोकारवालाहरूसँग अन्तर्क्रियात्मक छलफल गरिएको थियो । तिनै छलफलका आधारमा यो अवसर तथा चुनौतीहरूको विश्लेषण तयार पारिएको छ । यहाँ पोखराको पर्यटनलाई पुनरुत्थान गर्ने सन्दर्भमा देखिएका सबलता, दुर्बलता, अवसर र चुनौतीको सूक्ष्म विश्लेषण गरिएको छ । सरोकारवाला संस्थाका प्रतिनिधि एवम् सहभागीद्वारा व्यक्त गरिएका औपचारिक-अनौपचारिक वार्तालापको निष्कर्ष पनि यसमा छ । पोखरा क्षेत्रको पर्यटन सम्बद्ध सरोकारवालाहरूबाट अपेक्षित भूमिकासमेतको पहिचान गरी प्राप्त नतिजामाथि आवश्यक छलफलपश्चात् यो विश्लेषणात्मक विवरण तयार पारिएको हो ।

### ३.४.१ यातायात, आवास तथा खानाको प्रबन्ध

**सबल पक्ष र अवसरहरू**

- पोखरामा पर्यटकहरूको पदयात्रा एवम् भ्रमण प्रबन्ध मिलाउन २०३ ट्राभल एजेन्सी र १५९ ट्रेकिङ एजेन्सीलगायतका विभिन्न पूरक सेवा प्रदायक व्यवसाय सञ्चालनमा रहेको अवस्था ।
- पोखराबाट काठमाडौं, चितवन र लुम्बिनीसम्म नियमित यात्रा गर्न स्तरीय पर्यटक बस सेवा सञ्चालनमा रहेको अवस्था ।
- पर्यटकलाई पोखरा क्षेत्रमा दृश्यवलोकन गराउन ७२ वटा साना तथा मझौला पर्यटक वाहन संस्थागत रुपमा सञ्चालनमा रहेको अवस्था ।
- पोखराबाट काठमाडौं, भरतपुर, भैरहवा र जोमसोमसम्म नियमित दैनिक हवाईसेवा सुचारु रहेको अवस्था ।
- पर्यटक आवासका लागि ६५० पर्यटकीयस्तरका होटल एवम् स्वदेशी तथा विदेशी खानाका परिकार खुवाउने १५० पर्यटकीयस्तरका रेस्टुराँ सञ्चालनमा ।
- पोखराबाट काकरभिट्टा, विराटनगर, जनकपुरु वीरगञ्ज, सुनौली, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर एवम् भारतको दिल्लीसम्म स्तरीय दिवा तथा रात्रि बससेवा सञ्चालनमा रहेको ।

- पोखरा उपत्यका आसपासका परम्परागत ग्रामीण बस्तीहरूमा स्थानीय जनजीवन र जीवनशैलीको अध्ययन-अवलोकन गर्न घरबास पर्यटन सेवा सञ्चालनमा रहेको अवस्था ।

**कमजोर पक्ष र चुनौतीहरू**

- कोरोनाकालमा बन्दाबन्दीका कारण यातायातका साधन गुड्न नपाउँदा र पर्यटक आगमन शून्यमा पुगेको अवस्थाले गर्दा कार्यरत् जनशक्तिलाई नियमित पारिश्रमिक दिन र साधनहरूको नियमित मर्मतसम्भार एवम् नवीकरण गर्नसमेत गाह्रो परेको अवस्था ।
- गत वर्षको मार्चमा कोभिड महामारीसँगै शून्यमा झरेको पर्यटक आगमनका कारण ६० प्रतिशत मजदुर र ३० प्रतिशत व्यवसायी पर्यटन व्यवसायबाटै पलायन भएको अवस्था ।
- बन्दाबन्दीपछि पनि पर्यटक आगमनले लय लिन नसक्नाले होटल तथा रेस्टुराँहरूमा कार्यरत् जनशक्तिलाई नियमित पारिश्रमिक दिन नसकेको अवस्था ।
- व्यवसाय सञ्चालन एवम् आम्दानी हुन नसक्नाले बैंक तथा वित्तीय संस्थाको ब्याज र किस्ता तिर्न सक्ने अवस्था नभएको ।
- होटल तथा रेस्टुराँ नियमित सञ्चालनका लागि न्यूनतम जनशक्तिको व्यवस्थापन गर्न एवम् पानी, बिजुलीको महशुल, नवीकरण र सञ्चालन खर्चसमेत व्यवस्था गर्न नसकेको ।
- पोखरादेखि ग्रामीण पर्यटकीय केन्द्रसम्म जोड्ने पक्की एवम् सुरक्षित सडक निर्माण नभएको र नियमित यातायातको अभाव रहेको अवस्था ।
- पर्यटन क्षेत्रमा कार्यरत मजदुरको संकट व्यवस्थापनका लागि राज्यको, स्थानीय एवम् सम्बन्धित तहको सरकारको यथोचित ध्यानाकर्षण गराउन नसकिएको ।

## ३.४.२ पर्यटकीय सेवासुविधा र गतिविधिहरू

**सबल पक्ष र अवसरहरू**

- पोखरा भ्रमणमा आउने पर्यटकलाई आवास सुविधाका लागि प्रतिरात १९,३४० बेड तथा विभिन्न स्वदेशी एवम् विदेशी परिकार खुवाउने पर्यटक स्तरीय रेस्टुराँहरू पर्याप्त छन् ।
- नेपालमा लामो तथा छोटा दूरिका पदयात्रा एवम् विदेशमा समेत भ्रमण व्यवस्थापन र सञ्चालन गर्न आवश्यक जनशक्तिसहितका २०३ ट्राभल र १५९ ट्रेकिङ कम्पनी सञ्चालनमा छन् ।
- ताल, हिमाल र पहाडी उपत्यकाको दृश्यवलोकनसहित साहसिक हवाई उडान प्याराग्लाइडिङको प्रतियोगितात्मक एवम् मनोरञ्जनात्मक कार्यका लागि पोखरा नेपालको एक मात्र उत्कृष्ट स्थान मानिन्छ ।
- ताल, गुफा, नदी, हिमाल, सूर्योदय, वनजंगल, परम्परागत ग्रामीण बस्तीसहितका डाँडा वा थुम्काका साथै धार्मिक तथा सांस्कृतिक दृश्यवलोकनका लागि उपयुक्त स्थान यहाँ प्रशस्त छन् ।
- राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता जस्तै : अन्नपूर्ण, पोखरा म्याराथन, आहा रारा फुटबल, राष्ट्रिय भलिबल तथा गल्फलगायतका प्रतिस्पर्धात्मक खेलकुद आयोजना हुँदै आएको अवस्था ।
- पोखराको पर्यटन प्रवर्द्धनका लागि राष्ट्रियस्तरको व्यापार तथा औद्योगिक मेला, पोखरा स्ट्रिट फेस्टिभल, फेवा नव वर्ष महोत्सव, जाऊँ है पोखरा, पोखरा रोपाइँ महोत्सवलगायतका कार्यक्रम आयोजना भइरहेको ।

**कमजोर पक्ष र चुनौतीहरू**

- विगतमा सुरु भएका कतिपय खेलकुद प्रतियोगिता एवम् साहसिक गतिविधिहरू नियमित हुन नसकेको ।

- पोखराका फेवा तथा बेगनास तालमा डुंगा सयर गर्दा पटकपटक दोहोरिने दुर्घटनाले जोखिम बढ्दै गएको अवस्था।
- प्याराग्लाइडिङ उडान गर्दा पटकपटकको दुर्घटनाले साहसिक  हवाई उडानमा जोखिम बढ्दै गएको अवस्था।
- संख्यात्मक रुपमा बढ्दै गएका पर्यटकीय सेवा प्रदायकहरूबीच अस्वस्थ प्रतिस्पर्धाले मूल्यह्रासको अवस्था ।
- तालिमप्राप्त अनुभवी जनशक्तिलाई पोखराको पर्यटन बजारले थेग्न वा सन्तुष्ट राख्न नसक्दा योग्य जनशक्तिको अभाव झेल्नुपरेको अवस्था ।
- आतीथ्य सेवा, आवास सुविधा तथा खानाको उपयुक्त मापदण्ड र अनुगमनको अभावमा गुणस्तरीय पर्यटनमा ह्रास आइरहेको स्थिति ।

## ३.४.३ पर्यटन पूर्वाधार एवम् उपजको विकास र विविधिकरण

**सबल पक्ष र अवसरहरू**

- अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, विश्व शान्ति स्तुपलगायतका पर्यटकीय आकर्षणका पूर्वाधार बनेका र पुम्दीमा विशाल शिवमन्दिर र काहुँमा बुद्ध मण्डल बन्दै गरेको अवस्था ।
- स्थानीय समुदायको पहलमा पोखरा क्षेत्रका विभिन्न स्थानमा परम्परागत मेला तथा महोत्सव आयोजना गरी धार्मिक, सांस्कृतिक तथा ग्रामीण उत्पादनलाई प्रवर्द्धन गर्ने प्रयास भएको ।
- फेवा किनारका हिमगृह, रत्नमन्दिर, बसुन्धारा पार्क, कामागाने पार्कलगायत महानगर क्षेत्रमा रहेका सार्वजनिक भवन तथा जग्गालाई पर्यटकीय आकर्षणका जैविक विविधता केन्द्र एवम् उपयुक्त पार्क बनाउन सकिने अवस्था ।
- पोखरा क्षेत्रमा विभिन्न समुदायका परम्परागत सघन बस्तीहरूमा घरबास पर्यटन कार्यक्रममार्फत् ग्रामीण कृषि पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिने ।
- स्थानीयको सहभागितामा पानीका स्रोतहरू ताल, पोखरी, नदी, खोला, कुवा, धारा, छहरा एवम् सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरी ग्रामीण कृषि तथा साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- पोखरामा राष्ट्रिय सांस्कृतिक महोत्सवको आयोजना गरी स्थानीय परम्परागत संस्कृति, खेलकुद, कृषि उत्पादन र हस्तकलाका उत्पादनलाई प्रदर्शन, प्रवर्द्धन र प्रोत्साहन गर्ने सम्भावना रहेको छ ।
- पोखरा प्रवेश गर्ने स्थानमा यहाँको पर्यटकीय सम्पदा झल्कने प्रवेशद्वार एवम् पर्यटन सूचना केन्द्रसहित बृहत् सांस्कृतिक संग्रहालय निर्माण गरी थप आकर्षण बढाउन सकिन्छ ।
- घरेलु तथा हस्तकलाका उपाहारजन्य सामग्री उत्पादन गरी यस क्षेत्रमा उद्यमशीलताको विकास गर्न सकिन्छ (स्थानीय समुदायलाई दक्ष जनशक्तिमार्फत् तालिम प्रदान गर्नुपर्ने) ।
- पोखरा उपत्यकाको चारैतर्फका डाँडाका धुरी वा टाकुरा हुँदै रिजलाइन पदमार्ग विकास गर्न उपयुक्त स्थानमा हिलस्टेसन विकास गर्न सकिने अवस्था ।
- पोखरा क्षेत्र नेपाली लोकसंस्कृतिका बाहक गन्धर्वलगायत गुरुङ, मगर, ब्राह्मण, क्षेत्री, नेवार समुदायको बासस्थान भएकाले सांस्कृतिक विविधताको आकर्षण ।
- पोखरा उपत्यकाको तालवरिपरि वा जलाधार क्षेत्रमा वनजंगल भएकाले वानस्पतिक हरियाली एवम् विभिन्न चराचुरुंगीको बासस्थानका कारण प्राकृतिक रुपमै रमणीय वातावरण ।

**कमजोर पक्ष र चुनौतीहरू**

- प्राकृतिक तथा सांस्कृतिक सम्पदास्थल वरिपरि भू-उपयोग योजना, इन्जिनियरिङ तथा सर्वेक्षण र डिजाइनबिना नै बनेका संरचना वातावरणमैत्री नहुनाले सुन्दरतामा ह्रास आउँदै गएको अवस्था ।

- पोखरामा रहेका ताल, सिमसार र सार्वजनिक जमिनको संरक्षण एवम् व्यवस्थापन गर्नेतर्फ सम्बन्धित सरोकारवालाबीच नीतिगत ठोस पहल र कार्यक्रमको अभाव ।
- पोखरा धार्मिक तथा मन्दिर क्षेत्रमा पर्यटन विकास र प्रवर्द्धन गर्न स्थानीय सरकार, सम्बद्ध कार्यालय र महत्वपूर्ण सम्पदाहरूको व्यवस्थापन समितिहरूबीच समन्वय एवम् सहकार्य अभाव ।
- यस क्षेत्रका छहरा, गुफा, पहरा, ऐतिहासिक मन्दिर, दरबारको भग्नावशेष आदिको संरक्षण, व्यवस्थापन र सौन्दर्यीकरण गरी पर्यटन विकास गर्न आवश्यक अध्ययन-अनुसन्धान र अग्रसरताको अभाव ।
- पोखरा क्षेत्रमा ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरू भएर पनि नेपाल सरकार पुरातत्व विभागको यथोचित ध्यानाकर्षण नहुनाले त्यसको व्यवस्थापन गर्न नसिएको ।
- पोखरा उपत्यकामा रहेका तालहरूको जलाधार क्षेत्रका खेतीयोग्य जमिनमा रासायनिक मललगायत विषादीको प्रयोगका कारण जलचरहरू, मूलतः माछाका प्रजाति उच्च जोखिममा ।

## ३.४.४ पर्यटन प्रवर्द्धनका लागि ब्रान्डिङ र बजारीकरण

**सबल पक्ष र अवसरहरू**

- पोखराको पर्यटन व्यवसायसम्बद्ध संघसंस्था एवम् नेपाल सरकारका सम्बन्धित निकायहरूबाट समेत विगतमा पोखरालाई ब्रान्डिङ गर्ने प्रयास गरिएको ।
- विगतमा पोखरा पर्यटन परिषद्बाट *'पोखरा इज एन युनिक डेस्टिनेसन',* 'प्याराडाइज पोखरा', पश्चिमाञ्चल क्षेत्रीय होटल संघ पोखराद्वारा *'पोखरा पियोर एन्ड पर्फेक्ट'* जस्ता नाराबाट ब्रान्डिङको प्रयास गरिएको ।
- गण्डकी प्रदेश सरकार र नेपाल पर्यटन बोर्डबाट समग्र गण्डकी प्रदेशलाई *'ग्लोरिअर्स पोखरा'* बाट ब्रान्डिङको प्रयास भएको ।
- अन्नपूर्ण पदमार्गको प्रवेश तथा विश्राम स्थल भएकोले साहसिक पदयात्रीका लागि अन्तर्राष्ट्रिय पर्यटन बजारमा *'पोखरा फर एड्भेन्चर'* का रुपमा ब्रान्डिङ हुँदै आएको ।
- पोखरालाई पर्यटन ब्रान्डका रुपमा प्रस्तुत गर्न उपयुक्त प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटकीय सम्पदाहरू उपलब्ध रहेको ।
- विगतका संस्थागत प्रयास र उपलब्ध प्राकृतिक स्रोत-साधन तथा सरोकारवालाहरूको छलफलबाट पनि *प्याराडाइज्ड पोखरा*मार्फत् पर्यटनलाई ब्रान्डिङ गर्नु उपयुक्त देखिएको ।

**कमजोर पक्ष र चुनौतीहरू**

- पोखराको पर्यटन ब्रान्डका बारेमा आ-आफ्नो सोच भएकाले प्रवर्द्धनका लागि सबै व्यवसायी संस्थाहरूको सहमति एवम् ऐक्यवद्धताको अभाव ।
- पोखराको पर्यटन ब्रान्डलाई आत्मसाथ गरी प्रवर्द्धनात्मक सामग्रीहरूको निर्माण तथा प्रचारप्रसार गर्न नसकिएको अवस्था ।
- पोखरामा रहेका समग्र पर्यटकीय उपज तथा सम्पदाको बारेमा यथार्थ जानकारी एवम् उपलब्ध प्राचीन किंवदन्ती र यसको वस्तुस्थितिलाई झल्काउने गरी परिचयात्मक पुस्तिका, पर्चालगायतका प्रवर्द्धनात्मक सामग्री प्रकाशन हुन नसकेको ।
- पोखराको पर्यटन प्रवर्द्धनमा स्थानीय सरकार, नेपाल पर्यटन बोर्ड एवम् निजी क्षेत्रका उद्योग वाणिज्य, पर्यटन विकासमा संलग्न सामुदायिक तथा व्यवसायी संघसंस्थाहरूबीच प्रवर्द्धनात्मक कार्यक्रममा सहकार्यका लागि आवश्यक अग्रसरता अभाव ।

- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरूमार्फत् पोखराको पर्यटन ब्रान्ड तयार गरी प्रवर्द्धन गर्ने कम हुन नसकेको ।
- पर्यटक टुर गाइड तथा व्यवसायीको जानकारीका लागि पोखरामा रहेका पर्यटकीय आकर्षणबारे विस्तृत जानकारीमूलक उपजको विवरण पुस्तिका प्रकाशन हुन नसकेको ।
- पोखरामा पर्यटकीय आकर्षणका रुपमा रहेका ताल, नदी, खोँच, गुफा परिसरमा आवश्यक सरसफाइ, व्यवस्थापन र संरक्षण सम्बन्धी आवश्यक जनशक्ति, सामग्री तथा आधुनिक उपकरणको अभाव ।
- पोखरा उपत्यकामा रहेका तालकिनारा नजिकैका स्थानमा बस्ती विकाससँगै वातवरणीय प्रदूषण बढ्ने र फोहोरमैला व्यवस्थापनमा समस्या ।
- जलाधार क्षेत्रमा बिनायोजना वातवरणीय प्रभाव र परीक्षण नगरी सडक निर्माण तथा जमिन भत्काउने-सम्याउने कामबाट भूक्षय तथा भूस्खलनको समस्याबाट यहाँका मुख्य आकर्षण तालहरू पुरिने क्रम बढ्दै गएको अवस्था।
- फेवा, बेगनास, रुपालगायतका तालको जलाधार क्षेत्रमा स्थानीय व्यक्तिको जग्गा भएकोले जमिनको संरक्षणका लागि कृषि वन प्रणालीअनुरुप व्यवस्थापन हुन नसकेको ।

## ३.५ कोभिड प्रभाव पुनरुत्थानमा सरोकारवालाको भूमिका

**क) संघीय सरकारको अपेक्षित भूमिका**

१. नेपाल सरकारको मौद्रिक नीतिअनुसार अति प्रभावित उद्योग तथा पर्यटनका लागि पुनरकर्जातर्फको एक खर्ब र व्यवसाय सञ्चालनतर्फको ५० अर्बलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने ।
२. साना र मझौला व्यवसायीहरूको पुनरकर्जाको व्यवस्था र ऋण भुक्तानीको अवधिलाई पुनःतालिकीकरण गर्नुपर्ने ।
३. नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयसँग पदमार्ग सूचना तथा व्यवस्थापन केन्द्र कोषमा जम्मा रहेको २५ करोड रूपैयाँ पर्यटन व्यवसाय पुनरुत्थानमा उपयोग गर्न पहल गर्नुपर्ने ।
४. नेपाल एअरलाइन्सको प्रभावकारी व्यवस्थापन गरी नेपाल आगमनको सुविधा सरल र सहज बनाई सन् २०२१ सम्म निःशुल्क आगमन भिसाको व्यवस्था गर्नुपर्ने ।
५. पर्यटकहरू ७२ घण्टाभित्र पीसीआर परीक्षण गरी आएमा क्वारेन्टिनमा बस्नु नपर्ने व्यवस्था गर्नुपर्ने ।
६. नेपाल आउने पर्यटकहरूको बसाइ अवधि छिमेकी देशबाट आएमा आठ दिन र वाह्य देशबाट आएमा १२ दिन रहेकोले क्वारेन्टिनमा रहनुपर्ने अव्यावहारिक प्रावधान हटाउनुपर्ने ।
७. आन्तरिक पर्यटन प्रवर्द्धन गर्न कर छुट, हप्तामा दुई दिन शनिबार र आइतबार बिदा दिने व्यवस्था र विभिन्न क्षेत्रमा कार्यरत जनशक्तिलाई वार्षिक तलबी सुविधासहितको देश भ्रमण बिदा सहुलियत दिनुपर्छ ।

**ख) प्रदेश सरकारको अपेक्षित भूमिका**

१.कोभिड महामारीको अवस्थामा प्रकृतिमा आधारित पर्यटन गतिविधिमा जोड दिने गरी पदयात्रा, योग ध्यान, पारिवारिक भ्रमण, कृषि पर्यटन, जंगल पर्यटन आदिको प्रवर्द्धन गर्नुपर्ने ।
२. प्रदेशभित्र रहेका ग्रामीण पर्यटन केन्द्र, पदमार्गमा पर्ने गेस्टहाउस, लज, रेस्टुराँ खुलाउनका लागि आवश्यक पहल गर्नुका साथै पर्यटक जाने स्थानमा दृश्यवलोकन केन्द्र बढाउनुपर्ने ।
३. कोभिड-१९ सम्बन्धमा पालना गर्नुपर्ने हेल्थ प्रोटोकललाई व्यवस्थित ढंगमा लागू गर्नुका साथै पर्यटकहरू प्रवेश गर्ने नाकामा द्रुत पीसीआर सेवाको व्यवस्था गर्नुपर्ने ।
४. पर्यटन व्यवसायको नवीकरण गर्दा दण्ड-जरिवानाको व्यवस्थालाई हटाउनुका साथै हरियो प्लेट भएका पर्यटक सवारी साधनमा लाग्ने कर छुट वा न्यूनीकरण गर्नुपर्ने ।
५. पर्यटन पूर्वाधारका क्षेत्रमा लगानी वृद्धि गरी त्यसबाट पर्यटन क्षेत्रमा कार्यरत मजदुर जनशक्तिलाई वैकल्पिक रोजगारीको व्यवस्था गर्नुपर्ने ।

६. गण्डकी प्रदेशमा रहेका हिमचुचुराहरूको विस्तृत विवरण तयार पारी आरोही पर्यटकलाई आकर्षण गर्नुपर्ने।

७. पदयात्रा तथा पर्वतारोहणमा जाने पर्यटकहरूको आपत्कालीन उद्धारका लागि आवश्यक स्रोत सामग्रसहितको उचित प्रबन्ध गर्नुपर्ने । जस्तैःपदमार्गमा उद्धार सहायता केन्द्र, आवासकेन्द्र थप गर्ने, पोखरामा हेलिकप्टरको आधार केन्द्र बनाउनुपर्ने ।

८. पोखराबाट छोटो दूरिका एक दिने पदमार्गहरूको विकास गर्नुपर्ने, फेवातालको वरिपरि किनाराबाट पदमार्ग बनाउनुपर्ने र साइकल लेनमार्फत् सात काललाई जोड्नुपर्ने ।

९. मानव निर्मित पर्यटकीय आकर्षणहरू चिडियाखाना, वानस्पतिक उद्यान एवम् रमाइलो पार्क र ताल तथा नदीमा आधारित जलक्रिडा सम्बन्धी गतिविधि बढाउनुपर्ने ।

१०. प्रत्येक उच्च हिमाली पदमार्गमा स्वास्थ्य केन्द्र स्थापना गरी ँमाउन्टेन सिकनेसको जोखिमलाई न्यूनीकरण गर्ने ।

११. अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमणका लागि वहुप्रवेशको सुविधामा साथै प्रवेश शुल्कमा सहुलियत दिनुपर्ने ।

१२. पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई यथाशीघ्र सञ्चालनमा ल्याउन हवाई सेवा सहमतिका लागि आवश्यक पहल एवम् अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्यटकीय क्षेत्रसम्म सफा र फराकिला तथा आकर्षक सडक बनाउनुपर्ने ।

**ग) स्थानीय सरकारको अपेक्षित भूमिका**

१. पर्यटकहरूका लागि सुविधाजनक क्वारेन्टिन एवम् आइसोलेसनमा रहनका लागि उपयुक्त अस्पताल र होटलको व्यवस्था गर्नुपर्ने ।

२. पर्यटकहरूलाई कोभिड-१९ बीमा सुविधाको लागि प्रोत्साहन गर्न स्तरीय स्वास्थ्य सेवामा आवश्यक व्यवस्थासहित पर्यटन प्रवर्द्धन गर्नुपर्ने ।

३. कोभिड-१९ प्रभावबाट उद्योग-व्यवसायलाई बचाउने कोषको रकमबाट पर्यटन व्यवसायको पुनरुत्थान र कार्यरत पर्यटन जनशक्तिका लागि विशेष राहत प्याकेज व्यवस्था गर्नुपर्ने ।

४. घरबहाल कर सम्बन्धमा उपयुक्त नीति तय गरी घरभाडा दर घटाउनुका साथै प्रचलित व्यवसाय कर, सम्पत्ति कर आदिमा छुट दिनुपर्ने ।

५. पोखरालाई सुरक्षित पर्यटन क्षेत्रको घोषणा गरी, रत्नमन्दिर र हिमगृह परिसर पर्यटकहरूका लागि खुला गर्ने तथा पोखरा आसपासका क्षेत्रको समेत सौन्दर्यीकरणमा जोड दिनुपर्ने ।

६.प्याराग्लाइडिङ र अल्ट्रालाइटको नवीकरण शुल्कमा सहुलियत, प्याराग्लाइडिङ टेकअफ र ल्यान्डिङ शुल्कका साथै पर्यटक सवारी साधन र ट्याक्सीलाई लगाइएको पार्किङ शुल्क छुट दिनुपर्ने ।

७. सहरको सौन्दर्य र स्वच्छताका लागि हरियाली बढाउनुका साथै फोहरमैला एवम् ट्राफिक व्यवस्थापनका साथै निर्माणाधीन पर्यटक बसपार्कलाई यथाशीघ्र सम्पन्न गरी व्यवस्थित सञ्चालन गर्नुपर्ने ।

८. पोखरामा सुरक्षित सहरी बासस्थानको प्रबन्ध गर्दै दिगो पर्यटनका लागि आध्यात्मिक एवम् प्रांगारिक पर्यटनको मार्गचित्र बनाउनुपर्ने ।

९. महानगरबाट गरिने सेवा प्रवाह नागरिकमैत्री बनाउन पर्नुका साथै नतिजामुखी कार्य सम्पादनका लागि संस्थागत सुशासन र कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने ।

१०. पोखरामा अन्तर्राष्ट्रियस्तरको गल्फ, म्याराथन, फुटबल, क्रिकेट, डुंगा दौडका साथै पर्यटकीय इभेन्टका रुपमा पोखरा मेयर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साइक्लिङ कम्पिटिसनजस्ता पर्यटनमैत्री खेलको आयोजनामा जोड दिनुपर्ने ।

**घ) स्थानीय उद्यमी र पर्यटन व्यवसायीको भूमिका**

१. पर्यटकहरूका लागि सुविधाजनक क्वारेन्टिन एवम् आइसोलेसनमा रहनका लागि आधारभूत स्वास्थ्य सुविधासहितका होटल व्यवस्थापन गर्नुपर्ने ।

२. कोभिड-१९ संक्रमण प्रतिरोधक प्राकृतिक तथा अर्ग्यानिक खाद्य वस्तुको उपलब्धता एवम् ध्यान तथा योग र शारीरिक अभ्यास गर्ने स्थानको आवश्यक व्यवस्था गरी आन्तरिक र वाह्य पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने ।
३. कोभिड-१९ को प्रभावबाट हतास मनस्थितिमा रहेका पाहुनाको आत्मविश्वास जित्ने गरी भद्र तथा नम्र, स्वस्थ आचरण, भौतिक दूरिसहितको सम्मानजनक व्यवहार र वैयक्तिक स्वास्थ्य एवम् सरसफाइ सम्बन्धमा कार्यरत जनजक्तिलाई व्यावहारिक ज्ञान र तालिम दिनुपर्ने ।
४. कोभिड-१९ को सन्त्रासले मानसिक तनावमा रहेका पाहुना एव्म कार्यरत जनशक्तिलाई सम्बन्धित विज्ञमार्फत् आवश्यक मनोपरामर्श सेवा एवम् विरामी भइहालेको अवस्थामा द्रुत स्वास्थ्यसेवा उपलब्ध गराउनुपर्ने ।
५. पर्यटकीय सेवाहरूको सघन केन्द्र रहेको बैदाम क्षेत्रमा द्रुत पीसीआर परीक्षण तथा पर्यटक डेडिकेटेड एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने ।
६. नवसामान्य अवस्थामा पर्यटक सेवासुविधाका लागि प्रस्तावित पर्यटकीय क्रियाकलापहरूबारे जानकारी दिन फेसबुक, युट्युब, भाइबरजस्ता सामाजिक सञ्जाल प्रयोगमा जोड दिनुपर्ने ।
७. पोखरा क्षेत्रमा भएका पर्यटकीय गतिविधिका अवसर तथा नयाँ आकर्षण एवम् सम्पदाबारे नियमित जानकारी गराउने उद्देश्यका साथ पर्यटन व्यवसायी संघसंस्थाहरुबाट युट्युब च्यानल, वेबपेज, अनलाइन बुलेटिनमार्फत् प्रचारात्मक अभियानमा लाग्नुपर्ने ।
८. पोखरालाई खेल पर्यटन केन्द्रको रुपमा विकास गर्न भलिबल, ब्याडमिन्टन, लनटेनिस तथा टेबलटेनिसजस्ता इनडोर गेम र ध्यान तथा योग शिविर सञ्चालन गर्न सकिने हलहरू निर्माण गर्नुपर्ने ।
९. पोखरामा अन्तर्राष्ट्रियस्तरका स्कुल, कलेज, अनुसन्धान केन्द्र, सूचना प्रविधि केन्द्र, विशिष्टिकृत सेवा प्रदान गर्ने अस्पतालहरूको निर्माण गरी गुणात्मक शिक्षा तथा स्वास्थ्य सेवा लिने पर्यटकलाई आकर्षित गर्न निजी क्षेत्रको लगानी बढाउनुपर्ने ।

मूलतः उल्लिखित विश्लेषणका आधारमा प्रस्तुत रणनीतिक योजना तयार पारिएको छ । यस विश्लेषणमा प्रस्तुत अवसर, चुनौती र अपेक्षित भूमिकाहरूलाई रणनीतिक कार्यक्रममा समावेश गरी योजनाको कार्यान्वयन गर्दा सम्बोधन गरिने छ । सबल पक्षलाई अझ परिष्कृत र सुदृढ बनाउन तथा कमजोर पक्षलाई सुधार गरी सरोकारवालाहरूको अपेक्षित भूमिकामार्फत् सम्बोधन गर्न उद्देश्यअनुरुपका रणनीति तथा कार्यक्रमहरूको प्रस्ताव गरिएको छ ।

# परिच्छेद- ४
# रणनीतिक योजनाका लक्ष्य र उद्देश्यहरू

## ४.१ पृष्ठभूमि

नेपालको समग्र पर्यटन विकासमा दूरदृष्टि राख्ने हेतुले सन् २००८ मा जारी गरिएको *'टुरिज्म भिजन २०२०'* मा यहाँका प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानव निर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकास गर्ने परिकल्पना गरिएको छ । नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६(२०२५ ले समेत सोही दूरदृष्टिलाई साथ दिने गरी नेपालको पर्यटन विकास सम्बन्धी लक्ष्य, उद्देश्य र रणनीतिक कार्यक्रमहरु तय गरेको देखिन्छ । त्यसैगरी, गण्डकी प्रदेश नीति तथा योजना कार्यालयद्वारा तर्जुमा गरिएको प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७७ मा *'प्रदेश समृद्धिको आधार, पर्यटनको दिगो विकास'* लाई दीर्घकालीन सोचका रुपमा अघि सारिएको छ । पोखरा महानगरपालिकाद्वारा यही २०७७ सालमा तर्जुमा गरिएको 'पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७(०८२)' ले *पोखरा २१००* को दीर्घकालीन सोच समुन्नत पर्यटकीय पोखरा अवलम्बन गरेको छ ।

यिनै राष्ट्रिय तथा प्रादेशिक र पोखरा महानगरले आत्मसाथ गरेका दूरदृष्टिहरूलाई साथ दिने अपेक्षाका साथ तर्जुमा गरिएको यस पर्यटन प्रवर्द्धन तथा पुनरुत्थान रणनीतिक योजनाको लक्ष्य तथा उद्देश्यसहितका कार्यक्रमहरूबारे यहाँ उल्लेख गरिएको छ । यस रणनीनितक योजनाको लक्ष्य पोखरालाई सुरक्षित, आकर्षक एवम् उत्कृष्ट सेवासुविधासहितको दिगो पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने ।

## ४.२ योजनाका उद्देश्य एवम् रणनीतिहरू

**उद्देश्य : १. स्वदेशी तथा विदेशी पर्यटक आगमनमा वृद्धि गर्ने ।**

**रणनीति १.१ :** सडक तथा हवाई यातायातमा विस्तार, गुणात्मक, भरपर्दो र सुरक्षित बनाउने ।

**रणनीति १.२ :** पर्वतारोहण, पदयात्रा र जलयात्रालगायतका साहसिक गतिविधिका थप क्षेत्रको खोजी र प्रवर्द्धन गर्ने ।

**रणनीति १.३ :** अन्तर्राष्ट्रिय आगमन र प्रवेशाज्ञा सम्बन्धी नीतिगत सुधारका लागि पहल गर्ने ।

**उद्देश्य : २ : पर्यटकको पोखरा बसाइ अवधि लम्बाउने ।**

**रणनीति २.१ :** गुणस्तरीय एवम् विश्वासयोग्य खाना तथा आवासको प्रत्याभूति गर्ने ।

**रणनीति २.२ :** भरपर्दो स्वास्थ्य सेवा एवम् सुरक्षाको प्रत्याभूति गर्ने ।

**रणनीति २.३ :** पर्यटकीय उपज र सेवासुविधाको विस्तार एवम् विविधिकरण गर्ने ।

**रणनीति २.४ :** धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र सौन्दर्यकरण गर्ने ।

रणनीति २.५ : पर्यटन व्यवसायी तथा आतीथ्य सेवा सम्बन्धी जनशक्तिको क्षमता विकास गर्ने ।

**उद्देश्य : ३ : पर्यटकको दैनिक खर्चमा वृद्धि गराई स्थानीय अर्थतन्त्रमा पर्यटनको योगदान बढाउने ।**

रणनीति ३.१ पोखरालाई अन्तर्राष्ट्रियस्तरको व्यावसायिक, गोष्ठी-सभासम्मेलन र योगसाधना केन्द्रका रुपमा विकास गर्ने ।

रणनीति ३.२ : पोखरालाई सूचना प्रविधिको उत्कृष्ट अध्ययन-अनुसन्धान र व्यावसायिक केन्द्रको रुपमा विकास गर्ने ।

रणनीति ३.३ : पोखरालाई पर्वतारोहण र साहसिक खेलकुदको केन्द्रको रुपमा विकास गर्ने ।

रणनीति ३.४ : पोखरालाई अन्तर्राष्ट्रियस्तरको शिक्षा र स्वास्थ्यउपचार केन्द्रको रुपमा विकास गर्ने ।

**उद्देश्य ४ : पर्यटन प्रवर्द्धनका लागि पोखराको ब्रान्डिङ र बजारीकरण गर्ने ।**

रणनीति ४.१ : पोखरालाई मानसिक शान्ति र भौतिक सुखको उत्कृष्ट संगमको रुपमा ब्रान्डिङ गर्ने ।

रणनीति ४.२ : अन्तर्राष्ट्रिय पर्यटन बजारमा पोखराको ब्रान्डलाई प्रचारप्रसार गर्ने ।

रणनीति ४.३ : क्षेत्रीय र छिमेकी देशको पर्यटन बजारमा पोखराको ब्रान्डलाई प्रचारप्रसार गर्ने ।

रणनीति ४.४ : आन्तरिक र वाह्य बजारमा पोखरालाई आकर्षक गन्तव्यका रुपमा स्थापित गर्ने ।

## ४.४ रणनीतिक योजनाका निर्देशक सिद्धान्तहरू

पोखरा क्षेत्रको दिगो पर्यटन विकास एवम् व्यवस्थापनका लागि यस योजनाले निम्न अनुसारको रणनीतिक सोचलाई निर्देशक सिद्धान्तका रुपमा अंगिकार गरेको छ :

### ४.४.१. निजी क्षेत्रको सक्रिय सहभागितामा सामुदायिक एवम् सरकारी अग्रसरता

पोखरा महानगर क्षेत्रमा कोभिड-१९ को प्रभावबाट पर्यटनलाई पुनरुत्थान गर्ने रणनीतिक योजनालाई सरोकारवाला निकाय एवम् स्थानीय पर्यटन व्यवसायीहरूसँगको प्रत्यक्ष छलफल र अन्तर्क्रियाबाट प्राप्त जानकारीका आधारमा तयार पारिएको छ । यो रणनीतिक योजनाको मुख्य उद्देश्य कोभिड-१९ को प्रभावबाट पर्यटनलाई पुनरुत्थान गर्न आवश्यक कार्यक्रमको कार्यान्वयनमा सक्रिय सहभागिता जनाउनु हो । नेपालमा सरकारी क्षेत्रको अग्रसरता र निजी क्षेत्रको सहभागितामा पर्यटनको विकास तथा प्रवर्द्धन हुँदै आएको छ । यद्यपि, सोचेअनुरुप सामुदायिक सहभागितामा प्रत्यक्ष भलाइ र हित हुन सकेको छैन ।

वर्तमान अवस्थामा निजी तथा सामुदायिक संघसंस्थाहरूमार्फत् पोखरा उपत्यका र आसपासका ग्रामीण क्षेत्रमा समेत पर्यटन विकास गर्ने सन्दर्भमा स्थानीय समुदाय एवम् संस्थाहरूको चासो र भूमिका बढ्दै आएको छ । पोखरामा समग्र पर्यटनको विकास तथा व्यवस्थापनका लागि आवश्यक रणनीतिक योजना तर्जुमा गर्न स्थानीय सरोकारवाला संस्था, समुदाय एवम् सरकारी निकायको अग्रसरता र सक्रिय भूमिका आवश्यक छ ।

### ४.४.२. जैविक तथा सांस्कृतिक विविधताको संरक्षण एवम् व्यवस्थापन

पोखराको पर्यटन विकासका लागि विशेष गरी खुला तथा सार्वजनिक स्थानमा रहेका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूमाथिको अतिक्रमण एवम् प्रदूषण आमसमस्याको रुपमा रहेको छ । यसर्थ, पोखरा उपत्यकामा रहेका प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटकीय आकर्षण बढाउने कार्यक्रमलाई योजनामा बढी जोड दिइएको छ । पोखरा क्षेत्रका स्थानीय समुदाय एवम् बासिन्दाले उल्लिखित पर्यटकीय सम्पदालाई संरक्षण र व्यवस्थापन गर्न आफ्नो ऐक्यवद्धता, ज्ञान, सीप एवम् क्षमता प्रदर्शन गर्नु आवश्यक छ । सम्बद्ध पक्षमा देखिएको पर्यटन विकासप्रतिको जागरुकता एवम् सामुदायिक लाभ तथा भलाइको अवधारणालाई विधिसम्मत अगाडि बढाउँदै पर्यटनमैत्री पूर्वाधार निर्माण गरी सम्पदाहरूको संरक्षण एवम् सौन्दर्य बढाएर समग्र पर्यटन विकासमा जोड दिनु आवश्यक देखिन्छ । प्रस्तुत योजना महानगरपालिकाको पहलमा स्थानीय समुदाय र निजी तथा व्यावसायिक क्षेत्रकै सहभागितामा कार्यान्वयन गर्ने भएकाले पोखरा क्षेत्रका जैविक तथा सांस्कृतिक विविधताको संरक्षण एवम् व्यवस्थापनका लागि अनुकूल हुने गरी भौतिक संरचनाको निर्माण गर्न विशेष जोड दिइएको छ ।

### ४.४.३. एकीकृत एवम् दिगो पर्यटन विकास र प्रवर्द्धनको अवधारणा

कोभिड-१९ को नकारात्मक प्रभावबाट क्षतिग्रस्त पर्यटन व्यवसायलाई गति दिन एकीकृत दिगो एवम् समग्र पर्यटन विकासको अवधारणालाई यस रणनीतिक योजनाले आत्मसाथ गरेको छ । यस रणनीतिक योजनाका कार्यक्रमलाई कार्यान्वयन गर्न, वढावा दिन तथा प्रभावकारी ढंगले अघि बढाउन सबै सरोकारवालाको सक्रिय एवम् अर्थपूर्ण सहभागिता जरुरी छ । प्रस्तुत पर्यटन प्रवर्द्धन तथा ब्रान्डिङ एवम् बजारीकरण रणनीतिक योजनाले मुख्यतया स्थानीय सरकार महानगरपालिका, पर्यटनमा संलग्न सामुदायिक तथा व्यावसायिक संघसंस्था, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण र व्यवस्थापन समितिहरू, नागरिक समाज, गैरसरकारी संस्थाहरूबीच कार्यान्वयन पक्षमा सहकार्य एवम् साझेदारीको नीतिलाई अंगिकार गरिएको छ ।

एकीकृत पर्यटन विकासको अवधारणाअनुरुप पोखराको प्राकृतिक, धार्मिक तथा सांस्कृतिक र साहसिक गतिविधिलाई प्रवर्द्धन गर्नुका साथै अर्ग्यानिक कृषि उत्पादन, पशुपालन, माछा तथा कुखुरापालन र उपहारजन्य परम्परागत हस्तकलाका सामान उत्पादन गर्न घरेलु तथा लघु उद्यमशीलताको विकास र प्रवर्द्धनबाट स्थानीय समुदायको जीवनस्तर सुधार गर्न सहयोग पुर्‍याउनुपर्ने विषयलाई आत्मसाथ गरिएको छ । स्थानीय क्षेत्रमा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न स्थानीय सरकार र राज्यका सम्बन्धित निकायसमेतको सहयोगमा कार्यक्रम तय गर्नु आवश्यक छ । पर्यटकीय दृष्टिमा महत्व बोकेका पोखरा क्षेत्रका अन्य प्राकृतिक तथा धार्मिक सम्पदा एवम् आकर्षणका रुपमा रहेका स्थानीय समुदायको मौलिक लोकसंस्कृतिसमेतलाई समन्वय गरी एकीकृत पर्यटन विकासको अवधारणाअनुरुप योजना कार्यान्वयन गर्ने रणनीतिक सोच प्रस्तुत योजनाले बोकेको छ ।

### ४.४.४. गुणात्मक पर्यटन, क्षमता अभिवृद्धि एवम् जीवनस्तरमा सुधार

पोखरामा पर्यटन विकासका साथै बढ्दो जनघनत्वले वातवरणीय प्रदूषण र सुरक्षा संवेदनशीलतामा चुनौती थपेको छ । पोखराको आर्थिक तथा सामाजिक विकासका लागि महत्वपूर्ण क्षेत्र नै पर्यटन भएकाले यसको गुणात्मक विकासको पक्षमा ध्यान दिनु पनि उत्तिकै आवश्यक छ । पोखराको पर्यटनमा स्वेदशी तथा विदेशी पाहुनाको बराबरी उपस्थिति हुने हुँदा दुवैतर्फका बजारबाट प्रभावित रहने गर्छ । यसर्थ, अन्तर्राष्ट्रिय पर्यटन बजारबाट प्रतिस्पर्धात्मक रुपमा पर्यटक भित्राउन निजी तथा सरकारी क्षेत्रले स्तरीय सेवा प्रदान गर्नु आवश्यक छ । राजधानी काठमाडौंपछि व्यावसायिक सघनताका हिसाबमा दोस्रो महत्वपूर्ण पर्यटकीय बजार रहेको पोखरा महानगर क्षेत्र प्राकृतिक सम्पदाहरू ताल, गुफा, नदी, वनजंगल, सिमसारसमेतले भरिपूर्ण भएकोले गुणात्मक पर्यटनका लागि स्थानीय समुदाय, कार्यरत जनशक्ति र व्यवसायीहरूमा आवश्यक सचेतना र क्षमता विकास गर्नुपर्ने अवस्था छ ।

पोखराको वातवरणीय संरक्षण र पर्यटन विकासलाई स्थानीय कृषि उत्पादन प्रणालीसँग जोड्दै स्थानीय समुदायको आय आर्जन एवम् जीवनस्तर सुधारमा ध्यान दिनु आवश्यक छ । सैद्धान्तिक रुपमा दिगो विकास अवधारणाअनुरुप यस क्षेत्रका प्राकृतिक सम्पदाहरूको संरक्षण एवम् स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी पर्यटन विकास गर्ने सोच यस रणनीतिक योजनाले लिएको छ । यसर्थ, स्थानीय सम्पदाको संरक्षण र पर्यटन विकासको रणनीतिक कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय समुदायमा सचेतना तथा क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । स्वयम् समुदायका सदस्यलाई स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गरी प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा अग्रसर गराउनु जरुरी छ । महानगर आसपासका ग्रामीण क्षेत्रमा कृषि पर्यटन विकासमार्फत् स्थानीयको जीवनस्तरमा सुधार एवम् जीविकोपार्जनमा सघाउ पुऱ्याउने अपेक्षा प्रस्तुत योजनाको रहेको छ।

## ४.५ रणनीतिक कार्यक्रमहरूको प्राथमिकीकरण

प्रस्तुत पोखराको पर्यटन प्रवर्द्धन एवम् ब्रान्डिङ रणनीतिक योजनाको कार्यान्वयनका लागि पाँच उद्देश्य, २३ रणनीति र ७४ रणनीतिक कार्यक्रम प्रस्ताव गरिएका छन् । यो योजनाका उद्देश्यअनुरुपका रणनीतिक कार्यक्रमहरूलाई स्थानीय पर्यटन व्यवसायी र सरोकारवालाको सहमतिमा प्राथमिकीकरण गरिएको छ । प्राथमिकता क्रमलाई पहिलो, दोस्रो र तेस्रो गरी तोक्न प्रस्तुत रणनीतिक योजनामा १, २ र ३ अंकमार्फत् संकेत गरिएको छ । यद्यपि, योजना कार्यान्वयन एवम् अन्य सरोकारवालाहरूको समेत सहमतिमा पोखरा महानगरपालिकाले यसलाई आफ्नो अनुकूल क्रम निर्धारण गरी योजनाको कार्यान्वयन गर्न सक्नेछ ।

## ४.६ योजना कार्यान्वयनको प्रस्तावित बजेट

पर्यटन प्रवर्द्धन, ब्रान्डिङ एवम् बजारीकरण र नीतिगत सुधार, संस्थागत विकास तथा क्षमता अभिवृद्धि र पूर्वाधार व्यवस्थापनका लागि प्रस्तावित कार्यक्रम एवम् गतिविधि सञ्चालन गर्न प्रचलित बजार मूल्यका आधारमा बजेट प्रस्ताव गरिएको छ । समग्र पोखरा क्षेत्रको पर्यटन विकास तथा व्यवस्थापनका लागि वार्षिक, अल्पकालीन तथा दीर्घकालीन कार्यक्रममा गरी तीन वर्षमा रु. ११ करोड ६५ लाख रकम खर्च हुने अनुमानित बजेट प्रस्ताव गरिएको छ । प्रस्तावित कार्यक्रमलाई प्राथमिकताको आधारमा वार्षिक कार्ययोजनामा समावेश गरी कार्यान्वयन गरिने छ । तर पोखरा क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार निर्माणका सम्बन्धमा कुन आकार तथा स्तरको कस्तो संरचनागत डिजाइन अनुसार गर्ने हो त्यसका आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने छ । यसर्थ, भौतिक निर्माण कार्यसँग सम्बन्धित प्राविधिकसँगको परामर्शमा महानगर वा सम्बन्धित निकायले तत्कालीन समय, काल र परिस्थितिअनुरुप पूर्वाधार निर्माण कार्यको प्रस्तावित बजेट तयार गर्नुपर्ने छ ।

## ४.७ रणनीतिक कार्ययोजना २०७८–८२

### उद्देश्य १ : पोखरामा स्वदेशी तथा विदेशी पर्यटक आगमनमा वृद्धि गर्ने ।

**रणनीति १.१ : सडक तथा हवाई यातायातको विस्तार, गुणात्मक, भरपर्दो र सुरक्षित बनाउने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| १.१.१ पोखरादेखि काठमाडौं, चितवन, लुम्बिनी र बेनी जोमसोम सडकको स्तरोन्नति गर्ने । | संघीय एवम् प्रादेशिक भौतिक निर्माण मन्त्रालय, सडक डिभिजन कार्यालयहरू । | सडक पर्ने सम्बन्धित जिल्लाका जि.स.स. एवम् स्थानीय पालिकाहरू | | १ |
| १.१.२ पोखरा सहरभित्रका एवम् स्थानीय पालिका जोड्ने सडक नियमित मर्मत सम्भार गर्ने । | पोखरा महानगरपालिका, सडक डिभिजन कार्यालय । | जि.स.स. एवम् स्थानीय नगर तथा गाउँ पालिकाहरू | | १ |
| १.१.३ पोखरा विमानस्थललाई सबै मौसम र रात्रिसेवा प्रदान गर्ने गरी स्तरोन्नति गर्ने । | संघीय पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | जिल्ला प्रशासन कार्यालय, अध्यागमन कार्यालय, पोखरा महानगरपालिका र पर्यटन व्यवसायी संघसंस्थाहरू | | १ |
| १.१.४ पोखराबाट विराटनगर, जनकपुर, | संघीय पर्यटन तथा नागरिक उड्डयन | पोखरा महानगरपालिका, पर्यटन व्यवसायी | | |

| | | | | |
|---|---|---|---|---|
| नेपालगञ्ज र धनगढीसम्म हवाई सेवा विस्तार गर्ने । | मन्त्रालय र वायुसेवा कम्पनीहरू | र नेपाल नागरिक उड्डयन प्राधिकरण | | २ |
| १.१.५ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न गरी सञ्चालन प्रक्रियाका लागि आवश्यक पहल गर्ने । | नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी संघसंस्थाहरू र निजी वायुसेवा कम्पनीहरू | | १ |
| १.१.६ तत्कालका लागि पोखरा विमानस्थलबाट दिल्ली, लखनउ र पटनासम्मको उडान सञ्चालन गर्ने । | नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी संघसंस्थाहरू र निजी वायुसेवा कम्पनीहरू | | २ |

**रणनीति १.२ : पर्वतारोहण, पदयात्रा र जलयात्रालगायतका साहसिक गतिविधिका थप क्षेत्रको खोजी र प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| १.२.१ पोखरा उपत्यका आसपासमा रहेका सबै हाइकिङ तथा ग्रामीण पर्यटकीय केन्द्रहरू खुला गरी पर्यटक आवगमनलाई सहज बनाउने । | पोखरा महानगरपालिका, प्रादेशिक मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कास्की, टान पोखरा । | जिल्ला समन्वय समिति कास्की र सम्बन्धित स्थानीय पालिकाहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | १ |
| १.२.२ अन्नपूर्ण, धौलागिरि र मनास्लु हिमालका आधार क्षेत्रमा रहेका छोटा तथा लामा पदमार्गहरुको प्रवर्द्धन र नयाँको खोजी गरी प्रचार प्रसार गर्ने । | पोखरा महानगरपालिका, प्रादेशिक मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू, टान पोखरा । | सम्बन्धित जिल्ला समन्वय समितिहरू र स्थानीय पालिकाहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| १.२.३ कालीगण्डकी, मरस्याङ्गदी, सेती, मादी जस्ता नदिनालाहरुमा रहेका जलमार्गको संवर्द्धन गर्दै नयाँको विकास र प्रवर्द्धन गर्ने । | नेपाल पर्यटन बोर्ड, प्रादेशिक मन्त्रालय र टान पोखरा । | पोखरा महानगरपालिका, सम्बन्धित जिल्ला समन्वय समिति, स्थानीय पालिकाहरू र जिल्ला प्रशासन कार्यलयहरू । | २५ | १ |
| १.२.४ अन्नपूर्ण, धौलागिरि र मनास्लु हिमशृंखलामा रहेका ६५०० मिटरसम्मका हिमचुचुराहरूको आरोहण सम्भाव्यता अध्ययन गरी प्रवर्द्धन गर्ने । | नेपाल पर्वतारोहण संघ, नेपाल पर्यटन बोर्ड, प्रादेशिक मन्त्रालय । | पोखरा महानगरपालिका, सम्बन्धित जिल्ला समन्वय समिति, स्थानीय पालिकाहरू, जिल्ला प्रशासन कार्यलयहरू र टान पोखरा । | २५ | १ |
| १.२.५ पोखरा महानगरका १० तालहरुको संरक्षण र संवर्द्धन गरेर उपयुक्त स्थानमा कृतिम बिचलगायतका पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका र सम्वन्धीत प्रादेशिक मन्त्रालय । | जिल्ला समन्वय समिति कास्की र सम्बन्धित स्थानीय पालिका, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | **१** |

| | | | | |
|---|---|---|---|---|
| १.२.६ पोखरा महानगरका ९ ताल जोड्ने साइकल मार्गलाई एक पर्यटकीय उपजका रुपमा प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका र साइकल सिटी पोखरा । | जि.स.स. कास्की र सम्बन्धित स्थानीय पालिकाहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |

**रणनीति १.३ : पोखराबाट सहज अन्तर्राष्ट्रिय आवागमन र प्रवेशाज्ञा सम्बन्धी सेवा प्रवाह गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| १.३.१ छिमेकी राष्ट्र भारत र चिन लगायतका देशबाट सोझै पोखरा आवतजावतका लागि सहज अध्यागमन सुविधा प्रदान गर्ने । | संघीय परराष्ट्र एवम् गृह मन्त्रालय र प्रादेशिक कानुन तथा आन्तरिक मामिला मन्त्रालय । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड र पर्यटन व्यवसाय सम्बन्धित संघसंस्थाहरू । | | १ |
| १.३.२ वाह्य पर्यटकहरूका लागि आगामी एक वर्षसम्मका लागि फ्रि अराइभल भिसाको व्यवस्था गर्नुपर्ने । | संघीय परराष्ट्र एवम् गृह मन्त्रालय र प्रादेशिक कानुन तथा आन्तरिक मामिला मन्त्रालय । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड र पर्यटन व्यवसाय सम्बन्धित संघसंस्थाहरू । | | १ |
| १.३.३ एक वर्षका लागि पर्यटन पुनरुत्थान विशेष कार्यक्रम घोषणा गरी सहुलियतपूर्ण भ्रमण प्याकेज एवम् आकर्षण अफर गर्ने । | संघीय, प्रादेशिक सरकारहरू एवम् पोखरा महानगरपालिका । | नेपाल पर्यटन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण र पर्यटन व्यवसाय सम्बन्धित संघसंस्थाहरू | | २ |
| १.३.४ राष्ट्रिय ध्वजावाहकबाट हवाई सेवा र पर्यटकीयस्तरका होटलबाट खाना तथा आवास सहितका संयुक्त प्याकेज घोषणा गर्ने । | संघीय, प्रादेशिक सरकारहरू एवम् पोखरा महानगरपालिका । | नेपाल पर्यटन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल होटल संघ र पर्यटन व्यवसाय सम्बन्धित संघसंस्थाहरू । | | २ |
| १.३.५ आकर्षक र सहुलियतपूर्ण भ्रमण प्याकेजको विस्तार र प्रवर्द्धन गर्ने । | पश्चिमाञ्चल होटल संघ, पोखरा पर्यटन परिषद र स्थानीय पर्यटन व्यवसायी संस्थाहरू । | पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघहरू । | २० | १ |

## उद्देश्य : २ पर्यटकको पोखरा बसाइ अवधि लम्बाउने ।

**रणनीति २.१ गुणस्तरीय एवम् विश्वसनीय खाना तथा आवासको प्रत्याभूति गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| २.१.१ पोखराका पर्यटकीय होटल तथा रिसोर्टहरूमा अन्तर्राष्ट्रिय स्तरका सुरक्षा मापदण्ड तथा सेवाको गुणस्तर अनुसार वर्गीकरण र रेटिङ गरी मापदण्डको पूर्ण पालना गर्ने गराउने । | रेबान पोखरा, पश्चिमाञ्चल क्षेत्रीय होटल संघ, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड । | जिल्ला प्रशासन कार्यालय, पर्यटन व्यवसायी संघसंस्थाहरू । | १० | १ |
| २.१.२ पोखरामा पर्यटन प्रवर्द्धनलाई लक्षित गरी आयोजना गरिने स्ट्रिट फेस्टिभल, फेवा नववर्षलगायतका महोत्सवलाई थप व्यवस्थित र मर्यादित बनाउने । | रेबान पोखरा, पश्चिमाञ्चल क्षेत्रीय होटल संघ, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड । | जिल्ला प्रशासन कार्यालय, पर्यटन व्यवसायी संघसंस्थाहरू । | १० | १ |
| २.१.३ पोखरा उद्योग वाणिज्य संघ र लेखनाथ उद्योग वाणिज्य संघद्वारा आयोजना गर्दै आएको व्यापार तथा औद्योगिक मेलाका साथमा खाना तथा सांस्कृतिक महोत्सवका रुपमा प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, पोखरा उद्योग वाणिज्य एवम् लेखनाथ उद्योग वाणिज्य संघ । | नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग व्यवसाय तथा पर्यटन व्यवसायी संघसंस्थाहरू । | १० | १ |
| २.१.४ स्थानीय प्रांगारिक कृषि उत्पादनका रैथाने खानाको प्रवर्द्धन गर्ने र कृषिलाई पर्यटन उद्योगसँग जोडेर पर्यटन गतिविधिलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने । | पोखरा महानगरपालिका र होटल तथा रेस्टुराँलगायतका पर्यटन व्यवसायी संघसंस्थाहरू । | संघीय तथा प्रादेशिक पर्यटन र कृषि सेवा हेर्ने निकायहरू, छिमेकी पालिका र उद्योग वाणिज्य संघहरू । | २० | १ |

**रणनीति २.२ भरपर्दो स्वास्थ्य सेवा र सुरक्षाको प्रत्याभूति गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| २.२.१ पर्यटकीय सेवा प्रदायक स्थानमा राज्यले अवलम्बन गरेको स्वास्थ्य मापदण्ड पालना गर्ने । | पोखरा महानगरपालिका र पर्यटन व्यवसायी संघसंस्थाहरू । | जिल्ला प्रशासन कार्यालय, नेपाल पर्यटन बोर्ड । | | १ |

| | | | | |
|---|---|---|---|---|
| २.२.२ पर्यटकीय क्षेत्रहरूमा डेडिकेटेड स्वास्थ्य क्लिनिक र एम्बुलेन्स सेवा सुचारु गर्ने । | पोखरा महानगरपालिका र पर्यटन व्यवसायी संघसंस्थाहरू । | संघीय तथा प्रादेशिक स्वास्थ्य सेवा हेर्ने निकायहरू र नेपाल पर्यटन बोर्ड । | २५ | १ |
| २.२.३ होटलका आवासीय कोठामा शान्त एवम् सुरक्षित वातावरणको प्रत्याभूति गर्दै रात्रिकालिन पर्यटकीय सेवालाई मर्यादित र सुरक्षित बनाउने । | पोखरा महानगरपालिका र होटल तथा रेस्टुराँलगायतका पर्यटन व्यावसायी संघसंस्थाहरू । | जिल्ला प्रशासन कार्यालय, नेपाल पर्यटन बोर्ड र  थानीय टोल विकास संस्थाहरू | २० | १ |
| २.२.४ सहरी र व्यावसायिक क्षेत्रमा हुने कुनै पनि प्रकारका दुर्घटना र अपराधजन्य गतिविधि न्यूनीकरण गरी शान्तिसुरक्षाको प्रत्याभूति गर्न द्रुत उद्दार र प्रतिकार्य प्रणाली स्थापना गर्ने । | पोखरा महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, स्थानीय टोल विकास संस्थाहरु । | संघीय तथा प्रादेशिक पर्यटन र कृषी सेवा हेर्ने निकायहरू, होटल तथा रेस्टुराँलगायतका पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| २.२.५ पोखरा सहरभित्रका गल्लीहरूमा सडक बत्ती एवम् सीसी क्यामरा थप, मर्मत र व्यवस्थित गर्ने । | पोखरा महानगरपालिका र स्थानीय टोल सुधार समितिहरू । | नेपाल विद्युत् प्राधिकरण, पोखरा उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू । | १५ | १ |

**रणनीति २.३ पर्यटकीय उपज र सेवासुविधाको विस्तार एवम् विविधिकरण गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| २.३.१ पोखरामा नियमित रुपमा आयोजना हुँदै आएका विभिन्न खेलकुद प्रतियोगिता (जस्तैः म्यारथन, फुटबल, भलिबल, गल्फ, साइकल रेस)लाई क्यालेन्डर बनाएर थप व्यवस्थित र नियमित बनाउने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी संघसंस्थाहरू । | जिल्ला प्रशासन कार्यालय, संघीय तथा प्रदेश र जिल्ला स्तरीय खेलकुद विकास समितिहरू । | १० | १ |
| २.३.२ पोखरा आसपास क्षेत्रमा साहसिक खेलकुदका उपयुक्त स्थानको खोज, अन्वेषण एवम् प्रवर्द्धन गरी नियमित रुपमा अन्तराष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्ने । | पोखरा महानगरपालिका, टान पोखरा, नेपाल पर्वतारोहण संघ, गण्डकी च्याप्टर । | नेपाल पर्यटन बोर्ड, पोखरा एवम् लेखनाथ उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | २ |
| २.३.३ पोखरा उपत्यका आसपासका सेती तथा मादी नदी करिडोर हुँदै नयाँ पदमार्गहरूको विकास तथा प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, टान पोखरा, नेपाल पर्यटन बोर्ड । | जि.स.स. कास्की, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | १५ | १ |

| | | | | |
|---|---|---|---|---|
| २.३.४ पोखराबाट ताङतिङ दूधपोखरी हुँदै मनाङसम्म, पोखरादेखि काठमाडौं जाने पुरानो पदमार्ग र रारातालसम्मका लामा पदमार्गको विकासमा जोड दिने । | पोखरा महानगरपालिका, टान पोखरा, नेपाल पर्यटन बोर्ड । | संघीय तथा प्रादेशिक मन्त्रालयका पर्यटन हेर्ने निकायहरू, जि.स.स एवम् स्थानीय पालिकाहरू, पर्यटन व्यवसायी संस्थाहरू । | २५ | १ |
| २.३.५ पोखरा उपत्यका आसपास हुँदै जाने मध्यमहाडी क्षेत्रका पदमार्गहरू पञ्चासे, मिलेनियम पदमार्ग, गुरुङ हेरिटेज ट्रेलहरूको विकास तथा प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, टान पोखरा, नेपाल पर्यटन बोर्ड । | संघीय तथा प्रादेशिक मन्त्रालयका पर्यटन हेर्ने निकायहरू, जि.स.स एवम् स्थानीय पालिकाहरू, पर्यटन व्यवसायी संस्थाहरू । | २५ | १ |

**रणनीति २.४ धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र सौन्दर्यीकरण गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| २.४.१ पोखराभित्रका सबै मठमन्दिर, गुम्बा, संग्रहालयहरूलाई थप व्यवस्थित र आकर्षक बनाउने । | पोखरा महानगरपालिका, जिल्ला प्रशासन कार्यालय र स्थानीय सामुदायिक संस्थाहरू । | पोखरा उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू | ३५ | १ |
| २.४.२ पोखराभित्रका सबै गुफा तथा ताल किनारा एवम् दृश्यवलोकन स्थानहरूलाई थप व्यवस्थित एवम् सुरक्षित बनाएर नियमित खुला गर्ने । | पोखरा महानगरपालिका, जिल्ला प्रशासन कार्यालय र स्थानीय सामुदायिक संस्थाहरू । | पोखरा उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू | १० | १ |
| २.४.३ परम्परागत शैलीमा चलेका जात्रा, नाच, पर्व र सांस्कृतिक महोत्सव (जस्तैः लाखेनाच, गाईजात्रा, माघे संक्रान्ति, शिवरात्रि, बुद्ध पूर्णिमा आदि)को मौलिकता संरक्षण र थप व्यवस्थित गर्ने । | पोखरा महानगरपालिका, स्थानीय जातीय, धार्मिक, सांस्कृतिक तथा सामुदायिक संघसंस्थाहरू । | जिल्ला प्रशासन कार्यालय नेपाल पर्यटन बोर्ड, पोखरा उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू र स्थानीय खेलकुद विकास समितिहरू । | १० | १ |
| २.४.४ सबै नदीनाला र तालहरूको सिमांकन, किनारमा पैदल मार्ग, सम्भाव्यताका आधारमा हरियाली पेटी बनाई सौन्दर्यीकरण गर्ने । | पोखरा महानगरपालिका, राष्ट्रिय ताल विकास तथा व्यवस्थापन समिति र स्थानीय ताल संरक्षण समितिहरू । | जिल्ला प्रशासन कार्यालय, नेपाल पर्यटन बोर्ड, पोखरा उद्योग वाणिज्य संघ र पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| २.४.५ सबै ताल तथा जलाधार क्षेत्रमा कृषि वन, वनस्पति, जडिबुटी उत्पादन केन्द्र, हरित सडक र तटबन्ध निर्माण गर्ने । | पोखरा महानगरपालिका, राष्ट्रिय ताल विकास तथा व्यवस्थापन समिति र स्थानीय ताल संरक्षण समितिहरू । | जिल्ला प्रशासन कार्यालय, नेपाल पर्यटन बोर्ड, पोखरा उद्योग वाणिज्य संघ र पर्यटन व्यवसायी संघसंस्थाहरू | २५ | २ |
| २.४.५ महानगरभित्रका विभिन्न पार्क, सार्वजनिक स्थल तथा सामुदायिक वनलाई व्यवस्थित र सौन्दर्यीकरण गर्नुका साथै सडकमा दुवै किनारातर्फ | पोखरा महानगरपालिका, डिभिजन वन कार्यालय कास्की र स्थानीय सामुदायिक वन समितिहरू । | जिल्ला प्रशासन कार्यालय, नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघ र पर्यटन व्यवसायी संघसंस्थाहरू तथा स्थानीय | २५ | २ |

| | | | | |
|---|---|---|---|---|
| मौसमी फूल फुल्ने बोटबृक्ष लगाएर हरियाली एवम् वातावरणीय स्वच्छता कायम गर्ने । | | टोल विकास संस्थाहरू । | | |

**रणनीति २.५ पर्यटन व्यवसायी तथा आतीथ्य सेवा सम्बन्धी जनशक्तिको क्षमता विकास गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| २.५.१ महानगरभित्रका विभिन्न पर्यटकीय स्थानमा स्थानीय पर्यटन विकास तथा व्यवस्थापन समिति गठन र पर्यटन प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू, स्थानीय टोल विकास समितिहरू । | जिल्ला प्रशासन कार्यालय, डिभिजन वन, जिल्ला कृषि र पर्यटन कार्यलय, घरेलु तथा साना व्यवसाय विकास समिति । | ५ | १ |
| २.५.२ पर्यटनमा समुदायको सहभागिता बढाउन एवम् दिगो तथा उत्तरदायीपूर्ण पर्यटन प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | नेपाल पर्यटन बोर्ड, जि.स.स. एवम् स्थानीय पालिकाहरू । | ५ | १ |
| २.५.३ पर्यटनसँग सम्बन्धित आपूर्ति शृंखलालाई व्यवस्थित गर्न स्थानीय कृषि उत्पादन प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, जिल्ला कृषि कार्यालय । | पोखरा एवम् लेखनाथ उद्योग वाणिज्य संघ, स्थानीय होटल तथा रेस्टुराँ व्यवसायी संस्था । | १० | १ |
| २.५.४ पर्यटन सेवा प्रदायक व्यवसायका लागि न्यूनतम मापदण्ड र कार्यविधि तोकेर नियमित अभिमुखिकरण र पुनर्ताजगी तालिम दिने । | पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद् । | नेपाल पर्यटन बोर्ड, पोखरा एवम् लेखनाथ उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| २.५.५ पर्यटन उद्योगमा आवश्यक जनशक्ति विकासका लागि बजार मागमा आधारित प्राविधिक र व्यावसायिक कक्षा तथा तालिम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, गण्डकी बहुप्राविधिक शिक्षालय र पोखरा पर्यटन परिषद् । | नेपाल पर्यटन बोर्ड, पोखरा एवम् लेखनाथ उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| २.५.६ पर्यटन क्षेत्रमा अनौपचारिक रुपमा कार्यरत जनशक्तिसमेतका लागि आपत्कालीन राहत कोष स्थापना गरी सरल तरिकाबाट सापटी लिन पाउने व्यवस्था गर्ने । | पोखरा महानगरपालिका, संघ एवम् प्रदेश पर्यटन मन्त्रालयहरू, नेपाल पर्यटन बोर्ड । | पोखरा एवम् लेखनाथ उद्योग वाणिज्य संघ, पोखरा पर्यटन परिषद् र पर्यटन व्यवसायी संघसंस्थाहरू । | ५० | १ |

**उद्देश्य : ३ पर्यटकको दैनिक खर्चमा वृद्धि गराई स्थानीय अर्थतन्त्रमा पर्यटनको योगदान बढाउने ।**

**रणनीति ३.१ पोखरालाई अन्तर्राष्ट्रियस्तरको व्यावसायिक बैठक, सभासम्मेलन र योगसाधना केन्द्रको रुपमा विकास गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ३.१.१ प्रत्येक वर्ष प्रमुख अन्तर्राष्ट्रिय दिवस (जस्तैः सेप्टेम्बर २५ विश्व पर्यटन दिवस) का अवसरमा नियमित रुपमा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरूको क्यालेन्डर बनाएर नियमित आयोजना गर्ने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघहरू र पर्यटन व्यवसायी संघसंस्थाहरू । | जिल्ला प्रशासन कार्यालय, संघीय तथा प्रदेश र जिल्लास्तरीय खेलकुद विकास समितिहरू । | १० | १ |
| ३.१.२ पोखरालाई अन्तर्राष्ट्रियस्तरका व्यावसायिक बैठक तथा सम्झौता गर्ने उपयुक्त स्थानका रुपमा प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महाानगरपालिका, उद्योग वाणिज्य संघहरू, नेपाल पर्यटन बोर्ड । | संघीय तथा प्रादेशिक सरकारहरू एवम् स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | ५० | १ |
| ३.१.३ पोखरामा अन्तर्राष्ट्रियस्तरका सभासम्मेलन आयोजना गर्न अत्याधुनिक उपकरणसहितको स्तरीय सम्मेलन केन्द्र र आधारभूत पूर्वाधार विकास गर्ने । | पोखरा महानगरपालिका, गण्डकी प्रदेश, उद्योग वाणिज्य संघहरू । | संघीय तथा प्रादेशिक सरकारहरू एवम् स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | | १ |
| ३.१.४ मनोरम प्राकृतिक तथा हिमाली वातावरणमा अन्तर्राष्ट्रियस्तरका योगसाधना र ध्यान केन्द्रहरूको निर्माण एवम् प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू र स्थानीय धार्मिक तथा सास्कृतिक संघसंस्थाहरू । | संघीय तथा प्रादेशिक सरकारहरू एवम् स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | ५० | २ |

**रणनीति ३.२ पोखरालाई सूचना प्रविधिको उत्कृष्ट अध्ययन–अनुसन्धान र व्यावसायिक केन्द्रको रुपमा विकास गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ३.२.१ पोखरालाई सूचना प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान र व्यावसायिक केन्द्र (साइबर सिटी)का रुपमा विकास गर्न नीतिगत सुधार गर्ने । | पोखरा महानगरपालिका र संघीय एवम् प्रादेशिक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयहरू । | विश्वविद्यालय, निजी क्षेत्र जि.स.स. तथा अन्य छिमेकी पालिकाहरू । | ५ | १ |
| ३.२.२ पोखरा आसपासका क्षेत्रमा सूचना प्रविधि सम्बन्धी उद्योगलाई आकर्षण र प्रवर्द्धन गर्न आवश्यक आधुनिक | पोखरा महानगरपालिका र संघीय एवम् प्रादेशिक शिक्षा, विज्ञान तथा | विश्वविद्यालय, निजी क्षेत्र तथा जि.स.स. एवम् स्थानीय नगर तथा | | १ |

| | | | | |
|---|---|---|---|---|
| पुर्वाधार (जस्तैः आईटी पार्क) हरूको पर्याप्त विकास गर्ने । | प्रविधि मन्त्रालयहरू । | गाउँ पालिकाहरू । | | |
| ३.२.३ छिमेकी मुलुक भारत र चीनका सफल सूचना प्रविधि र वैज्ञानिक सहर (साइबर सिटी)सँग भगिनी सम्बन्ध स्थापना गरी अनुभव, सीप र प्रविधि आदानप्रदान गर्ने । | पोखरा महानगरपालिका र संघीय एवम् प्रादेशिक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयहरू । | नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघहरू, विश्वविद्यालय र पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| ३.२.४ पोखरा महानगर र आसपासका क्षेत्रमा सूचना प्रविधिमा आधारित नवउद्यम (स्टार्टअप)प्रवर्द्धनका लागि युवा लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका र संघीय एवम् प्रादेशिक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयहरू । | विश्वविद्यालय, निजी क्षेत्र तथा जि.स.स. एवम् स्थानीय नगर तथा गाउँपालिकाहरू र उद्योग वाणिज्य संघ संघसंस्थाहरू । | १० | २ |

**रणनीति ३.३ पोखरालाई पर्वतारोहण र साहसिक खेलकुदको केन्द्रको रुपमा विकास गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ३.३.१ पोखरालाई अन्तर्राष्ट्रियस्तरको पर्वतारोहण सम्बन्धी अध्ययन, अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने । | पोखरा महानगरपालिका, संघीय एवम् प्रादेशिक सरकारका पर्यटन मन्त्रालयहरू र नेपाल पर्वतारोहण संघ । | नेपाल पर्यटन बोर्ड तथा विश्वविद्यालयहरू र पर्यटन व्यवसायी संघसंस्थाहरू | २० | १ |
| ३.३.२ अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय र पोखरा नजिकका साना र सुरक्षित चुचुराहरूमा पर्वतारोहण र चट्टान आरोहण सम्बन्धी आधारभूत तालिम र प्रशिक्षण सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ गण्डकी च्याप्टर । | नेपाल पर्वतारोहण संघ, स्थानीय पालिका, टान पोखरा, पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| ३.३.३ महानगरका विभिन्न वडामा अध्ययनका आधारमा साहसिक खेलकुद (जस्तैः बन्जी, प्याराग्लाइडिङ, जिपफ्लायर, माउन्टेन बाइकिङ आदि) का प्रशिक्षण केन्द्रहरू स्थापना गर्ने । | पोखरा महानगरपालिका, संघीय एवम् प्रादेशिक सरकारका खेलकुद सम्बन्धी निकायहरू । | खेलकुद विकास समितिहरू, स्थानीय पालिका तथा विद्यालयहरू, पो.उ.वा.सं., पर्यटन व्यवसायी संघसंस्थाहरू । | ५० | २ |
| ३.३.४ पर्यटक केन्द्रित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदको नियमित अभ्यास र प्रतियोगिताहरू आयोजना गर्ने । | पोखरा महानगरपालिका, संघीय एवम् प्रादेशिक सरकारका खेलकुद सम्बन्धी निकायहरू । | खेलकुद विकास समितिहरू, स्थानीय पालिका तथा विद्यालयहरू, पो.उ.वा.सं., पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | २ |

| | | | | |
|---|---|---|---|---|
| २.३.५ प्याराग्लाइडिङ र अल्ट्रालाइट उडानलाई सुरक्षित तथा व्यवस्थित गर्दै अर्न्राष्ट्रियस्तरका प्रतियोगिताहरू नियमित आयोजना गर्ने । | पोखरा महानगरपालिका, नेपाल हवाई खेलकुद संघ । | नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रादेशिक मन्त्रालयका खेलकुद निकाय र स्थानीय पर्यटन व्यवसायी संस्थाहरू । | २० | १ |

**रणनीति ३.४ पोखरालाई अन्तर्राष्ट्रियस्तरको शिक्षा र स्वास्थ्यउपचार केन्द्रका रुपमा विकास गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ३.४.१ अध्ययन-अनुसन्धानमा आधारित प्राविधिक र प्राज्ञिक उच्च शिक्षा प्रदान गर्ने अन्तर्राष्ट्रियस्तरका विश्वविद्यालय, कलेज र विद्यालयहरू प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, संघीय एवम् प्रादेशिक सरकारहरू र विश्वविद्यालयरू । | जि.स.स. एवम् स्थानीय पालिकाहरू, उद्योग वाणिज्य संघहरू र शैक्षिक संघसंस्थाहरू । | | १ |
| ३.४.२ अन्तर्राष्ट्रिय बजार माग अनुरुप विज्ञान, इन्जिनियरिङ, स्वास्थ्य, वन वातावरण, व्यवस्थापन पर्यटन आदि विषयका अनुसन्धान तथा प्रशिक्षण केन्द्र प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, संघीय एवम् प्रादेशिक सरकारहरू र विश्वविद्यालयरू । | संघीय एवम् प्रादेशिक सरकार, जि.स.स. एवम् स्थानीय पालिकाहरू, पोखरा एवम् उद्योग वाणिज्य संघहरू । | ५० | १ |
| ३.४.३ नेपाली धर्म-संस्कृति, लोक साहित्य, मौलिक जातीय परम्परा एवम् कलाकारिताका विषयमा अध्ययन केन्द्रहरूको प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय सामुदायिक संघसंस्था तथा विश्वविद्यालयहरू । | संघीय एवम् प्रादेशिक सरकारका शिक्षा हेर्ने निकायहरू, जि.स.स. एवम् स्थानीय पालिकाहरू, उद्योग वाणिज्य संघहरू । | २० | २ |
| ३.४.४ स्थापित अन्तर्राष्ट्रिय मापदण्ड अनुसार मौजुदा अस्पतालहरूको क्षमता र सेवा विस्तार गर्ने । | प्रदेश सरकार, पोखरा महानगरपालिका, सामुदायिक तथा निजी अस्पतालहरू । | संघीय एवम् प्रादेशिक मन्त्रालयका स्वास्थ्य सेवा हेर्ने निकायहरू र उद्योग वाणिज्य संघहरू । | २० | १ |
| ३.४.५ उपयुक्त मापदण्ड र विशेषज्ञ सेवा सहितका अन्तर्राष्ट्रियस्तरका शिक्षण अस्पतालहरू प्रवर्द्धन गर्ने । | प्रदेश सरकार, पोखरा महानगरपालिका, सामुदायिक तथा निजी अस्पतालहरू । | संघीय एवम् प्रादेशिक मन्त्रालयका स्वास्थ्य सेवा हेर्ने निकायहरू, जिल्ला प्रशासन कार्यालय । | | १ |
| ३.२.६ परम्परागत प्राकृतिक तथा हिमाली उपचार पद्धतिहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, विश्वविद्यालय र उद्योग वाणिज्य संघहरू । | संघीय तथा प्रादेशिक सरकारहरू एवम् स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | २ |

## उद्देश्य : ४ पर्यटन प्रवर्द्धनका लागि पोखराको ब्रान्डिङ र बजारीकरण गर्ने ।

**रणनीति ४.१ पोखरालाई मानसिक शान्ति र भौतिक सुखको उत्कृष्ट संगमको रुपमा ब्रान्डिङ गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ४.१.१ सम्बद्ध पक्षहरूबीच आवश्यक छलफल एवम् सहमतिमा पोखराको पर्यटकीय ब्रान्ड, ग्रिन लेबल र नारा तय गर्ने । | पोखरा महानगरपालिका र सामुदायिक एवम् पर्यटन व्यवसायी संघसंस्थाहरू । | संघीय तथा प्रदेश सरकारका सम्बद्ध निकाय, नेपाल पर्यटन बोर्ड र नागरिक समाज । | ५ | १ |
| ४.१.२ पर्यटकीय ब्रान्ड अनुसार लोगो डिजाइन गरी सम्बन्धीत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायमा आधिकारिक रुपमा दर्ता गर्ने । | पोखरा महानगरपालिका र संघीय तथा प्रदेश सरकारका सम्बद्ध निकायहरू । | नेपाल पर्यटन बोर्ड, मिडिया हाउस, पर्यटन व्यवसायी संघसंस्थाहरू र नागरिक समाज । | २० | १ |
| ४.१.३ पोखराको पर्यटकीय ब्रान्डलाई आत्मसाथ र अपनत्व कायम गर्न सम्बद्ध सबैलाई प्रयोग गर्न-गराउन लगाउने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड र स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | संघीय तथा प्रदेश सरकारका सम्बद्ध निकाय, मिडिया हाउस र नागरिक समाज । | ५ | १ |

**रणनीति ४.२ अन्तर्राष्ट्रिय पर्यटन बजारमा पोखराको ब्रान्डलाई प्रवर्द्धन र प्रचारप्रसार गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ४.२.१ विदेशस्थित नेपाली राजदूतवासहरूद्वारा पोखराको पर्यटकीय ब्रान्डको प्रवर्द्धन गर्ने । | परराष्ट्र मन्त्रालय, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड । | नेपाल पर्वतारोहण संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू, पाटा नेपाल च्याप्टर । | २० | १ |
| ४.२.२ नेपालस्थित विदेशी कूटनीतिक नियोगसँग नियमित भेटघाट गरी ब्रान्ड प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, प्रिन्ट तथा इलेक्ट्रोनिक मिडिया हाउस । | नेपालस्थित विदेशी दूतावास एवम् नियोगहरू, पोखरास्थित पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | १ |
| ४.२.३ अन्तर्राष्ट्रियजगत्मा ख्यातिप्राप्त व्यक्ति वा सेलिब्रेटिमार्फत् पोखराको ब्रान्ड प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, प्रिन्ट तथा इलेक्ट्रोनिक्क मिडिया । | संघीय तथा प्रदेश सरकार, उद्योग वाणिज्य संघहरू र पर्यटन व्यवसायी संघसंस्थाहरू । | २ | १ |
| ४.२.४ पोखराको पर्यटन ब्रान्ड र लोगोयुक्त प्रवर्द्धनात्मक सामग्री उत्पादन र प्रचारप्रसार गर्ने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, नाटा पोखरा । | एअरलाइन्स एवम् विज्ञापन संस्थाहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | ३ | १ |

**रणनीति ४.३ अन्तर्राष्ट्रिय एवम् छिमेकी पर्यटन बजारमा पोखराको पर्यटन ब्रान्डलाई प्रचारप्रसार गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ४.३.१ पोखराको पर्यटन ब्रान्डका बारेमा छिमेक र अन्य देशस्थित नेपाली नियोगमार्फत् प्रवर्द्धन गर्ने । | संघीय एवम् प्रादेशिक सरकार र पोखरा महानगरपालिका । | नेपाल पर्यटन बोर्ड, पोखरा स्थित पर्यटन व्यवसायी संघसंस्थाहरू । | | १ |
| ४.३.२ क्षेत्रीय पर्यटन मार्ट एवम् फेयरहरूमा पोखराको पर्यटन ब्रान्डलाई प्रवर्द्धन गर्ने । | संघीय एवम् प्रादेशिक सरकार र पोखरा महानगरपालिका । | नेपाल पर्यटन बोर्ड पोखरास्थित पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| ४.३.३ पोखराको पर्यटन ब्रान्डको प्रवर्द्धन गर्न स्वदेशी तथा विदेशी व्यवसायी, ट्राभल एजेन्सी र पत्रकारहरूको भ्रमण आदानप्रदान गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू र नेपाल पर्यटन बोर्ड । | पोखरा पर्यटन परिषद् र अन्य स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ |
| ४.३.४ पोखराका पर्यटन व्यवसायीहरूले विदेशी समकक्षीहरूसँगको सहकार्यमा नियमित प्रवर्द्धनात्मक भ्रमण आदानप्रदान गर्ने । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, स्थानीय व्यवसायी संघसंस्थाहरू । | पोखरा उपत्यका आसपास रहेका ग्रामीण पर्यटन केन्द्र एवम् घरबास सञ्चालकहरू, होसान गण्डकी प्रदेश । | १५ | १ |

**रणनीति ४.४ आन्तरिक एवम् वाह्य बजारमा पोखरालाई आकर्षक गन्तव्यका रुपमा स्थापित गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता |
|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | |
| ४.४.१ वार्षिक धेरै पर्यटक भित्राउने र बढी आयकर तिर्ने पर्यटन व्यवसायी वा संस्थालाई प्रोत्साहन, कदर एवम् प्रशंसापत्र प्रदान गर्ने । | संघीय एवम् प्रादेशिक सरकार र पोखरा महानगरपालिका । | पोखरास्थित पर्यटन व्यवसायी संघसंस्थाहरू । | १० | १ |
| ४.४.२ विभिन्न मौसम र समय अनुकूल पर्यटकीय र भ्रमण प्याकेज तयार गरी प्रचारप्रसार गर्ने । | पोखरास्थित पर्यटन व्यवसायी संघसंस्थाहरू उद्योग वाणिज्य संघहरू । | संघीय एवम् प्रादेशिक सरकार र पोखरा महानगरपालिका । | ५ | २ |
| ४.४.३ तालमा आधारित फिसिङ, कुकिङ, डुंगा दौड, पौडीजस्ता प्रतियोगिता आयोजना गर्नुका साथै हनिमुन तथा भ्यालेन्टाइन दिवसमा विशेष प्याकेज सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय तालका बोट व्यवसाय समितिहरू, पोखरा पर्यटन परिषद् । | नेपाल पर्यटन बोर्ड, पोखरा एवम् लेखनाथ उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी संघसंस्थाहरू । | ५ | २ |
| ४.४.४ पोखरा आसपासका ग्रामीण पर्यटकीय क्षेत्रहरू (जस्तैः कास्कीकोट, काहुँकोट, पुम्दीकोट | पोखरा महानगरपालिका, टान पोखरा, स्थानीय सामुदायिक संघसंस्थाहरू । | जिल्ला प्रशासन कार्यालय पोखरा उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी | | |

| | | | | |
|---|---|---|---|---|
| आदि) मा पर्यटकीयस्तरका सेवासुविधा विस्तार गर्न स्थानीय समुदायको क्षमता विकासमा सहयोग गर्ने । | | संघसंस्थाहरू । | १५ | १ |

## ४.८ योजनामा प्रस्तावित पूर्वाधार विकास तथा व्यवस्थापनका कार्यक्रमहरू

- पोखरामा रहेका मन्दिर तथा गुम्बा परिसरमा बोटबृक्ष, फूल, बगैंचा, पानीपोखरी, ढुंगाको पर्खाल, प्रतीक्षालयजस्ता पूर्वाधार निर्माण गरी प्राकृतिक सौन्दर्यलाई बढावा दिने ।
- तालहरूको जलाधार क्षेत्र हुँदै बहने खोलाबाट तालमा आउने पानीको स्रोतमा स्वच्छता कायम राख्नको लागि जलाधार क्षेत्रका निजी तथा सार्वजनिक जग्गामा कृषि वन प्रणाली एवम् फलफूलका बिरुवा रोपण गरी उद्यानहरू बनाउनुपर्ने ।
- तालका जलाधार क्षेत्रका निजी जग्गाधनीलाई आयमूलक प्रांगारिक कृषि वन प्रणालीको अभ्यास गर्न आवश्यक प्राविधिक ज्ञान, तालिम तथा अनुदान प्रदान गर्ने ।
- पोखरा महानगरका विभिन्न वडामा रहेका सार्वजनिक एवम् सिमसार क्षेत्र तथा खोला-नदी किनारमा फूलहरूले सजिएको आकर्षक बगैंचा एवम् बृक्षरोपण गरी हरियाली नर्सरीको रुपमा विकास गर्ने ।
- पोखरा महानगरभित्र प्रवेश गर्ने पृथ्वी राजमार्गको कोत्रे र सिद्धार्थ राजमार्गको कुभिण्डे भञ्ज्याङमा पोखराको सौन्दर्यको झलक दिने गरी प्रवेशद्वार निर्माण गर्ने ।
- पोखराका मठमन्दिर गुम्बाहरूको संरक्षणका लागि परिसरको घेराबन्दी गर्ने, परम्परागत संस्कृति झल्काउने कलात्मक प्रवेशद्वार बनाउने, भजनकीर्तन, ध्यान, विश्रामस्थल, प्रतीक्षालय र पशुपंक्षी बलि दिने छुट्टै स्थानको निर्माण गरी फोहरमैला व्यवस्थित गर्ने ।
- विभिन्न धर्म, जनजाति, समुदायको मठमन्दिर वा धार्मिक आस्थाको केन्द्रलाई सोही समुदायको परम्परागत कला-संस्कृति झल्कने वस्तु निर्माण गरी थप आकर्षक बनाउने ।
- स्थानीय सामुदायिक संघसंस्थाहरूको आयस्रोत बढाउने तथा सम्बन्धित सम्पदाको वातावरणीय र पर्यटकीय दृष्टिले समेत मनमोहक बनाउने स्रोत संकलन गर्न, सबै धार्मिक तथा सांस्कृतिक सम्पदास्थलमा रेखदेख गर्ने सुरक्षा गार्डको प्रबन्ध गर्न न्यूनतम शुल्क लिने व्यवस्था गर्ने ।
- पोखरास्थित सबै तालको किनारा वा परिसरको वरिपरिबाट प्रस्तावित पैदल मार्ग बनाई त्यसमा ढुंगा छाप्नुका साथै विभिन्न स्थानमा आकर्षक डिजाइनको सेल्फीप्वाइन्ट, विश्राम वा प्रतीक्षालय निर्माण गर्ने ।
- वर्षात्को समयमा तालमा मिसिन आउने खोलाको भेलसँगै बगाएर ल्याउने गेग्रानलाई तालसम्म आइपुग्नु भन्दा अगाडि थेग्राउने गरी खोलामा छेकबाँध संरचना निर्माण गर्ने ।
- पोखरा उपत्यका वरिपरि रहेका ग्रामीण हिलस्टेसनसम्म हाइकिङ जाने पदमार्गहरूमा ढुंगा छाप्ने, पर्खाल लगाउने र व्यवस्थित गर्ने ।
- पोखरा क्षेत्रमा रहेका प्राकृतिक पहरा एवम् अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा चट्टान आरोहण प्रशिक्षण केन्द्रको स्थापना गर्न आवश्यक पूर्वाधार विकास गर्ने ।
- पोखरा उपत्यकामा रहेका प्रत्येक वडाका सार्वजनिक खाली स्थानहरूमा कम्तीमा एउटा/एउटा खेल मैदान, बाल उद्यान, वानस्पतिक उद्यान निर्माण गर्नुपर्ने ।

# परिच्छेद- ५
# कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

## ५.१ योजना तर्जुमा तथा कार्यान्वयन

पोखरा क्षेत्र पर्यटन पुनरुत्थान रणनीतिक योजनाले तत्काल एवम् आगामी तीनवर्षमा गरिने रणनीतिक कार्यक्रममार्फत् पर्यटनलाई चलायमान बनाउन योजना कार्यान्वयनको लागि स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू एवम् सम्बद्ध पक्षको सहभागितामूलक विधिलाई सुनिश्चित गरेको छ । कार्यक्रमको अपेक्षित सफलता प्राप्तिको लागि अन्य क्षेत्रबाट प्राप्त हुने सुझाव र पृष्ठपोषणलाई वार्षिक कार्ययोजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन चरणमा उपयोग गरिने छ । योजनाको कार्यान्वयन प्रक्रियामा पोखरा महानगरपालिका, जिल्ला समन्वय समिति, नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् एवम् त्यसमा आवद्ध पर्यटन व्ययसायी संघसंस्थाहरू, स्थानीय सामुदायिक एवम् गैरसरकारी संघसस्था र सम्बद्ध अन्य पक्षसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ। यो योजनाले निर्दिष्ट गरेका रणनीतिमा रहेर पोखरा महानगरले वार्षिक कार्ययोजनाका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्नेछ । पोखरा महानगरले सम्बन्धित पक्षहरूसँग समन्वय तथा संयोजन गरी कार्यक्रमको कार्यान्वयन प्रक्रियामा सम्पूर्ण सरोकारवालाको सहभागितालाई सुनिश्चित गर्नुपर्ने छ।

## ५.२ योजना कार्यान्वयनको अनुगमन र मूल्यांकन

यो रणनीतिक योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन तथा अनुगमन र मूल्यांकनको जिम्मेवारी पोखरा महानगरका उपप्रमुखको संयोजनमा रहेको योजना अनुगमन समितिमा निहित रहने छ । त्यसमा आवश्यकता अनुसार नेपाल पर्यटन बोर्ड, स्थानीय वाणिज्य संघ र पोखरा पर्यटन परिषद्का अध्यक्ष वा प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिने छ। योजना कार्यान्वयन अनुगमन समितिले पोखरा क्षेत्रमा पर्यटन पुनरुत्थान एवम् प्रवर्द्धन सम्बन्धी भएका गतिविधि र कार्यक्रमका बारेमा स्थलगत अवलोकन, स्थानीय समुदायका प्रनिनिधि एवम् सरोकारवालाहरूसँगको भेटघाट, छलफल र आपसी सम्बन्धलाई उपयोग गरी आवश्यक सूचना संकलन गर्नेछ । त्यसै गरी मूल्यांकनको माध्यमबाट चालु तथा सम्पन्न कार्यक्रमको स्वरुप, कार्यान्वयन र प्रगतिको बारेमा व्यवस्थित तथा उद्देश्यपूर्ण अध्ययन एवम् विश्लेषण गरिने छ । योजनाले निर्देश गरेका रणनीतिअनुरुपका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्दा पनि सहभागितामूलक पद्धतिलाई प्राथमिकता दिइनेछ । पर्यटनसँग सरोकार राख्ने स्थानीय सामुदायिक संस्था एवम् सम्बद्ध पक्षहरूको भूमिकाबारे सहभागितामूलक छलफल प्रक्रियाको माध्यमबाट भरपर्दो सूचना प्राप्त गर्न सकिने छ। यसका लागि पद्धतिसंगत प्रक्रिया कसरी अपनाउने अनि कसरी पर्याप्त मात्रामा जानकारी प्राप्त गर्ने भन्ने विषय महत्वपूर्ण हुनेछ।

## ५.३ अनुगमन तथा मूल्यांकन कार्य

यस पर्यटन पुनरुत्थान रणनीतिक योजनाको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्यांकनका लागि निम्नलिखित चारवटा कार्यलाई महत्वपूर्ण सिद्धान्तको रुपमा अवलम्बन गरिने छ :

क) सहभागिताः पर्यटनबाट प्रत्यक्ष रुपमा प्रभावित हुने व्यवसायी एवम् समुदायका सदस्यसँगै बसेर अनुगमन तथा मूल्यांकनको प्रक्रिया निर्धारण गरी उपलब्ध तथ्यहरूको विश्लेषण गरिने छ ।

ख) सहमतीकरण : के कुराको अनुगमन र मूल्यांकन गर्ने, कसरी र कहाँबाट तथ्य संकलन गर्ने, संकलित तथ्यांकले वास्तवमा के कुरा बताउँछ, पत्ता लागेका कुराहरू कसरी आदानप्रदान गर्ने, के के विषयमा सुधार गर्नुपर्ने हो त्यसमा सहमतिमा पुग्न सरोकारवालासँग संवाद तथा छलफल गरिने छ ।

ग) सिकाइ : यसले विगतमा पोखराको पर्यटन विकास र प्रवर्द्धन सम्बन्धी भएका महत्वपूर्ण कार्यक्रम तथा उपलब्धि  एवम् सुधारका विषयलाई आत्मसाथ गरी थप आत्मविश्वास र आधार प्रदान गर्नेछ ।

घ) लचकता : अनुगमन तथा मूल्यांकनका चरणमा प्राप्त तथ्यांक, सरोकारवालाको ज्ञान, सीप, भूमिका, दक्षता, बाह्य वातावरण आदिका आधारमा समेत परिवर्तन भइरहने हुनाले प्रक्रियामा आवश्यक लचकता अपनाइने छ ।

## ५.४ अनुगमन तथा मूल्यांकनका विधिहरू

यस पोखरा पर्यटन पुनरुत्थान योजनामा उल्लिखित रणनीतिक कार्यक्रमहरूको कार्यान्वयन भएको वा नभएको तथा कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्या तथा समाधानका उपायको सूक्ष्म अनुगमन गर्न एवम् कार्यक्रमले पारेको प्रभाव मूल्यांकन गरी आवश्यक सुझाव तथा पृष्ठपोषणको लागि नियमित प्रगति प्रतिवेदन तथा स्थलगत प्रतिवेदन अध्ययन गरिने छ भने कार्ययोजनाअनुरुप विभिन्न क्रियाकलाप सञ्चालनको अनुगमनका लागि निम्न विधि अवलम्बन गर्न सकिने छ :

क) सहभागितात्मक लेखाजोखा : सामाजिक नक्सांकन, जिम्मेवार व्यक्तिहरूसँग अन्तर्वार्ता, समूहगत छलफल, बैठक, स्थलगत अवलोकन र निरिक्षण ।

ख) नियमित प्रगति प्रतिवेदनको अध्ययन, स्थलगत प्रतिवेदनको अध्ययन, सार्वजनिक परीक्षण, संयुक्त अनुगमन।

ग) वास्तविक अवस्थाको प्रत्यक्ष अध्ययन-अवलोकन जस्तै : प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, भौतिक पूर्वाधारको निर्माण, वातवरणीय सरसफाइको अवस्था आदि ।

घ) समुदाय एमं् सरोकारवालाहरूसँग रणनीतिक कार्ययोजना सम्बन्धमा स्थिति विश्लेषण सामाजिक लेखापरीक्षणमार्फत् गरिने छ ।

## ५.५ अनुगमन तथा मूल्यांकन कार्यमा सरोकारवालाहरूको भूमिका

अनुगमन तथा मूल्यांकन समितिले वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनको अनुगमन तथा मूल्यांकन प्रतिवेदन पोखरा महानगरपालिकामा पेश गर्नेछ । प्रतिवेदन तयार गर्ने सन्दर्भमा समितिले स्थानीय सरोकारवालाहरूसँग कार्यक्रमको कार्यान्वयन पक्षको अनुगमन र सम्पादित कार्यको मूल्यांकन गर्नेछ । अनुगमन तथा मूल्यांकन कार्यको निम्ति विभिन्न निकायले आ-आफ्नो स्थानबाट निम्नानुसारको भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

### ५.५.१ पोखरा महानगरपालिका

महानगर प्रस्तुत योजना कार्यान्वयन गर्ने प्रमुख निकायको रुपमा रहने छ । महानगरपालिकाले प्रस्तुत योजना कार्यान्वयन तथा अनुगमन कार्यक्रमको संयोजनकारी भूमिका निर्वाह गर्नुका साथै स्थानीय पर्यटन व्यवसायी, निजी तथा सामुदायिक संघसंस्था एवम् संघीय तथा प्रादेशिक सरकारसँग सम्बन्धित विभिन्न सरोकारवालासँग आवश्यक सम्पर्क र समन्वय गरी कार्यक्रम कार्यान्वयनमा मुख्य भूमिका निर्वाह गर्नेछ । महानगरले स्थानीय आवश्यकताको विश्लेषण गरी महानगरका ग्रामीण पर्यटन केन्द्रहरूमा सञ्चालित घरबास कार्यक्रममा आवश्यक सचेतना तथा क्षमता अभिवृद्धि गर्न  नेपाल पर्यटन बोर्ड र कृषि, वन, घरेलु, पर्यटनलगायतका जिल्ला स्तरीय सरकारी कार्यालयसँग समन्वय गर्नेछ । पर्यटकीय सम्पदाको संरक्षण तथा व्यवस्थापन गरिरहेका समितिसँग आवश्यक समन्वय गरी रणनीतिक कार्यक्रमको कार्यान्वयनमा जोड दिनेछ । त्यसै गरी, नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् एवम् पर्यटन व्यवसायसँग सम्बन्धित संघसंस्थाहरूको परामर्श र समन्वयमा रणनीतिक कार्यक्रम कार्यान्वयन गर्नेछ । उल्लिखित सबै सरोकारवालाको समन्वय एवम् सहकार्यमा महानगरले वार्षिक कार्ययोजना तर्जुमादेखि बजेट निर्माण तथा स्रोतको खोजी एवम् परिचालनसम्मको कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नेछ ।

### ५.५.२ जिल्ला समन्वय समिति एवम् स्थानीय गाउँपालिका

प्रस्तुत रणनीतिक योजनाका कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका विषयमा जिल्ला समन्वय समिति एवम् स्थानीय गाउँपालिकाहरूको समेत महत्वपूर्ण भूमिका रहने छ । पोखराको साहसिक पर्यटनका आधारका रुपमा रहेका पदमार्गहरू, कतिपय ग्रामीण पर्यटन केन्द्र, पर्यटकीय सम्पदा स्थानीय जिल्ला तथा गाउँपालिकामा छन् । यसर्थ, यो योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित जिल्ला समन्वय समिति एवम् गाउँपालिकाहरूले समेत पर्यटकीय सम्पदाको विकास तथा व्यवस्थापन र प्रवर्द्धनमा सम्बन्धित स्थानीय समुदाय तथा सरोकारवालाहरूको सहभागितामा पहल गर्ने छन् । साथै, योजनाको अनुगमन तथा मूल्यांकन समितिलाई आफ्नो पालिकाभित्रका पर्यटकीय सम्पदाहरूको यथार्थ जानकारी गराउन एवम् आवश्यक रायसुझाव दिने र महानगरको वार्षिक कार्ययोजना निर्माण एवम् कार्यान्वयनका सन्दर्भमा सम्बन्धित गाउँपालिकासम्म विस्तार गर्नुपर्ने पर्यटन पूर्वाधारका कार्यक्रमका बारेमा आवश्यक अनुरोध गर्ने छन् ।

### ५.५.३  नेपाल पर्यटन बोर्ड, पोखरा

प्रस्तुत योजनाको पर्यटन प्रवर्द्धन एवम् क्षमता विकासका कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका विषयमा नेपाल पर्यटन बोर्ड, पोखराको विशेष भूमिका रहने छ । योजनाले आत्मसाथ गरेका तत्काल लागु गर्नुपर्ने पर्यटन पुनरुत्थान कार्यक्रम सञ्चालन गर्न पर्यटन बोर्ड एक आधिकारिक निकाय हो । बोर्डले प्रस्तुत व्यवस्थापन योजनाका कार्यक्रम कार्यान्वयन तथा अनुगमनलाई प्रभावकारी बनाउन कास्कीका महानगरपालिका, गाउँपालिकाहरू र सरोकारवाला निकायका जिल्ला कार्यालयहरूको समन्वयमा प्रस्तावित साहसिक एवम् ग्रामीण कृषि पर्यटन विकास तथा प्रवर्द्धनमा सहकार्य गर्नेछ । राज्यका सम्बन्धित निकाय एवम् स्थानीय तहहरूका बीच एकीकृत पर्यटन विकासका कार्यक्रमहरूको लागि समन्वय र सहकार्य गराउने, प्रस्तावित कार्यक्रमहरूको वार्षिक

रुपमा अनुगमन तथा मूल्यांकन समितिको कार्य सम्पादनमा सहयोग गर्नुका साथै समितिमार्फत् प्राप्त प्रतिवेदनको अध्ययन गरी आवश्यक पृष्ठपोषण दिने ।

### ५.५.४ पोखरा पर्यटन परिषद् एवम् पर्यटन व्यवसायी संघसंस्था

प्रस्तुत रणनीतिक योजनाको कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका विषयमा पोखरा पर्यटन परिषद्मा आवद्ध वा स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरूको समेत महत्वपूर्ण भूमिका रहने छ । पोखरा आउने पर्यटकको सेवासुविधामा प्रत्यक्ष सरोकार राख्ने पर्यटन व्यावसायी संघसंस्थाहरू प्रस्तुत रणनीतिक योजनाको हरेक गतिविधिमा जोडिएका छन् । पर्यटन क्षेत्रमा कार्यरत जनशक्तिको पर्यटकीय होटल, रेस्टुराँलगायतका साहसिक पर्यटनका आधारका रुपमा रहेका पदमार्गहरू, कतिपय ग्रामीण पर्यटन केन्द्र, पर्यटकीय सम्पदास्थलहरूसम्मका गतिविधिमा प्रत्यक्ष भूमिका रहन्छ । यसर्थ, यो योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित पर्यटन व्यवसाय संघसंस्थाहरूले समेत स्थानीय सरोकारवालाहरूको समन्वयमा पहल गर्ने छन् । साथै, योजनाको अनुगमन तथा मूल्यांकन समितिलाई आफ्नो संस्थाभित्रका पर्यटकीय गतिविधिहरूको यथार्थ जानकारी गराउन एवम् आवश्यक रायसुझाव दिने र महानगरको वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयनका सन्दर्भमा सम्बन्धित क्षेत्रबाट आवश्यक कार्यक्रमबारे अनुरोध गर्ने छन् ।

### ५.५.५ योजना कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति

समितिले यस रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयनको अनुगमन र मूल्यांकनको वार्षिक प्रतिवेदन महानगरपालिकामा पेश गर्नेछ । यो समितिको मुख्य काम प्रस्तुत कार्ययोजनाअनुसार कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्ने रहेको छ । महानगरपालिकाले सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्य वा समन्वयमा सञ्चालन गरेका पर्यटन पुनरुत्थान वा प्रवर्द्धनका कार्यक्रम कार्यान्वयन, गतिविधि एवम् कार्यप्रगति सम्बन्धमा आवश्यक अनुगमन तथा मूल्यांकन गर्नेछ । यसरी तयार पारिएको सुझावसहितको प्रतिवेदनमार्फत् महानगरलाई पर्यटन पुनरुत्थान एवम् प्रवर्द्धन सम्बन्धमा सजग तथा जिम्मेवार बनाउने कार्य गर्नेछ ।

## अनुसूची १ : कार्यशालामा समूहगत प्रस्तुतिबाट प्राप्त सुझाव र सम्भावित कार्यक्रम

- स्थानीय मौलिकता झल्कने आकर्षक हस्तकलाका सामान उत्पादनमा समुदायलाई परिचालन गरी 'मेड इन पोखरा'को ब्रान्डमा पर्यटकका लागि उपहार (मायाको चिनो) दिने परिपाटी बसाल्ने र कोसेली घरमार्फत् व्यवसायिक बिक्री वितरणको व्यवस्था गर्ने ।
- अन्तर्राष्ट्रिय पर्यटकलाई दिने खानाको सूची (मेनु)मा स्थानीय रैथाने खाद्य परिकार र अर्ग्यानिक वस्तु नियमित राख्ने व्यवस्था गर्ने ।
- क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका कारण प्याराग्लाइडिङ स्थल सराङकोटबाट बाग्लुङ, स्याङ्जा र तनहुँमा स्थानान्तरण गर्न प्रदेश सरकारले तयारी गरिरहेको अवस्थामा महानगरले पोखरा आसपासमा नै उपयुक्त स्थान पहिचान गरी प्याराग्लाइडिङ व्यवसाय जोगाउन पहल गर्ने ।
- पोखराका पर्यटकीय गन्तव्यहरूरुमा प्रवेश अनुममित तथा शुल्क संकलन एकीकृत अनलाइन प्रणालीमार्फत् हुने व्यवस्था मिलाई त्यस्ता पर्यटकीय गन्तव्य निजी क्षेत्रलाई ठेक्कामा दिने परिपाटी अन्त्य गर्ने ।
- खर्चालु पर्यटक लक्षित ब्रान्डेड सामान खरिदबिक्रीका लागि अन्तर्राष्ट्रिय स्तरका ठूला सपिङ मलहरूको प्रवर्द्धन गर्ने ।
- महानगरपालिकाले यथासक्य छिटो बाहिरी चक्रपथ र सोका लागि मुख्य बजारसम्म आवश्यक पहुँच ( कनेक्टिङ) मार्ग निर्माणका साथै नयाँ विमानस्थलबाट मुख्य बजार जोड्ने वैकल्पिक मार्गको व्यवस्था गरी बढ्दो ट्राफिक जाम व्यवस्थापन गर्ने ।
- साबिक लेखनाथको बेगनास ताल क्षेत्रमा विस्तारित हुँदै गएको पर्यटन व्यवसायलाई व्यवस्थित र थप प्रवर्द्धन गर्न त्यहाँका सम्पदा ताल आदिको संरक्षण र सौन्दर्यकरण गरी पोखरा जोड्ने यातायात सञ्जाल, रात्रिकालीन बजार र पार्किङ सुविधाको समुचित व्यवस्थापन गर्ने ।
- पर्यटकीय महत्वका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न स्थानीय सरकार, निजी क्षेत्र र समुदायबीच सार्थक सहकार्य गर्ने ।
- परम्परागत संस्कृति र मौलिकता बोकेका घुमाउने घर, कौशीघर, बार्दलीघर, ढिकीजाँतोलगायत लोपोन्मुख सम्पदा संरक्षण गर्दै पर्यटकीय आकर्षणका रुपमा विकास गर्ने ।
- गण्डकी प्रदेश र महानगरको सहकार्यमा पर्यटन विश्वविद्यालय सञ्चालन गरी पर्यटन उद्योगका लागि आवश्यक जनशक्तिको दीर्घकालीन व्यवस्थापन गर्ने ।
- पोखरा क्षेत्रमा पर्यटनको समावेशी र दिगो प्रवर्द्धनका लागि यससँग सम्बन्धित पूर्वाधार विकास, प्रवेश अनुमति, सेवा शुल्क, रोयल्टी बाँटफाँटजस्ता विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय गरी एकद्वार प्रणालीको व्यवस्था गर्न र अन्य कुराको सहजीकरण गर्न महानगरपालिकामा उपयुक्त संस्थागत संरचना (पर्यटन महाशाखा वा शाखा) स्थापना गर्ने ।
- पोखराको प्रकृतिक सुन्दरता र वातावरणमा प्रतिकूल असर (प्रदूषण) गर्ने उद्योगहरूलाई उपत्यका बाहिर उचित स्थानमा औद्योगिक क्षेत्र स्थापना गरी स्थानान्तरणको पहल गर्ने ।

- स्थानीय समुदाय र 'होम स्टे'को आतीथ्य सेवा प्रवाह र व्यवस्थापकीय क्षमता विकासका साथै स्थानीय उत्पादन (जस्तैः कोदोको रक्सी आदि) र रैथाने खानाको ब्रान्ड झल्कने गरी प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने ।
- तिब्बतबाट भारतीय तल्लो तटीय क्षेत्रमा जाने चराहरूको बथान कास्कीको अस्ट्रेलियन क्याम्प र ठूलाखर्क हुँदै पोखराको बाटो भएर जाने र केही समय यहाँको प्रकृतिमा रमाउने भएकाले त्यसका लागि उपयुक्त समय (मौसम) ख्याल गरेर खर्चालु र चरा अवलोकन (बर्ड वाचिङ टुरिजम)का शौखिन पर्यटक लक्षित भ्रमण प्याकेज तथा फेस्टिभल (बर्ड फेयर)हरू आयोजना गर्ने ।
- उद्योग-व्यवसाय सम्बन्धी आवश्यक प्रशासनिक कार्य गर्न कम्पनी रजिस्ट्रारको प्रादेशिक कार्यालय पोखरामा यथाशीघ्र खुलाउन र विदेशी मुद्रा कारोबार सम्बन्धी प्रावधान साना पर्यटन व्यवसायीलाई बोझ बनेकाले त्यसमा पुनरवलोकनका लागि महानगरले समन्वय र पहल गर्ने ।
- पर्यटकको संख्या र बसाइ लम्बाउने नयाँ पदमार्गको रुपमा पोखरा महानगरपालिको ठोस पहलमा 'तारा हिल टप' लाई प्रवर्द्धन गर्ने ।
- पर्यटकको पोखरा बसाइ लम्ब्याउन सेती खोँच (गर्ज) जस्ता स्थानलाई व्यवस्थित र सौन्दर्यकरण गरी उपयुक्त स्थानमा पैदल मार्ग र जल मार्ग (वाटर ट्रेल)विकासका साथै सहरका धार्मिक, सांस्कृतिक, मौलिक र पुरातात्विक सम्पदाहरूको अवलोकन केन्द्रित पर्यटन केन्द्र (प्वाइन्ट) निर्धारण गरी आकर्षक भ्रमण प्याकेज र 'सिटी टुर' गाइडको व्यवस्था गर्ने ।

## अनुसूची २ : पोखराको ब्रान्डिङका लागि कार्यशालामा सुझाइएका प्रस्तावित नारा

पोखराको पर्यटन प्रवर्द्धनसँगै यसको दीर्घकालीन ब्रान्डिङ र मार्केटिङका लागि पर्यटकको मुखमा झुण्डिने, मनमा रहने र मस्तिष्कमा झल्कने खालका स्थापित नारा (स्लोगन) तय गर्नु आवश्यक हुन्छ । त्यसका लागि प्रतियोगितात्मक कार्यक्रम आयोजना गरी नाराहरू संकलन गर्न सकिन्छ । उत्कृष्ट नारा चयन गर्न सकिने धारणासहित कार्यशालाका सहभागीहरूबाट आउन सक्ने नाराहरू यहाँ प्रस्तुत गरिएका छन् :

- पोखरा इज अ युनिक डेस्टिनेसन !
- पोखरा : पिस, प्योर एन्ड पर्फेक्ट !
- प्याराडाइज पोखरा !
- इन्जोय नेचर, कल्चर एन्ड एड्भेन्चर इन पोखरा !
- ह्याप्पी, हेल्दी, जोयफुल एन्ड डाइभर्स पोखरा !
- पोखरा इज हनिमुन डेस्टिनेसन !
- पोखरा इज अल्टिमेट डेस्टिनेसन !
- डाइभर्सिफाइड पोखरा !
- जिरो इमिसन पोखरा !
- पोखरा फर 'पिस, एड्भेन्चर एन्ड ट्रान्क्विलिटी' !

## अनुसूची ३ : रणनीतिक योजना तर्जुमाको चरणमा संपादीत कार्य

| क्र.सं. | विवरण | मिति | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन र पुनरुत्थान रणनीतिक योजना तर्जुमाको सम्बन्धमा प्रारम्भिक छलफल । | २०२०।१०।१२ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा गर्ने सम्बन्धमा सहमति | शहरी योजना आयोगको संयोजन एवम् अग्रसरतामा |
| २ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमाको लागि कार्यशालामूलक छलफल कार्यक्रम । | २०२०।१०।१५ | रणनीतिक योजना तर्जुमाको लागि सरोकारवाला पक्षहरूबीच कार्यशालामूलक छलफल एवम् प्रस्तुति र पृष्ठपोषण। | पोखरा महानगरपालिका र पोखरा पर्यटन परिषद्को संयुक्त आयोजनामा |
| ३. | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन र पुनरुत्थान रणनीतिक योजना कार्यशालाको प्रारम्भिक मस्यौदा प्रतिवेदनउपर छलफल । | २०२०।१०।२४ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना कार्यशालाको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा पृष्ठपोषण । | शहरी योजना आयोग, सुदृढ परियोजना एवम् परामर्शदाताका बीचमा |
| ४. | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा नेपाल पर्यटन बोर्डसम्बद्ध पक्षसँग छलफल कार्यक्रम । | २०२०।११।८ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान सम्बन्धी आवश्यक नीतिगत व्यवस्था र व्यवसायको अवस्थाका बारेमा छलफल कार्यक्रम । | नेपाल पर्यटन बोर्ड पोखराको प्रमुख र पूर्वबोर्ड सदस्यहरूसँग छलफल । |
| ५ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा टानसम्बद्ध पक्षसँग छलफल कार्यक्रम । | २०२०।११।१२ | पोखरा क्षेत्रमा पदयात्रा पर्यटन प्रवर्द्धन एवम् पुनरुत्थान सम्बन्धी योजनाले सम्बोधन गर्नुपर्ने विषयमा छलफल कार्यक्रम । | टान पोखराको कार्यालयमा संस्थाका कार्यसमितिसदस्यसँग छलफल । |
| ६. | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा सम्बद्ध पक्षसँग छलफल कार्यक्रम । | २०२०।११।२७ | पोखरा क्षेत्रमा पदयात्रा पर्यटन प्रवर्द्धन एवम् पुनरुत्थान सम्बन्धी योजनाले सम्बोधन गर्नुपर्ने विषयमा छलफल कार्यक्रम । | टान पोखराको सभाहलमा पदयात्रा पथप्रदर्शकहरूसँग छलफल । |
| ७. | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा एनएमए, टेवान, टेसालगायतका सम्बद्ध पक्षसँग छलफल | २०२०।१२।३ | पोखरा क्षेत्रमा पर्वतीय पर्यटन, ग्रामीण एवम् पदयात्रा पर्यटन र महिला पर्यटन उद्यमीहरूसँग योजनाले सम्बोधन गर्नुपर्ने विषयमा छलफल कार्यक्रम । | पो.प.प.को सभाकक्षमा एनएमए, भिटोफ, टेसा, इगा, टेवान र ओटेफका प्रतिनिधिसँग छलफल। |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम । | | | |
| ८. | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा नाटासम्बद्ध पक्षसँग छलफल कार्यक्रम । | २०२०।१२।९ | पोखरा क्षेत्रमा यातयात प्रबन्ध, पर्यटक सवारी साधन, ट्राभल्स उद्यमीहरूसँग योजनाले सम्बोधन गर्नुपर्ने विषयमा छलफल कार्यक्रम । | नाटा पोखरा र पर्यटक सवारी सञ्चालक प्रतिनिधिसँग नाटाको सभाकक्षमा छलफल। |
| ९. | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा सम्बद्ध पक्षसँग अन्तर्क्रिया कार्यक्रम । | २०२०।१२।१२ | पोखरामा पर्यटकीय होटल एवं रेष्टुराँ व्यवसायसँग सम्बन्धित उद्यमीहरूसँग योजनाले सम्बोधन गर्नुपर्ने विषयमा छलफल कार्यक्रम। | प.क्षे.हो.संघ र रेबान पोखराका प्रतिनिधिहरूबीच होटल संघको सभाकक्षमा छलफल। |
| १० | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा सम्बद्ध पक्षसँग अन्तर्क्रियात्मक छलफल कार्यक्रम । | २०२०।१२।२१ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान सम्बन्धी आवश्यक नीतिगत व्यवस्था र व्यवसायको अवस्थाका बारेमा छलफल कार्यक्रम । | पोखरा पर्यटन परिषद्को सभाकक्षमा परिषद्का पदाधिकारीसँग छलफल । |
| ११ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजना तर्जुमा सम्बन्धमा सम्बद्ध पक्षसँग अन्तर्क्रियात्मक छलफल कार्यक्रम । | २०२१।१२।२८ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान सम्बन्धी आवश्यक नीतिगत व्यवस्था र व्यवसायको अवस्थाबारे छलफल कार्यक्रम । | पोखरा उद्योग वाणिज्य संघको सभाकक्षमा पदाधिकारीसँग छलफल। |
| १२ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदनउपर छलफल । | २०२१।१।२७ | पोखरा क्षेत्रमा पर्यटन ब्रान्डिङ, प्रवर्द्धन एवम् पुनरुत्थान रणनीतिक योजनाको कार्यक्रममाथि छलफल र पृष्ठपोषण । | शहर योजना आयोग, सुदृढ परियोजना एवम् परामर्शदाताबीच छलफल । |